# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वको प्राचीनतम सभ्यता भएको देशहरु मध्ये नेपाल एक हो । यस देशको भौगोलिक स्वरुप कहिले संगठित अवस्थामा विशाल रुपमा र कहिले विखण्डित अवस्थामा थुम्का थुम्कीका रुपमा रहेता पनि यहां कहिल्यै विदेशी प्रभुत्व कायम रहेन । नेपालको सभ्यता र संस्कृति प्राचीन कालदेखि नै अनुकरणीय छ र आफनो पृथक अस्तित्व कायम राख्न सफल भएको छ । यस देशलाई सत्ययुगमा सत्यवती ,त्रेतायुगमा तपोवन, द्धापरयुगमा मुक्तिसोपान,र कलियुगमा नेपाल भनिने कुरा हाम्रा पौराणिक ग्रन्थहरुमा उल्लेख छ । नेपाल शव्दको उत्पत्ति कसरी भयो भन्ने सम्वन्धमा विभिन्न ग्रन्थहरुमा विभिन्न विचारहरु पाइन्छन् । किंराती भाषामा **ने** को अर्थ मध्य र **पाल** को अर्थ उन हो । यहाँ प्रशस्त ऊन हुने भएकोले नेपाल भनियो । नेवारहरु नेपाललाई नेपा मात्रै भन्थे, पछि नेपाल हुन गएको भनिन्छ । नेपाल महात्यका अनुसार ने नामको ऋषिले यहाँको जनताको लालनपालन गरेकोले नेपाल हुन गएको भन्ने भनाइ छ । संस्कृतमा **निपु** पहाडको काख र **आलय** ठाउँ हुन्थ्यो । ती दुवै शव्द जोडिएकर नेपाल हुन गएको हो भन्ने भनाई पनि रहेको छ । (भट्टराई : २०५८)

विभिन्न धर्मग्रन्थ तथा इतिहासका अनुसार करिब १३ करोड बर्ष अगाडि बनेका पर्वत श्रंखलाहरु र उपत्यकाहरुमा धेरै पछि आएर प्राणी विशेषको आकर्षणका रुपमा बढदै गएको बुझिन्छ । पश्चिम नेपालको बुटवल क्षेत्रमा पाइएको मानव अवशेषले एक करोड वर्षभन्दा अगाडिदेखि नेपालमा बसोबास भएको स्पष्ट भएको हुन्छ । विभिन्न समयमा प्राप्त पाषण युगका अनेक हतियारहरुबाट पनि नेपालमा यत्रतत्र प्राग ऐतिहासिक मानिसको बसोबास रहेको स्पष्ट भएको छ । नेपाल उपत्यकाको उत्पत्तिको इतिहास बारे स्पष्ट पार्न सकिएको छैन । वंशावली तथा पुराणहरुले नेपाल उपत्यकाको उत्पत्तिबारे विभिन्न प्रकारको वर्णन गरेका छन् । स्रोतहरुका अनुसार काठमाण्डौं उपत्यका (जसलाई नेपाल उपत्यका पनि भनिन्छ ) मा जङ्गल र दह रहेको थियो जसलाई नागदह भनिन्थ्यो ।

नेपाल उपत्यकामा आउने प्रथम महात्मा विपस्वी बुद्ध हुन । उनी सत्ययुगमा बन्धुमती नगरबाट नेपालको सभ्यताबारे थाहा पाई यहां आएका थिए (भट्टराई : २०५८ पूर्ववत् ) ।

नेपाल एक वहुजातीय, वहुभाषिक, वहुधार्मिक र वहुसास्कृतिक राष्ट्र हो । यहाँको कूल जनसंख्या २६४९४५०४ छ भने यहाँ १२३ भाषा भाषी, १२६ जातजाति र १० प्रकारका धर्महरु  मान्ने मानिसहरुको वसोवास छ (के.त.बि. २०११) । यिनीहरुको छुट्टै भाषा, संस्कृति, रीतिरिवाज, परम्पराहरु छन् । वौद्ध, इसाई , क्रिश्चियन, जैन प्रकृति, वन, बहाई र सिक्खिजम जस्ता धर्महरु सहित हिन्दूधर्मको बाहुल्यता भएको नेपाललाई बहुधार्मिक राष्ट्र पनि भन्ने गरिएको छ । यहाँको समाज भने हिन्दू धार्मिक संस्कार अनुसार नै बढी परिचालित रहेको छ । यहाँ पूर्वदेखि पश्चिम महाकालीसम्म तथा हिमालदेखि तराईसम्म वसोवास गरेका सवै जातजातिहरु सिंगो नेपाली संस्कृतिको अभिन्न अंगको रुपमा रहेका छन् । जहां वाहुन,क्षेत्री, राई, लिम्वू, नेपाली, अधिराज्यभरी रहेका छन् । यिनीहरुको आ–आफ्नै भाषा, भेषभुषा र संस्कृति छन् । जसले नेपालीहरुको पहिचान राख्न मदत गरेको हामी पाउछौं । अनि हामी गर्व गर्दछौं की हाम्रो देश नेपाल अनेकतामा एकताको उदाहरण बनेको छ ।

### १.१.२ दलित वर्गको परिचय

सदियौंदेखि शारीरिक श्रमका लागि शुद्रहरुलाई कज्याउने परिपाटीले आफू पुगेको ठाउँमा शुद्रहरुलाई लैजाने गरेकोले होला नेपाल भरी जहाँ जहाँ ब्राहमण क्षेत्रीहरु पुगेका छन् त्यहाँ सानो संख्यामा भएपनि त्यतिकै छरिएर रहेका जातिहरु यिनै शुद्रहरु हुन  (विष्ट :२०५२) ।

दलित तिनीहरु हुन जो अशिक्षित ,घृणित, मानिसको न्यूनतम मानवीय अधिकारवाट वञ्चित गरिएको हिन्दू जातीय पद्धतिको तथा गलत प्रवृत्तिबाट पिडित भएका छन् । तिनीहरुलाई जीवनको हरेक पाइलामा हिड्दा विभेद गरिएको छ  र पशुजन्य जीवन विताएका छन् । धेरैजसो अछुत, हरिजन तल्लो वर्गका जाति भनेर चिनिने जो आजसम्म पनि विभिन्न तरिकावाट शिकार भएका छन् । तिनीहरुले जुत्ता सिउने, भाडाकुंडा वनाउने, छालाको काम गर्ने, कपडा सिउने काम गर्दछन ।

यो अध्ययन पहाडी समुदायका दलितहरु मुख्य गरेर विश्वकर्मा ,परियार र नेपालीहरुमा  सीमिति रहेको छ । नेपालको पहाडी भेगमा पूर्व मेचीदेखि पश्चिम महाकाली

सम्म यिनीहरुको वसोवास भएको पाइन्छ । यी जातिलाई परम्परागत रुपमा अछुत मानिएको हो । यसरी अछुत मानिएपनि यी जाति वाहेकका अन्य धेरै जातिहरु पनि अपहेलित रुपमा ठूला जातले दमन गरेको अवस्था विद्यमान छ ।

संसारमा सवै मानिसहरु समान छन् । मानिसलाई जाती, धर्म, भाषा, लिंग, राजनीतिक विचारधारा, जन्मिएको देश, समाज, सम्पत्ति वा अन्य कुनै कुराको आधारमा भेदभाव गर्नु हुदैन (सेरिड :२०५६) ।

## १.१.३ दलित बर्ग र शिक्षाको अवस्था

नेपालको साक्षरता दर (५ वर्ष भन्दा माथिका लाई हेर्दा २००१ मा ५४.१ प्रतिशत थियो भने २०११ मा आएर ६५.९ प्रतिशत पुगेको छ (के.त.वि. २०११) । तर नेपालमा उपल्ला जात भनाउदा तागाधारीहरुले ज्ञान र शिक्षा माथि एकाधिकार बनाएर शताव्दीऔं सम्म संस्कृत शिक्षावाट बञ्चित गराएर दोस्रो दर्जाको नागरिक सृजना गरी वर्गीय रुपमा दलितहरुलाई पाखा लाग्ने कामको थालनी भयो । (घिमिरे :२०६४) दलितहरु अझै धेरै अशिक्षित छन् । शिक्षाले मान्छेभित्र रहेको ज्ञान चक्षुलाई खोली चेतनशील बनाउने मात्र होइन यसले मान्छेभित्र रहेका हरेक सम्भावनाको ढोकालाई खोलिदिन्छ । शिक्षा मानवको आधारशिला हो प्रत्येक समाजका आफनै आकांक्षा, आवश्यकता, आर्थिक सामाजिक तथा सास्कृतिक स्थितिहरु हुन्छन् । सामाजिक प्रगतिको लागि समाज सुहाउदो शिक्षित नागरिकको आवश्यकता पर्दछ (हाडा : २०४८) ।

## १.१.४ विवाह संस्कारमा जोडी चयन

मनिसले आफनो जीवन पद्धतिलाई नियमित , सुखमय र सुव्यवस्थित वनाउनको लागि विभिन्न संस्कृतिको विकास गरको छ । यसैक्रममा जैविक एवं प्राकृतिक आवश्यकतालाई नियमित र व्यवस्थित तरिकाले सम्पन्न गर्नको लागि विवाहरुपी संस्थाको विकास भएको हो । विवाह संस्थाको विकास प्रत्येक समाजमा एक रुपको नभई फरक फरक किसिमले हुदै आएको छ । प्रत्येक सामाजिक संस्थाहरुको विकासक्रममा अनेक किसिमका परिवर्तनहरु देखा पर्दछन् यो सास्वत नियमवाट विवाह संस्था पनि अलग रहन सकेको छैन ।

नेपाली समाज र संस्कृतिको सरचनामा हिन्दू पौराणिक साहित्यको प्रभाव रहेको पाइन्छ । हिन्दू धर्म अनुसार समाजलाई सानो, ठुलो , छुत अछुत , पानी चल्ने नचल्ने आदि गरी विभाजन गरेको पाइन्छ । सवै जात जातिको आ–आफ्नै परम्परा, मूल्य मान्यता भाषाहरु रहेका छन् । सामाजिक व्यवस्था समाजमा रहेका सदस्यहरु बिचको समन्वयको जालो हो । यसले आफनो आवश्यकताहरु पूरा गर्न विभिन्न संस्थाहरु सृजना गरेको हुन्छ यस्ता संस्थाहरुले समाजलाई संरचनात्मक प्रकार्य गर्न सहयोग गरिरहेको हुन्छ । समय अनुसार समाजमा विभिन्न पद ,भूमिका, संस्कृति आदिमा परिवर्तन भएको पाइन्छ । परिवर्तन निरन्तर चलिरहन्छ , परिवर्तन जुनसुकै समाजमा पनि देख्न सकिन्छ । विवाह पनि एक सामाजिक संस्था हो यसवाट पनि मानिसले आफनो लक्ष्य प्राप्त गर्न सक्छ र पूर्ण मानव वन्न सक्छ , मानिसलाई समाजमा मानव भएर वाच्नको लाग सामाजिक वन्धन भित्र रहनु पर्नेहुन्छ । उसलाई सामाजिक जीवनमा प्रवेश गर्न, यौन चाहना पूरा गर्न र सृष्टिलाई निरन्तरता दिनको लागि विवाह अनिवार्य मानिन्छ । यौन अराजकतालाई नियन्त्रण गर्न विवाह आवश्यक मानिन्छ । विवाहलाई पनि समाजले स्वीकृति दिनु पर्ने हुन्छ । समाज, ठाउं,जातजाति, भाषा,धर्म, अनुसार विवाहको बुझाई स्वीकृति दिने तरिका पनि फरक फरक हुन्छ ।

विवाह संस्कारको सबैभन्दा महत्वपूर्ण पाटो जोडी चयन हो । विवाहित जोडीलाई रथको दुई पांग्रा जस्तै उदाहरण मानिएको छ । जसरी रथका दुबै पांग्रा एकैसाथ गुड्न सक्ने अवस्थाका नभएमा रथ राम्रोसंग गुड्न सक्दैन त्यस्तै हामी मानव जातिमा पनि श्रीमान श्रीमती दुवै एकनास नभएमा हाम्रो जीवन सहज तरिकाले जीउन सक्दैन त्यसैले सामाजीक,आर्थिक, सास्कृतिक र शैक्षिक स्तरमा मिलेको जोडी नै सफल जोडीमा परिणत हुन जान्छ । विवाह जीवन्त सामाजिक व्यवहार भएकोले यसमा प्रवेश गर्ने प्रक्रियामा जोडीका प्रत्यासीहरु एक आपसमा स्वस्थ पहिचान भएर गरिएको निर्णय दिगो र पारदर्शी रहन सक्छ । अस्वस्थ तथा छलकपटमा वनाइएको आडम्वर संगको पहिचानका आधारमा गरिएका विवाहपछि वास्तविकता पत्ता लागेको अवस्थामा एक अर्कामा अविश्वास , शंका, धोकाको दृष्टिकोण रहने प्रवल सम्भावना हुन्छ ।

हाम्रो समाजमा पनि विवाह गराउने क्रममा स्वस्थ पहिचानको अभावमा रहेको गुनासो प्रशस्त सुनिन्छन र ढांटी ढुंटी विहे....भन्ने आख्यानको प्रचलनले त्यस्तै गुमराहमा पारेर विवाह गराइने शैलीको छनक दिन्छ ।

नेपाल बहुसास्कृतिक देश भएकाले यहाँ विभिन्न सस्कृतिहरु विद्यमान छन । विभिन्न संस्कृति मध्ये विवाह पनि एक महत्वपूर्ण संस्कृति हो । विवाहका विभिन्न किसिम, पद्धति र संस्कारहरु प्रचलनमा रहेका छन् । प्रत्येक जाति र समुदायमा विवाह पद्धतिमा आ आफनो मौलिकपनहरु रहेको पाइन्छ । दलित समुदाय अर्थात पहाडिया दलित विशेष गरी विश्वकर्मा, परियार र नेपाली जातमा शिक्षाको पहुंचले विवाह पद्धतिको जोडी चयनमा पारेको प्रभाव वारे अध्ययन गर्नु यो शोधकार्यको मुख्य उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

राज्यले दलितहरुलाई अगाडि बढाउनका लागि, शिक्षित बनाउनका लागि आर्थिक रुपले सवल वनाउनका लागि सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न प्रयासहरु गरिरहेका भएता पनि अझै दलितहरुको संलग्नता न्यून छ । शिक्षामा पहुँचको कमीले दलित समुदाय रोग, भोग र अशिक्षा एवं गरिवीको रेखामुनी चरम यातनामा पिल्सिएर बाँच्न वाध्य छन् , अहिले सम्म त दलितहरुमा पशुवत व्यवहार पाइन्छ भने हिजोको अवस्था झन कस्तो होला ? जातीय प्रथाले, वर्गीय हिसावले आर्थिक, सामाजिक एवं देश विकासको मूल धारमा संलग्न गराउन नसक्नु र दलित आफै भित्र पनि विभिन्न जातजाति , उचनिचको भावना रहेको र दलित स्वयम्को दायित्व के हो नबुझनु समस्या हो ।

दलित जातिको भौगोलिक अवस्था वा वातावरण अनुसार शैक्षिक, सामाजिक , आर्थिक तथा सास्कृतिक अवस्थाहरु पनि केही मात्रामा फरक हुन सक्दछन् । दलित जातिमा शिक्षाको पहुँचले विवाहको जोडी चयनमा पारेको प्रभाव वारे अध्ययन गर्न अत्यन्त आवश्यक छ । नेपाल जस्तो अल्पविकशित देशले शिक्षा र यससंग सम्वन्धित क्रियाकलापलाई तल्लो वर्गको पहुँच सम्म पुऱ्याई समुन्नत समाजको निर्माण गर्न सकिरहेको छैन । तल्लो वर्गको शैक्षिक, सामाजिक, आर्थिक अवस्था सुदृढ पारी समुन्नत समाजको निर्माण गर्ने बाटोतिर राष्ट्र अग्रसर भइरहेको अवस्था छ ।

मानव समाजको उत्पत्तिको अवस्थामा विवाहरुपी संस्थाको कुनै अस्तित्व थिएन । मानिसलाई आफनो सुरक्षा तथा खानाको आवश्यकता पूरा गर्न एक अर्काको सहयोग आवश्यक पर्ने भएकोले समाजको सिर्जना भएको हो । अन्य जीवहरुको जस्तै मानिसको

पनि जैविकीय आवश्यकताको रुपमा रहेको यौन क्रियाकलापलाई व्यवस्थित गर्न विवाह संस्थाको उत्पत्ति भएको हो । मानव विकास क्रममा विवाह संस्थामा पनि धेरै परिवर्तनहरु भएका छन् । सुरुको अवस्थामा रिक्त सम्बन्धमा आधारित भएको विवाह पद्धतिमा परिवर्तन भएर समूह विवाह, बहुपति विवाह, बहुपत्नि विवाह हुदै आजको एकल विवाह पद्धतिमा आइपुगेको हो । अझै पनि गुरुङ, मगर, राई जस्ता जनजातिहरुको मामाकी छोरी विवाह गर्ने प्रचलन कायम भए पनि धेरै जसो समुदायमा नातेदारहरुको बीचमा हुने विवाहलाई बर्जित गरिदै आएको छ । यसमा वैज्ञानिक तथ्य पनि रहेको छ । नाताभित्र बिवाह गर्दा एकै किसिमका जीनहरु समिश्रण भई तिनीहरुबाट जन्मेका सन्तानहरुमा विभिन्न किसिमका विकृतिहरु देखिन्छन् ।

आधुनिक समयसम्म आइपुग्दा शुरुको यौन साम्यवादी समाजको तुलनामा धेरै परिवर्तन भएका छन् । विश्वका विभिन्न समाजमा भएका परिवर्तन संगै नेपाली समाजमा पनि विवाह संस्थामा धेरै परिवर्तनहरु भएका छन् । दलित समूदायमा विवाह संस्कारको जोडी चयनमा शिक्षाले पारेको प्रभावका वारेमा अध्ययन गर्ने क्रममा विभिन्न जिज्ञासा उठ्नु स्वभाविकै हो । यस अध्ययनको क्रममा निम्न प्रश्नहरुलाई सोध समस्याका रुपममा प्रस्तुत गर्न सकिन्छ ।

१. अध्ययन क्षेत्रमा भएका दलित समुदायमा के कस्ता किसिमका विवाह संस्कारहरु कायम रहेका छन् ।
२. दलित समूहको विवाह संस्कारमा अहिले के कस्ता परिवर्तन छन् ? परिवर्तन ल्याउने मुख्य कारक तत्वहरु के के हुन सक्छन् ?
३. शैक्षिक स्तरमा आएको परिवर्तनले सामाजिक सम्वन्धमा के प्रभाव पारेको छ ?
४. विवाहको जोडी चयनमा पढेका र नपढेकाले जोडी चयनमा प्राथमिकता दिने पक्षमा किन फरक पाइन्छ त भनी पत्ता लगाउन आवश्यक छ ?

## १.३ अध्ययनको उद्देश्य

अध्ययनको उद्देश्य निर्धारण गर्दा निष्कर्ष पक्षलाई ध्यान दिनुको साथै अध्ययनका लागि आवश्यक पर्ने श्रोत, साधन र समयको सीमालाई पनि ख्याल गर्नु पर्ने हुन्छ । नेपाली समाजमा प्रचलित बिबाह संस्कार शिक्षाले प्रभाव पार्दा आएका परिवर्तनहरुको अध्ययनमा

यो शोधलाई केन्द्रित गरिएको छ । हिन्दु धर्म नै मान्ने तर हिन्दु धर्मवाट अपहेलित भएका दलितहरुका बिबाह संस्कारको अध्ययन गर्ने क्रममा यो अध्ययन गर्न खोजिएको छ ।

तसर्थ पोखरा उपत्यका वडा नं १२ मा बस्ने दलित समुदाय विशेष गरी विश्वकर्मा, परियार र नेपाली जातिको बारेमा शैक्षिक पक्षलाई नियाल्दै विवाह संस्कारको जोडी चयनमा शिक्षाले पारेको तपसिल वमोजिमका प्रभाव पत्ता  लगाउनु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

**तपसिल :**

१)	दलित समुदायहरुको पारिवारिक संरचना विश्लेषण गर्ने,

२)	दलित समुदायमा विवाह संस्कारलाई विश्लेषण गर्नु

३)	दलितहरुको बिवाह संस्कारमा शैक्षिक कारणले पारेको प्रभाव खोज्नु ,

४)	विवाहको मुख्य पाटो जोडी चयनमा कसले कुन पृष्टभूमि भएकाले कुन पक्षलाई प्राथमिकता दिन्छ र किन भन्ने प्रश्नको उत्तर खोज्नु ,

## १.४ अध्ययनको औचित्य तथा महत्व

विभिन्नताका बिच एकता सामाजिक संरचनाको आधार मानिएको छ । जातीय अनेकता हिन्दू संस्कारको परिचय नै भएको छ र यसलाई अनिवार्य पनि मानिएको छ । जातीय संस्कृतिक, सामाजिक रीतिरिवाज, भेषभूषा, परम्परा, रोधी, मेला आदि क्षेत्रमा विविधताले गर्दा विदेशी अनुसन्धानकर्ता तथा पर्यटकहरु नेपाल भित्रिएर आ–आफनो तरिकाले नेपाली संस्कृतिको अध्ययन गरेका छन् । जातीय विभाजनले २१ औं शताब्दीको मानिसमा कस्तो प्रभाव पारिरहेको छ ? मानिसहरुले यसलाई शारीरिक र मानसिक रुपमा कुन हिसावले लिएका छन्, छुवाछुत जस्तो संस्कार वचाउन आवश्यक छ की छैन ? शैक्षिक जनशक्तिको धारणा के छ ? शिक्षाको प्रभावले कथित संस्कारलाई कुन हदसम्म प्रभाव पारेको छ यसको वारेमा अध्ययन हुन आवश्यक छ ।

विभिन्न कारणले गर्दा भौतिक र अभौतिक संस्कृतिमा परिवर्तन आएको छ । हिजोको पुस्ता आज छैन, हिजोको संस्कृति, भेषभूषा, सामाजिक कियाकलाप र सामाजिक संस्थाहरुमा परिवर्तन आएका छन् । व्यक्तिको पद र भूमिकामा , सामाजिक मूल्य मान्यतामा परिवर्तन भइसकेको छ । जातीय विशुद्धता हराउदै गएको छ । सास्कृतिक

सापेक्षवादको सिद्धान्त अनुसार कुनै पनि समाज, समुदाय, जाति वर्ग आदिको संस्कृति अरुको भन्दा ठूलो वा सानो हुदैन । कुने पनि संस्कृतिलाई उच नीचको दृष्टिले अध्ययन नगरेर उनीहरुकै मूल्य, मान्यता, विश्वास र परम्पराका आधारमा अध्ययन गर्नुपर्छ । यस दृष्टिकोण अनुसार सवै संस्कृतिहरुको आ –आफनो प्रकारको महत्व र इतिहास हुन्छ ।

त्यसैले कुनै पनि जात जाति, भाषा, संस्कृति र परम्परा हराउँनु भनेको आफनो विशेषता , राष्ट्रियता, मौलिक पहिचान हराउंनु हो । यसरी हराउँदै जाने क्रममा कतिपय सामाजिक विशेषताहरु संग्रहालय र सिनेमामा मात्र सिमित हुन थालेका छन् । परिवर्तन निरन्तर चलिरहने प्रक्रिया हो, पुरानो पात झर्ने र नयाँ पात पलाउने प्रकृया भइरहन्छ । तर पुरानो पुस्ताको संस्कृति नंया पुस्ताले चटक्कै छाड्ने स्थिति आएको छ । यस अध्यनकार्यवाट यस जातिमा रहेको विवाह सस्कारको जोडी चयनमा हुने रमाइलो र महत्वपूर्ण विशेषता पत्ता लगाउन सकिनेछ भने भावी पिढीलाई आफनो पुर्खाको परम्परा संस्कृति र रहनसहन बारे ए यस्तो पनि हुँदो रहेछ हाम्रो संस्कृतिमा भन्ने जानकारी हुनेछ । अर्थात एक किसिमको अभिलेखको रुपमा पनि यो शोध पत्र रहनेछ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नु पर्ने अपरिहार्य देखिन्छ । सीमाको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समग्रमा संपूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक अभावले गर्दा नै अझ भन्नु पर्दा यो अध्ययन पृथ्वी नारायण क्याम्पस पोखराको समाजशास्त्र/मानवशास्त्र विभागको स्नाकोत्तर तहको शोधपत्रका लागि तयार गरिएको हो । यस अध्ययन क्षेत्र भित्र नेपालमा वसोवास गर्ने विभिन्न ठाउँका दलितहरुको वारेमा अध्ययन गर्न नसकेता पनि पोखरा उपत्यका वडा नं १२ मा वसोवास गरेका दलित समूदायको शैक्षिक पहुँचले विवाहको जोडी चयनमा पारेको प्रभावका वारेमा यथार्थता उतार्ने जमर्को गरिएकोछ । सानो इकाइमा गरिएको अध्ययनले पनि समग्र नेपालको दलितहरुको शैक्षिक स्थिति र यसको प्रभाव विवाह संस्कारको जोडी चयनमा के कस्तो छ झल्काइएको छ ।

त्यसैले पोखरा उपत्यकाको वडा नं. १२ भित्र रहेका दलित जाति अन्तर्गत विशेष गरी विश्वकर्मा, परियार र नेपाली जातिलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यसमा

शिक्षाको अवस्था र विवाह पद्धतिलाई प्राथमिकता दिई अध्ययन गरिनुका साथै उनीहरुको सामाजिक ,सास्कृतिक अवस्थाका साथै राजनितिक , नातेदारी, पारिवारिक अवस्थाका वारेमा सामान्य अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रमा १०० दलितहरुका घरधुरीमा गई ६५४ जनालाई अध्ययनको समग्रताको रुपमा लिई तथ्यांक संकलन गरिएको छ ।

### १.६ अध्ययनको सङ्गठनात्मक ढांचा

दलितहरुको विवाह सस्कारको जोडी चयनमा शिक्षाको प्रभावले आएका परिवर्तनहरुको अध्ययनमा केन्द्रित यो शोधलाई छ वटा अध्यायहरुमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचय , समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको सीमाहरु संलग्न छ । दोस्रो अध्यायमा अध्ययनसग सम्वन्धित सैद्धान्तिक खाकालाई समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धति अन्तर्गत अनुसन्धान ढांचा , तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्कको जनसंख्या र नमूना छनौट विधि, तथ्याङ्क संकलन विधि, तथ्याङ्क प्रशोधन र विश्लेषण विधि समावेस गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको पृष्टभूमि अन्तर्गत पोखरा उपमहानगर पालिकाको अवस्थिति, सामाजिक जनसांख्यिक विवरण, अध्ययन क्षेत्रको परिचय र अवस्थिति,  अध्ययनमा छनौट गरिएका घरधुरीको जनसाख्यिक संरचना संलग्न छन् । अध्याय पाँचमा दलित समुदायको विवाह संस्कार सम्वन्धी समावेश गरिएको छ भने अध्याय छ मा निष्कर्ष र सुझाव राखिएको छ । अन्तमा आवश्यक नक्सा, फोटो,  प्रश्नावली सूची र सन्दर्भ सामग्री सहित यो शोधपत्र तयार भएको छ ।

# अध्याय दुई

# सैद्धान्तिक समीक्षा तथा पूर्व साहित्यको अध्ययन

नेपालमा बसोबास गर्ने दलित जातिका बारेमा र ऊनीहरुको सामाजिक, सास्कृतिक र आर्थिक अवस्थाका वारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुले विभिन्न लेख रचना र पुस्तकहरु प्रकाशन गरेका छन् जसको चर्चा यसमा गरिएको छ । सैद्धान्तिक पुनरावलोकन शोधपत्र लेखनको महत्वपूर्ण भाग हो । यो विना कुनै पनि शोध अपुरो हुन्छ । यसले अनुसन्धानकर्तालाई दिशा निर्देश गर्दछ । यसर्थ यस अध्यायमा विभिन्न पुस्तक शोधपत्र प्रकाशित एवं अप्रकाशित लेखहरुबाट समेत सैद्धान्तिक पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

## २.१ दलितको अवधारणा

दलित भन्नाले समाजमा सामाजिक , आर्थिक, राजनैतिक, सास्कृतिक हिसावले पछाडि परेका जातिहरु हुन् भन्न सकिन्छ । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा दलित भन्नाले समाजमा छुवाछुतको भेदभाववाट पीडित भई आर्थिक रुपमा शोषित, राजैतिक रुपमा उपेक्षित, शिक्षामा पछाडि परेका, धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भइरहेका जातिका व्यक्तिलाई सम्झनुपर्दछ । (नेपाल सरकार दलित उत्थान र संरक्षण सम्बन्धी विधेयक, ०५९)

दलितहरुलाई समाजले सहजताका साथ स्वीकार्नु पर्दछ भनी नागरिक समाज तथा सचेत समुदायबाट प्रयास पनि भएका छन् । समाज परम्परागत रुपमा झै कट्टर पनि रहेका छैन । जस्तै दलित र गैर दलितका बिचमा सहभोज, योजनाबद्ध मन्दिर प्रवेश कार्यक्रम सार्वजनिक ठाउंका  सहबसाई जस्ता कार्यक्रम रहेका छन् (डा. कोइराला : ०५८) ।

वर्णाश्रमलाई वैधानिकता दिने क्रममा ईं पू. १८५ मा मनुले **मनुस्मृति** प्रकाशन गरे । यसरी इतिहासदेखि चलिआएको सामाजिक अधिकारका कुनै पनि कुरा प्रयोग गर्न सक्ने बनाइएका उनीहरु सधै परनिर्भर र दासको जीवन बाच्न बाध्य हुनुप–यो । अछुतहरु गाउँदेखि अलग्गै बस्नुपर्ने, सुनचाँदीका गहना लगाउन नपाउने, देख्नासाथ जदौ भन्नुपर्ने

अवस्थामा बाँचेका थिए । जव २००७ सालमा प्रजातान्त्रिक आन्दोलन भयो तव समाजमा केही खुकुलोपन आयो तर कानून पूरा नै भएकाले कुनै सुधार भएन । २०२० सालको नयाँ मुलुकी ऐनले जातभातको मुद्धा नचल्ने गरायो ।

दलित आन्दोलनको संगठित सुरुवात २०२४ सालमा नेपाल राष्ट्रिय दलित जनविकास परिषदको स्थापना भएपछि भएको देखिन्छ । ०४५ सालमा उत्पीडित जातीय उत्थान मञ्च र जातीय समता समाजको निर्माण भएपछि दलित आन्दोलन निकै अगाडि बढेको देखिन्छ ।

झण्डै तिन हजार वर्षदेखि समाजले छुवाछुत प्रथा जस्तो घृणित कलंकको टीका पनि आफनो निधारमा लगाउँदै आएको छ । समाजमा विषझैं झाँगिएको यी अभिशापहरुले मानव जातिको एउटा ठूलो हिस्सालाई यति साह्रो अत्याचार र उत्पीडनमा पारेका छन् । जसलाई हजारौं महाकाव्य र उपन्यास लेखेर पनि पूरा अभिव्यक्त गर्न सकिने छैन (प्रश्रित : २०५८) ।

दलितहरुलाई उकास्नका लागि विभिन्न उपाय गर्न सकिन्छ । डा. अम्बेडकर सन् (१९८९) ले दलितलाई ब्राहमणका संस्कृतिलाई अपनाउनु भनेर भनेका छन् भनी वि.क. (२००६) ले आफनो लेखमा लेखेका छन् । यद्यपि पछि अम्बेडकरले आफनो यही भनाइको आलोचना गरी हिन्दूवादको नै आलोचना गरेका छन् । हिन्दूवाद नै अछुत को जन्म दिने आधार हो भनेका छन् त्यसैले संस्कृतिकरण होइन हिन्दूवादको नै विरोध गर्नुपर्दछ ।

यसरी दलितहरु सामाजिक चेतना कम भएकै कारण नयाँ अवसर र चुनौतिलाई स्वीकार्न सक्दैनन् । त्यही भएर अगाडि बढ्ने बाटाहरु बन्द हुन्छन् । सधै पछाडि रहनु पर्ने वाध्यता रहन्छ । नयाँ अवसरलाई अपनाउन पनि उनीहरुको चाहना आवश्यक पर्ने र उक्त चाहना सृजना गर्न पनि  सचेत हुनुपर्ने भएकाले दलित पछाडि परिरहेका हुन भन्न सकिन्छ ।

कुनै समय मानिसहरुमा जातीय भेदभाव थिएन । सवै समान अवस्थामा थिए । कुनै कुनै धार्मिक ग्रन्थहरुले जातीय प्रथा मानव जातिको सृष्टिको शरुआतसंगै प्रारम्भ भएको मान्दछन् र धार्मिक मानिसहरुले त्यसैलाई आधार मान्दछन् तर शास्त्रीय ग्रन्थहरु र ऐतिहासिक ग्रन्थहरुको गहन विश्लेषण गर्दा वास्तविकता त्यस्तो थिएन भन्ने कुरा छर्लङ्गै देखिन्छ । भारतीय उपमहादीपमा जातपात प्रथा थिएन । पछि मात्र शुरु भएको हो भन्ने देखिन्छ (प्रश्रित : २०५८) ।

इ.पू. १८५ मा मनुले मनुस्मृति रचना गरेर वर्णाश्रम धर्मलाई वैधानिकता प्रदान गरे । भारतीय उपमहादीपको इतिहासबाट के कुरा प्रष्ट हुन्छ भने ब्राह्मण र क्षेत्रीयको लामो सत्ता संघर्षबाट वर्णाश्रम धर्मको शरुआत भयो भने कालान्तरमा ब्राहमण र वौद्धिक वीच चलेको सत्ता संघर्षकै कारण त्यही वर्णाश्रम धर्मभित्र छुवाछुतको समेत जन्म भयो ( विश्वकर्मा : २०५८)

अनौपचारिक क्षेत्र सेवा केन्द्रद्धारा प्रकाशित नेपालमा जातीय छुवाछुत नामको कितावमा उल्लेख भए अनुसार सुवर्ण समाज भित्र उब्जिएको जातिपाति र छुवाछुतको नियम स्वयं अछुत पारिएका विभिन्न समुदाय बिच पुनः अछुतको भेदभाव गर्ने स्थितिसम्म आइपुग्यो । जस्तो कामी र सार्की समुदायले दमाई लगायत सवै समुदायलाई अछुत मान्दछन् भने कामी र सार्की बीचमा पनि समानताको व्यवहार छैन । दमाई समुदायले गाइने लगायत अरु समुदायलाई अछुत बनाएको छ भने गाइनेले वादी वा कुमाललाई यसै गरी अछुतको श्रेणीमा राखेको छ (महत : २०५८) ।

यसरी समग्र दलितलाई ठूला जातिले छोइछिटो गरेता पनि यो समस्या दलित वर्ग वीच नै जरो गाडेर बसेको छ । दलित र गैर दलितको बिचको समस्या नभई दलित दलित बिच पनि यस्तो समस्या रहेको छ । दलित मुक्तिका सन्दर्भमा भएका विभिन्न प्रयासहरुमध्ये दलित संघ संस्था पनि लागि परेका छन् ।

दलित मुक्ति समाजका केन्द्रीय अध्यक्ष पदमलाल विश्वकर्मा भन्दछन् दलितहरु वीच रहेको छुवाछुत र विभेद र दुर्व्यवहारले गर्दा नै दलितको एकिकृत आन्दोलन अगाडि बढ्न सकेन शिक्षा र जनचेतनाका अभावले समस्या घट्न सकेको छैन (महत : २०५८) ।

दलित शव्द गरिवीको पर्याय बनेको छ । नेपालका करिव २० लाख भूमिहीन किसानमध्ये ७५ प्रतिशत दलित वर्ग भएको तथा ६० प्रतिशत गरिवीको रेखामुनि रहेको पाइएको छ (महतो : २०५८) शिक्षाको क्षेत्रमा दलतको अवस्था चिन्तायोग्य रहेको छ । शिक्षाको क्षेत्रमा पनि उनीहरु पछाडि रहेका छन् । दलीत बर्गको साक्षरता १०.७ प्रतिशत मात्र छ भने महिला साक्षरता ३.२ प्रतिशत मात्र छ (महतो : २०५८) ।

## २.१.१ नेपालको सन्दर्भमा दलित

नेपालमा लिच्छिविकाल (ई.सं) २०० देखि ८७९) को शुरुमै चार वर्ण अठार जातको स्थिति कायम भयो भने इ.. ६०० सम्ममा यहांको वर्णाश्रमी समाजमा छुवाछुतलाई कडाइका साथ लागु गरे भने गोरखाका राजा राम शाह (इ.सं. १६०५–१६३६) ले चार वर्ण ३६ जातको व्यवस्था गरेर पर्वते समाजमा पनि जातपात छुवाछुत प्रथालाई बढवा दिने काम गरे । पृथ्वीनारायण शाहका पालामा र प्रधानमन्त्री भीमसेन थापाको शासनकालमा सामाजिक रितिथितिलाई व्यवस्थित वनाउने नाममा जातिपाति र छुवाछुतलाई अघि बढाए । राजा सुरेन्द्रको पालामा जङ्गबहादुरले मुलुकी ऐन जारी गरेर जातपात र छुवाछुत प्रथालाई कानुनी रुप दिए । यसरी दलितहरु इतिहास देखि नै पिछडिदैं र अपहेलित बन्दै आइरहेका छन  (विश्वकर्मा : २०५६) ।

## २.१.२ संस्कृतिकरण

संस्कृतिकरण शव्दको प्रयोग सर्वप्रथम भारतका प्रसिद्ध मानवशात्री एम. एन. श्रीनीवासले सन् १९५२ मा आफनो पुस्तक Religion and Society among the coerce of South India मा गरेका छन् । संस्कृतिकरणको व्याख्या गर्दै उनी भन्दछन् तल्ला जात र गैह्र हिन्दुहरुले उच्च जातहरुका रीतिरिवाज र परम्परालाई लागू गर्दै जान्छन् जसले उनीहरुका विचार धारणा सामाजिक व्यवहार उच्च श्रेणीका वर्गमा जानसकोस् । ब्राम्हणहरुले गरे जस्तै प्रचलनलाई लागु गर्ने शुद्ध बस्ने, जांड रक्सी तथा अभक्ष्य पदार्थ नखाने गर्दछन् । हिन्दू देवीदेवताको पूजा गर्ने गर्दछन् । संस्कृतिकरणलाई अझ व्याख्या गर्दै सन १९९१ मा उनी लेख्छन् : संस्कृतिकरण यस्तो प्रकिया हो, जसमा तल्ला वर्गका हिन्दु र आदिवासीहरुले आफनो परम्परा विचार, जीवन प्रकिया आदिलाई उच्च जातका अनुसार परिवर्तन गर्नु हो ।

### २.१.२.१ संस्कृतिकरणका विशेषता

) संस्कृतिकरणमा तल्ला जातिहरुले आफनोस्तर माथि उकास्न माथिल्लो जातको जीवन प्रकृया अपनाउनु ।

- संस्कृतिकरण प्रक्रियामा माथिपट्टि गतिशीलता बढ्छ जस्तै : कुनै जातिले आफूलाई उच्च बनाउनकालागि आफनो स्तर बृद्धि गर्न चाहन्छ ।
- गतिशीलताले एकजनाको अवस्थामा मात्र परिवर्तन ल्याउंछ जातीय संरचना उस्तै रहन्छ ।
- आर्थिक र राजनैतिक रुपमा सम्पन्न व्यक्तिले आफनो हैसियत र अवस्था परिवर्तन गर्नका लागि संस्कृतिकरण गर्दछ ।
- संस्कृतिकरण हिन्दू समुदायमा मात्र होइन गैर हिन्दूमा पनि हुन्छ ।
- परम्परावादी जाति प्रथाको बचाउको विरुद्ध हुन्छ ।
- संस्कृतिकरण प्रक्रियाले परम्परागत पद्धतिहरुलाई घटाउन सहयोग गर्दछ ।
- सवै ठाउँमा एकै प्रक्रियाद्धारा संस्कृतिकरण हुदैन ।

### २.१.२.२ नेपालमा संस्कृतिकरणको इतिहास

नेपालका पहाडी क्षेत्रमा हिन्दूहरुको आगमनसंगै संस्कृतिकरण प्रक्रिया शुरु भएको मानिन्छ । नेपालको मौलिक संस्कृति हिन्दू परम्परावाट प्रभावित देखिन्छ । हिन्दूहरु तीन तहबाट नेपाल प्रवेश गरेका हुन् । पहिलो शताव्दीमा आर्यवस्तीबाट काठमाण्डौं उपत्यकामा प्रवेश गरे । अर्को हिन्दु परम्परा १२ औं शताव्दीमा सदुरपश्चिम क्षेत्रको कुमाउं प्रदेशबाट भयो । यो हिन्दूत्वको प्रभाव ब्राम्हण र ठकुरी शासकवाट प्रचार प्रसार भयो । छोटो समयमा नेपालभरी हिन्दूत्वको विस्तार भयो । गोर्खा राज्यले संस्कृतिकरणलाई साना राज्यहरुमा प्रभाव जमाउदै विस्तार ग–र्यो । नेपाली भाषा संस्कृतिकरणको साधन बन्यो । तेस्रो हिन्दूहरुको नेपाल आगमन भारतीय भूमि हुँदै तराईबाट भयो (शर्मा , २००४) ।

आजभन्दा करिव पाँच दशक पहिले २०२० मा बनेको मुलुकी ऐनले जातिभेद र छुवाछुतलाई कानुनतः निषेध गरेको छ । २०४६ साल पछि बनेको संविधानले जातीय भेदभाव र छुवाछुतलाई पूर्ण निषेध गरेको छ । त्यस संवन्धी अपराध गर्नेहरुलाई दण्ड जरिवानाको व्यवस्था गरेको छ तर समाजमा अझै पनि हजारौं वर्ष देखिको जातिभेद र छुवाछुतको कुसंस्कार रहिरहेको छ । देशमा मुलुकी ऐन आएको, प्रजातन्त्र पुर्नवहाली भएको साथै गणतन्त्र आएको यतिका वर्ष भईसक्दा पनि दलितहरु अझै सम्म सामाजिक,

आर्थिक, शैक्षिक र राजनीतिक क्षेत्रमा बहिष्करणको शिकार भैरहेका छन् (सापकोटा,२०००) ।

यहां कानुनी रुपमा छुवाछुत र उचनिचको भेदभाव गर्न पाइदैन । नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३, धारा ११ मा उल्लेखित समानताको हकमा कुनै पनि व्यक्तिलाई जातिपातीको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराको प्रयोग गर्नुबाट बञ्चित गरिने छैन महलको १० क नं. मा कसैले कसैलाई जातिपातीको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोगवाट बञ्चित गरेमा १ वर्ष सम्म कैद वा रु. ३०००। सम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ । यस्तो संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहुँदै पनि किन यहां बरावर छुवाछुत, उचनिच ठूलोसानो , दलित, उत्पीडित र जनजातिका कुरा उठीरहने गर्दछन् ।

हाम्रा समाजमा रहेको जातपात र छुवाछुतको अवस्थाका कारण उत्पीडन, दमन, शोषण र अन्यायमा परेका दलितहरुको अवस्था माथि उठ्न सकेको छैन । जनसंख्याको ठूलो हिस्सा ओगट्ने दलितहरु सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक पक्षवाट वञ्चित रहेका छन् । दलित भएकै कारणवाट राज्यको स्रोत र साधनहरुमा पहुंच कम रहदै आएको र राज्यको नीति निर्माण तथा निर्णायक तहमा समेत अत्यन्त न्यून सहभागिता रहेको छ (अ. श्र. सं. , १९८२) ।

दलितहरु सामाजिक रुपमा वहिष्कृत हुनुको कारण यहांका अधिकांश दलितहरु जातीय भेदभाव र छुवाछुतवाट आक्रान्त छन् । मन्दिर , कुवा, धारा, सार्वजनिक स्थान र यहां सम्मकी सरकारी विद्यालयहरुमा पनि उनीहरुलाई ढुक्कसित प्रवेश गर्न दिइदैन र दिंदा पनि भेदभाव गरिन्छ । उनीहरुले माथिल्लो जातकहाँ आँगनमै बसेर खानुपर्दछ, आफै भाडा माझ्नु पर्छ र भाँडाहरु सुकेपछि मात्र भित्र लगिन्छ । यस गाउँमा रहेको रुढीवादी परम्पराहरुले गर्दा सभा समारोह, मेला, जात्रा, नाचगान, आदि सबैजसो ठाउँमा अहिले पनि दलितहरु खुल्ला र सामुहिक रुपमा सहभागी हुन पाउँदैनन् । उनीहरुले सार्वजनिक होटलमा समेत खाना खाएपछि आफै भाँडा माझ्नु पर्दछ । समग्रमा भन्दा सामाजिक क्षेत्रमा उनीहरु अहिले पनि उपेक्षित र अपहेलित छन् । यसै सन्दर्भमा (गुरुड , २०६५) भन्नु हुन्छ : स्थानीय विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनीय रुपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानीय विविधताको कारणले

गर्दा साँस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्यपि ग्रामीण भेगमा मानिसहरु अन्य ठाउँका भन्दा सुविधावाट बञ्चित छन् । अर्कातिर सामाजिक बहिष्करणको आधार राज्य द्वारा सम्वन्धित जातीय विभेद भएको छ । दुई कारक तत्वहरु , भूगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहरु उब्जिरहेका छन् । त्यसो हुंदा एक जना झाँकी प्रथा मान्ने मानिस वा बुद्ध धर्मावलम्वीले बेसी वा सहरमा बस्ने हिन्दुका तुलनामा दुई गुणा धेरै विभेद खेपिरहेको हुन्छ । यहां चर्चा गरिएका सामाजिक बहिष्करणका कारक राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रहरु एक आपसमा सम्बन्धित छन । राज्यको सिद्धान्त नै यस्तो औजार हो जसले राजनीतिमा उक्त जातिको एकाधिकारमा टेवा सिमान्तीकरण गर्दछ । ती मध्ये अधिकांश गरिव हुने भएकाले शिक्षामा पनि उनीहरुको पहुँच कम हुन्छ र गरिबीको दुष्चक्रमा फसिरहेका हुन्छन् ।

घरानियाहरु आफूलाई जन्मजात तीक्ष्ण बुद्धिको र अरुलाई बोधो दिमागको भन्ने कुरा देखाउने प्रयास गरिरहन्छन् । यसै प्रयासको परिणाम स्वरुप घरानिया केटाकेटीहरु विद्यालयमा उच्च अङ्कका साथ पास हुन्छन भने दलितहरुको हातमा असफलता मात्र हात लागेको हुन्छ । यो देखेर हामीहरु साँच्चै घरानिया केटाकेटीहरुलाई तीक्ष्ण बुद्धिका तथा दलितहरुलाई वोधो दिमागका भन्ठान्छौं । तर घरानियहरुकै सास्कृतिक सम्पत्ति अनुसार चल्ने हुनाले उनका केटाकेटीलाई विद्यालय सधैं सहयोगी बनिरहेको हुन्छ । तर दलितहरु सभ्य घरानियहरुसंग सास्कृतिक सम्पत्ति नहुने हुंदा दलित केटाकेटीहरुको लागि विद्यालयले कुनै सहयोगी भूमिका खेल्दैन बरु असहयोग नै गर्छ । परिणाम स्वरुप घरानिया केटाकेटीहरु विद्यालयहमा सजिलै उच्च अंक हासिल गर्न सक्छन भने दलितहरु सधैं पछाडि परिरहेका हुन्छन् । यसरी साधन, स्रोत तथा शक्ति माथिको आफनो अधिपत्यलाई निरन्तर कायम विभेदलाई पनि लिन सकिन्छ (पराजुली , २०६३) ।

भेदभाव तथा छुवाछुतका अभ्यासहरु नेपालमा गैह्र कानुनी छन् । तर मुलुकका धेरै भागमा हिन्दू जाति व्यवस्थाभित्र सवैभन्दा तल्लो तहमा रहेका कथित दलितहरुलाई समाजमा अन्य समुदायहरुले जस्तो अधिकार तथा स्वतन्त्रताको उपभोग गर्न नसक्ने **अछुत** रुपमा संझने तथा व्यवहार गर्ने गरिएको छ । यस्ता अभ्यासहरु गैह् कानूनी भएतापनि सास्कृतिक तगाराहरु संरचनागत गरीवी र प्रहरी अन्य राज्य अधिकारीहरुले गरेको अपर्याप्त कारवाहीले पीडितलाई न्याय प्राप्त गर्नबाट वञ्चित गरेका छन् । यस बाहेक भेदभावको मुद्धालाई उपर्युक्त तरिकाले सम्बोधन गर्न तथा जातीयताको आधारमा भेदभाव

गर्नेहरुलाई सजाय दिने उपयुक्त कानुनी संरचनाको अभाव पनि यस सम्बन्धमा प्रगति हांसिल गर्न थप अवरोध बनेको छ ( खुलेर बोलौं ......... विभेदलाई रोकौं , २०६७) ।

समाजमा विद्यमान जातजाति र छुवाछुत प्रथाको इतिहास जति पुरानो छ , यस विरुद्धको आन्दोलनको इतिहास नि त्यतिकै लामो छ किनकी, क्रियासंगै त्यसको प्रतिक्रिया प्राकृतिक नियम हो । जातपात र छुवाछुत प्रथा विरुद्धको आन्दोलनले लामो समय पार गरेर आजको २१ औं शताव्दीका विज्ञान र प्रविधिको वैज्ञानिक युगमा आइपुगेको छ । न्याय, समानता, स्वतन्त्रता र मानव अधिकारको आन्दोलनले विश्वव्यापी रुपमा सफलता हांसिल गर्दै गरेको वर्तमान अवस्था ०६२।०६३ को लोकतान्त्रिक जनआन्दोलनको सफलतासंगै मुलुकका सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई जातीय भेदभाव र छुवाछुतमुक्त राष्ट्र घोषणा प्रथाको अझै अन्त्य हुन सकेको छैन । यो आन्दोलनलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा एकरुपता छैन । यो आन्दोलन भनेको खाली उत्पीडित दलित समुदायको चासो र सवाल हो भन्ने भ्रम धेरैमा छ । यसर्थ यो आन्दोलनका सवालमा देखिएका भ्रम र वास्तविकताको उजागर हुन जरुरी छ ।

जातीयता स्वभावैले वंशगत हुन्छ । यो जन्मको आधारमा निर्धारण गरिएको अपरिवर्तनीय स्वभाव र सोचमा अडेको हुन्छ । जात तथा जातीयताले कठोर सामाजिक प्रचलन र प्रणालीलाई अंकित गर्दछ । सिंगो समाजलाई विभिन्न समुदायमा विभाजन गरी विवाह, वंश र पेशाको निर्धारण गर्दछ । जातीय प्रणालीलाई बसोवास, खानपात कामकाजमा सिमाङ्कन तथा सुनिश्चितता बहिष्कार र तिरस्कार बढाउँदै लैजान्छ र द्वन्द स्थितिको सृजना हुन्छ । जातीय विभाजनबाट कथित तल्लो जातमा पारिएका मानिसहरु शारीरिक रुपमा एउटै हुन्छन् । यहां कालो र गोरोको मात्र समस्या होइन । बरु चरम आर्थिक शोषण र गरीबीको कारण साािजक चेतना उठ्न सकेको हुदैन । यसैले सामाजिक स्तर वृद्धि गर्ने सवालमा पूर्ण रुपमा बाधा पु–याएको हुन्छ । जातीय विभेद वा जातिवाद, वंशगत रुपमा जन्मको आधारमा गरिने हुनाले यो विदेशी मुलका नागरिकप्रति पनि त्यतिकै केन्द्रित हुन्छ (लाम्गादे , २०६१) ।

मानिसको उत्पत्तिबाट नै जातजाति बीच भेदभावको भावना भएको पाइदैन । त्यस बेलाको समाजमा मानिसहरुले आफनो गुण र योग्यताका आधारमा विभिन्न पेशागत कार्यहरु गर्दै आएका भए तापनि नत वर्ण व्यवस्था थियो नत कुनै जातिका कारणले मानिस मानिसका बीचमा उचनिचको व्यवस्था नै थियो । हिन्दु धर्म ग्रन्थका अनुसार एउटै

**विश्वरुप** का अवनयबाट चारै वर्णहरुको उत्पत्ति भएको हो । पुरुषको मुखबाट सर्वप्रथम ब्राहमणको उत्पत्ति भयो । पाखुराबाट क्षेत्री निस्के, जाघंबाट वैश्य र खुट्टाबाट शुद्र जन्मे ( खत्री , २०४४) ।

दलित जातिको मुख्य पेशा कृषि तथा पशुपालन भएपनि आफनो जमिन नभएको कारण अन्य जातिको काममा ज्याला, मजदुरी गरेर गुजारा धान्नु परेको छ । हाल आएर युवाहरु विदेसिने क्रममा यी जातिका युवाहरु पनि भारत एवं अरवको खाडीतर्फ आर्कर्षित भएको देखिन्छ र केही आर्थिक उन्नति गरेको र १।२ हल खेत जोडेर, झुपडी घरलाई राम्रो मर्मत गरेको देखिन्छ । दमाई जातिको कृषि, पशुपालन अलवा लुगा सिलाउने पेशा रहेको देखिन्छ । भने कामीहरुले फलामको भाडाकुंडा , कोदालो बञ्चरो, हंसिया लगायत बनाएर त्यस बापत अन्न संकलन गरेको पाइन्छ । हाल आएर केही नगदको कारोवार पनि हुने गरेको देखिन्छ ।

उत्प्रेरणाको अभावले गर्दा मानिसले व्यक्तिगत उत्तरदायित्वको आत्मानुभूति नगर्न सक्दछ । भाग्यवादी संस्कारको बलियो रेखाभित्र सीमित हुनाले मानिसहरुले आफू कुनै सीमामा नबाधिइकन एक अर्कामा नजिक भएको अनुभव गर्दछन् । नेपालीहरुको हरेक क्रियाकलापमा भाग्यवाद केन्द्रविन्दु रहेकोले निर्णय स्वतन्त्र हुदैनन् । निर्णयको कुनै छनौट कुनै घटना पनि खुला हुदैन्न् । मानिस जन्मेपछि गर्ने कार्य, हुने कार्यलाई भाग्यको खेलको रुपमा लिइन्छ । जातीय स्तरीकरण भएको हिन्दू समाजमा उच्च जातिमा जन्मे उच्च सम्मान र निम्न जातिमा जन्मे निम्न सम्मान पाउने कुरा सामान्य व्यवहारमा नै रहेको छ । यसरी सामाजिक सम्बन्ध स्थापित गर्न पनि जन्मदाखेरीको भाग्यलाई नियालिन्छ । आीर्थक विकासका विभिन्न पक्षमा पनि यस संस्कारले प्रभाव पार्दछ । कार्य विना नै सुख पाउनु पर्दछ भन्ने विश्वास हिन्दू धर्मावलम्बिहरुले लिएको पाइन्छ । हाम्रो समाजमा तल्ला जातका मानिस बढी परिश्रमी रहेको पाइन्छ । ब्राम्हणहरुले भन्दा तीव्र गतिमा तल्लो वर्गका मानिसहरुले आर्थिक विकास गरेको उदाहरणहरु पनि छन् ।

## २.२ विवाह उत्पत्ति र परिवर्तन सम्बन्धी सिद्धान्तहरु

विवाहरुपी संस्थाको उत्पत्ति कहिले र कसरी भयो भन्ने वारेमा विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले फरक फरक सिद्धान्तहरु प्रतिपादन गरेका छन् । परिवार विवाह संस्था एक आपसमा अन्तरसम्वन्धित छन् । यसैले विवाह र परिवार मानव संस्कृतिका प्रारम्भिक संस्थाहरु मानिन्छन् र तिनीहरुको उत्पत्ति सिद्धान्त पनि एकआपसमा सम्वन्धित रहेका छन् । विवाह उत्पत्ति सिद्धान्तहरुलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.२.१ मोर्गनको विवाह उत्पत्ति सिद्धान्त

मोर्गनका अनुसार मानव समाजको सुरुमा यौन स्वच्छता वा यौन साम्यवाद, पत्नी साटासाट, पत्नी आतिथ्य आदि प्रथाहरु समाजमा प्रचलित थिए । कतिपय उत्सव र पर्वहरुताका समाजमा यौन स्वच्छता कायम थियो । मोर्गनले समरक्त विवाह , सूह विवाह, सिन्डास्मीयन विवाह, पितृसतात्मक विवाह र एकलगामी विवाह गरी पांच चरणमा विवाहको उत्पत्ति र विकास भएको वताएका छन् ।

### २.२.२ वेस्टरमार्कको विवाह उत्पत्ति सिद्धान्त

वेंस्टरमार्कले आफनो प्रसिद्ध कृति मानव विवाहको इतिहासमा एक विवाह सिद्धान्तलाई अगाडि सारेका छन् । डार्विनले भनेको एक विवाह प्रथा पुरुषको हैकम र इर्श्यावाट सिर्जना भएको भन्ने कुरालाई समर्थन गर्दै पुरुषको यो एकाधिकारलाई समाजले स्वीकार गरेपछि  यस विवाह प्रथा समाजमा प्रचलनमा आएको हो

(क्षेत्री, रायमाझी , २०६१) । उनका अनुसार आदिम युगदेखि चलनचल्तीमा आएको यो विवाह पद्धति सवै युगहरुमा चलिरह्यो र अहिले पनि कायम छ । यो पद्धति मानिसमा मात्र नभएर पशुपक्षीहरुमा समेत देख्न पाइन्छ ।

### २.२.३ व्रिफल्टको विवाह सिद्धान्त

वेस्टरमार्कको विवाह उत्पत्ति सिद्धान्तलाई आलोचना गर्दै विकास भएको व्रिफल्टको विवाह उत्पत्ति सिद्धान्त अनुसार वच्चाहरुको सुरक्षा, लालनपालन र पोषणको लागि आमा

मात्र जिम्मेवार हुन्थिन् र पुरुषलाई महिलाहरुले आफनो परिवारको सदस्यको रुपमा स्थापित गर्ने क्रममा नै विवाहरुपी संस्थाको उत्पत्ति भएको हो । त्यस अवस्थामा आज जस्तो परिवारमा पुरुषको हैकम चल्दैनथ्यो । कृषिको विकास हुने क्रममा पुरुषको हातमा आर्थिक क्षमताको हस्तान्तरण हुदैं जांदा पुरुषको सर्वश्रेष्ठता कायम हुदै गएको हो ।

### २.२.४ वेकोफेनो विवाह उत्पत्ति सिद्धान्त

वेकोफेनका अनुसार आदिम युगमा विवाह संस्थाको कुनै अस्तित्व थिएन । मानिसको भरणपोषण प्रकृतिमाथि पूर्ण आश्रित हुंदा जीवन कठोर र संघर्षपूर्ण थियो । पुरुषको तुलनामा स्त्रीहरु कमजोर र अशक्त हुनाले जन्मेका वालिकाहरुको हत्या हुन्थ्यो । यसले महिलाको संख्यामा कमी आयो र वहुपत्नी प्रथाको चलन चल्यो । समय वित्दै जांदा कृषिको विकास भयो र जीवन कम कठिनाईपूर्ण हुँदै गयो । महिला हत्या हुन छाडेर कृषिको लागि धेरै मानिसको आवश्यकता हुंदा वहुपत्नी प्रथा चल्यो । पछि महिलाले आफनो हक अधिकारको लागि संघर्ष गर्न थालेपछि सामाजिक न्याय र नैतिक विचारले एक विवाह चलनचल्तीमा आएको हो ।

यसरी विवाह विकासक्रमको व्याख्या र विश्लेषण गर्ने विषयमा मानवशास्त्री तथा समाजशास्त्रीहरुमा एकमत पाइदैन । विवाहको उत्पत्ति प्राग ऐतिहासिक कालवाट भएकोमा भने सवै एकमत छन् । विवाह पहिला जस्तो अहिले पनि प्रचलनमा छ तर पहिला जस्तो थियो अहिले त्यो रुपमा छैन । विवाहका कारक तत्वहरु समाज अनुसार फरक फरक छन् । यौन इच्छाको सन्तुष्टि, प्रजननको आवश्यकता, सन्तानको लालनपालन र पारिवारिक अर्थिक आवश्यकताहरुको परिपूर्तिका लागि नै बिवाहरुपी संस्थाको उत्पत्ति भएको हो ।

## २.३ नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरु

हिन्दु धर्मको अवधारणा अनुसार विवाह एक धार्मिक संस्कार हो । जसको अभावमा लोग्ने स्वास्नीको जीवन अपूर्ण हुन्छ । लोग्ने स्वास्नीको सम्बन्धलाई जन्मजन्मान्तरको मानिन्छ । **वेद अनुसार स्त्री र पुरुषको सम्वन्धलाई मांसमांस र अस्थिअस्थिको सम्वन्धको रुपमा लिएकोले प्राचीन समयदेखि नै विभिन्न किसिमका बिवाह पद्धतिहरु कायम थिए** (सुवेदी, २०५६) । हिन्दू धर्मशास्त्र अनसार ब्राहम विवाह, दैव विवाह, आर्ष विवाह,

प्रजापत्य विवाह, असुर विवाह, गान्धर्व विवाह, राक्षस विवाह र  पैशाच विवाह गरी आठ किसिमका विवाह पद्धतिहरु कायम थिए । उल्लेखित विवाह मध्ये सुरुका चार किसिमका विवाहहरु समाजमा लोकप्रिय छन् ।

## २.४ सैद्धान्तिक अवधारणा (**Theritical Perspective** )

### २.४.१ सास्कृतिक पर्यावरणीय अवधारणा (**Cultural Ecological Perspective** )

मानिसको सामाजिक सास्कृतिक जीवनका हरेक पक्षहरु उसको सामाजिक व्यवस्था भित्रका इकाइहरु हुन । सामाजिक व्यवस्था एउटा रेल / गाडी हो भने सामाजिक परिवेश भित्रका मानिस र उसको जीवनसंग सम्बन्धित सवै कृयाकलापहरु त्यस भित्रका यात्रीहरु हुन । जसरी कोही मानिस रेल–गाडीलाई छाडेर एक्लै यात्रा गर्छु भन्यो भने गन्तव्य स्थानमा पुग्न सक्दैन, त्यसै गरी समाजमा सवै इकाइहरुले सामाजिक गतिशिलतालाई छाडेर आफू एक्लै एक ठाउंमा रहन सक्दैन, यसै क्रममा समाजशास्त्री Emil Durkhim का अनुसार सामाजिक घटनाको सामाजिक परिस्थितिसंग अत्यन्त घनिष्ट सम्बन्ध रहेको हुन्छ । यसकारण घटना र परिस्थिति दुवै एक अर्कालाई उत्पन्न गर्ने कारण हुन सक्छन् । (वरालद्धारा उद्धित , २०५६) समाजमा हिजो जे थियो आज छैन । आदिम कालमा ढुङ्गे युगमा रहेर मानिस आफूलाई सामाजिक परिस्थिति (Ecology) सँग परिवर्तन गर्दै वर्तमानको औधोगिक तथा वैज्ञानिक युगमा प्रवेश गरेको छ । जस्तै हिमाली भेगमा बस्ने मानिसहरु बाक्लो लुगा लगाउँछन, तातो खाना, मासु, रक्सी आदि खान्छन् भने जनावरमा पनि उनीहरुको हिँउ तथा जोडोबाट बच्न बाक्लो भुत्ला (रौं) हुन्छ । त्यसैगरी तराईमा बस्ने मानिसहरु पातलो लुगा लगाउँछन् , फलफूल तथा चिसो पदार्थहरु खान्छन् भने जनावरमा पनि पातलो भुत्ला हुन्छ । त्यस्तै गाउँमा बस्ने  मानिसहरु खेतीपाती गर्ने, पैदल हिड्ने, खानेकुरा प्राकृतिक रुपमा नै उपभोग गर्दछन् भने सहरका मानिसहरु अत्याधुनिक साधनहरुको प्रयोग गर्ने, गाडीमा हिड्ने खानेकुरा विभिन्न परिकार वनाएर खान्छन । जहां जस्तो वातावरण हुन्छ त्यही अनुसारको सामाजिक सास्कृतिक जीवन यापन गरेको पाइन्छ । जीवहरु एंव वनस्पतिहरुको प्रकृतिसंगको सम्बन्ध अध्ययनलाई पर्यावरण विज्ञान निन्छ । विभिन्न प्रकारका संस्कृतिहरु वातावरण अनुकुलन हुने एक प्रकारको पंकृया हो । यही अनुकुलनको प्रकृया (Process या Adoption) लाई

सास्कृतिक पर्यावरण (Cultutal cology ) भनिन्छ । वातावरण तिन प्रकारका हुन्छन् । पहिलो प्राकृतिक वातावरण जनावर, हावापानी, माटो, वनजङ्गल, आदि दोस्रो भौतिक (Physical) वातावरण घर, मोटर सडक, बिजुली, धारा आदि जुन मानिसले निर्माण गरेका हुन्छन । तेस्रो अभौतिक वातावरण अन्तर्गत सास्कृतिक मूल्य, मान्यता रीतिरिवाज चालचलन आदि ।

हिन्दु धर्मशास्त्रले बालविवाहलाई प्रोत्साहन गरेको छ । ब्रम्हाण पुराणमा स्तन ननिस्केकी बालिकाको विवाह गरेमा पितालाई मृत्यु पर्यन्त स्वर्ग प्राप्त हुने कुरा उल्लेख छ । भविष्य पुराणले आठ वर्षकी कन्या (गौरी कन्या) को विवाह गर्नुपर्छ भन्ने उल्लेख छ भने १० वर्ष भन्दा माथि वा रजस्वला पछि कन्याको विवाह गरेमा बाबु, आमा तथा जेठो दाजु नरकमा जान्छन् भनि पराशरको भनाई छ । (सुवेदी, २०५६) । हाम्रो हजुरआमाहरुको ९ वर्षमा विवाह भएको कुरा उहाँहरु नै बताउनुहुन्छ । पाँच हजार वर्ष पहिलेदेखि पारिवारिक राजनीतिक विस्तार गर्न र राज्य व्यवस्थालाई अपरिपक्कता कै अवस्थामा सन्तानको विवाह गरिदिन थाले । राज्यका शासकहरुले पनि युवाहरुमा वीर्य उर्जाको क्षमता बढेमा विचार जन्मन सक्छ र यथास्थितिको परिवर्तनको लागि विद्रोह हुन सक्ने डरले युवाहरुमा वीर्यवान र विचारवान हुने अवस्थानै नआओस भन्ने ध्येयले चाँडो बिबाहलाई प्रेरित गरे । (वराल, २०५६) नेपालको इतिहासमा २००७ सालसम्म जहानीय राणा शासन कायम रहयो । राणा कालमा जनतालाई अन्धकारमा राख्ने काम भयो । सो कालमा शिक्षाको कुनै विकास भएन । सर्वसाधरणले शिक्षा प्राप्त गरेर चेतनशील होलान र राणाहरुको कुकृत्य विरुद्ध विद्रोह गर्लान भन्ने डरले सर्वसाधरणलाई पढ्न प्रतिवन्ध लगाइएको थियो । प्रगतिवादी शिक्षा भन्दा राणा शासकलाई पुज्ने शिक्षा त्यतिबेला लागु गरियो । त्यतिबेला सम्म विदेशसंग नेपालको कुनै संपर्क थिएन । २००७ सालमा राणा शासनको अन्त्य भएपछि नेपालको वैदेशिक सम्पर्क बढ्न थाल्यो । त्यसपछि नेपाली समाजमा शिक्षाको विकासले चेतना फैलिन थाल्यो । विदेशमा भएको वैत्रानिक आवस्कार तथा भौतिक विकासहरुले प्रभाव पार्न थाल्यो जसले गर्दा नेपालमा पनि शहर बन्ने कम शुरु भयो । २०२० सालमा मुलुकी ऐनले बालविवाह, वहुविवाह, तथा अनमेल बिवाहलाई निषेध ग–यो । मानिसहरुले सानै उमेरमा विवाह गर्दा भएका वेफाइदाहरु जस्तै सन्तान धेरै जन्माउने, गरिवी बढनु, आमा र बच्चाको स्वास्थ्य विग्रनु, विवाह हुने केटाकेटीले एक अर्कालाई

राम्रोसंग नचिनी विवाह गर्दा परिपक्क भएपछि सम्बन्ध विच्छेद हुने जस्ता कुरालाई मनन् गर्न थालियो । त्यसैको फलस्वरुप परिपक्क भएपछि बिबाह गर्ने, एक अर्कालाई राम्ररी चिनेर प्रेम विवाह गर्ने, सन्तान कम तथा परिपक्क भएपछि जन्माउने, केटा र केटीले आर्थिक जोहो गरेर मात्र बिबाह गर्ने तथा सन्तान जन्माउने अवस्था आइपुग्यो ।

त्यति मात्रै होइन सामाजिक जीवन र राज्यको कानुनी अवस्था अवधारणामा विश्वव्यापीकरणले प्रभाव पारिरहेको छ । पुजिंवादी अर्थव्यवस्थाको प्रभावले भौतिकवादी जीवनशैलीको प्रभाव बढिरहेको छ । बिबाहलाई ज्वाई खरिद्ने र बुहारी किन्ने जस्ता व्यापरिक शैलीमा विवाह हुन थालेका छन् । धनको पछि दौड्ने प्रवृत्ति बढ्न थालेको छ । ( बराल , २०५७) विवाहमा स्वस्थ दाम्पत्य जीवन र कौटुम्बिक सम्वन्ध भन्दा व्यापारिक ( आर्थिक) पक्षलाई जोड दिएको देखिन्छ । त्यसैले त गरिबले आफना सन्तानको विवाह गर्न नसक्ने स्थिति आएको छ । सन्तानको बिबाहमा दाइजो, कोसेली, कपडा तथा गरगहनामा अति धेरै धन खर्च गर्नुपर्ने बाध्यता सृजना भएको छ ।

### २.४.२ प्रक्रियात्मक अवधारणा (Functional Perspective)

मानिस मानिस बिचको सामाजिक सम्बन्धको जालोलाई समाज भनिन्छ । समाज अनेकौं इकाइहरु मिलेर बनेको हुन्छ । सामाजिक संरचना अन्तर्गतका इकाइहरुले आफनो इकाई अनुसारको भूमिका निर्वाह गर्छन र यसैलाई सो एकाइको प्रकार्य (Function) भनिन्छ । हाम्रो समाजमा जाति अनुसारको काम विभाजन गरेको पाइन्छ । यसैलाई बुझेर अध्ययन गरेमा हामीले प्रकार्यात्मक अबधारणा बुझ्छौ । हाम्रो समाजमा ब्राम्हणले पूजापाठ गर्ने, नेवारले व्यापार गर्ने, सार्कीले जुत्ताको काम गर्ने, सुनारले सुनको काम गर्ने, आदि जस्तो संरचना बनेको छ । अव सोचौ त यदि नेवारले व्यापार गर्न छाडेर हड्तालमा उत्रीय भने के होला ? हामीले पसलबाट ल्याउने सामान कहाँबाट ल्याउने ?

(यहाँ वर्तमान अवस्थामा नेवार मात्र नभई समग्र व्यापारीलाई बुझनु पर्छ ) पक्कै पनि समाजमा उथलपुथल हुन्छ । त्यसमा कुनै पनि एकाइको प्रकार्यात्मक सम्वन्ध (Functional Relation ) टुटेमा समाजमा सामाजिक विघटन् अवस्य हुन्छ । बिवाह पनि यस्ता सामाजिक संरचना (Social Structure) को एउटा एकाइ हो । यसलाई समाजबाट बाहिर निकालेर कुनै हालतमा पनि समाजको अध्ययन गर्न सकिदैन । जसरी कुनै मेशिनमा

एउटा भागले काम नगर्दा सो मेशिनले काम गर्न सक्दैन त्यसैगरी विवाह नामक इकाइ वा सामाजिक संस्थालाई झिक्दा समाजमा गतिशिलता बन्द हुन्छ ।

जसरी कुनै मेशिनमा एउटा भागले काम नगर्दा सो मेशिनले काम गर्न सक्दैन त्यसैगरी विवाह नामक इकाइ वा सामाजिक संस्थालाई झिक्दा समाजमा गतिशिलता बन्द हुन्छ । ढुंगे युगमा यौन समता थियो । त्यतिबेला समाजमा अस्तव्यस्तता थियो । कसको श्रीमान् को ? बच्चाको बाबु को ? भन्ने यकिन हुँदैनथ्यो । परिवारको पनि विकास भइसकेको थिएन । त्यसैले स्वस्थ र एउटा कमबद्ध , सामाजिक मर्यादामूलक बनाउने कममा बिबाहको प्रारम्भ भयो । प्रकार्यवादी विद्धान टि. पार्सनका अनुसार सामाजिक व्यवस्थाको कुनै पनि अङ्गलाई सामाजिक व्यवस्थाबाट पृथक राखेर अध्ययन गर्न सकिदैन, किनकी समग्र व्यवस्थाका सवै अङ्गहरु बिच प्रकार्यात्मक सम्बन्ध रहन्छ । यही प्रकार्यात्मक सम्वन्धका कारणले कुनै पनि सामाजिक पक्ष वा घट्नाको अध्ययन गर्दा समग्र सामाजिक व्यवस्था कै सन्दर्भमा लिनु आवश्यक हुन्छ । (वरालद्धारा उद्धित, २०५६) कुनै पनि एकाइलाई समग्र व्यवस्था (Holistic Perspective) बाट अलग राखेर हेर्न थालियो भने सामाजिक व्यवस्थामा सजीवता पाउन सकिदैन । विवाहले नै समाजमा यौन अराजकता तथा बेस्यागमनलाई नियन्त्रण गरेको छ भने सामाजिक सुरक्षा प्रदान गरेको छ , पारिवारिक एकता, सन्तानको स्वास्थ्य, पालन पोषण र शिक्षाको जिम्मेवारी प्रदान गरेको पाइन्छ । सम्पत्तिको पुस्तागत हस्तान्तरण, सुरक्षा तथा पुर्ख्यौली सम्पत्तिको हकदारको ग्यारेन्टी भएको छ । त्यस्तै बैवाहिकताबाट दुई पक्षका बिच कौटुम्बिक सम्वन्ध कायम राखेको छ । यसले दुइवटा समुदायलाई झन घनिष्ट बनाएर एकसुत्रमा बाँध्ने गर्दछ ।

वेद अनुसार बिबाह स्त्री – पुरुषको मांस मांसको र अस्थि–अस्थिको गठबन्धन हो । मनुले पत्नीलाई पुरुषको अर्धाङ्गिनीको रुपमा मानी पतिको सुकार्यको फल पत्नीले पनि पाउँछे भनेका छन् । यसरी पत्नी अर्घाङ्गनी भएकाले हिन्दूशास्त्र अनुसार  विवाह विच्छेद वा पुर्नविवाह सम्भव छैन, साथै  अविवाहित मानिस अपवित्र हुन्छ (वरालद्धारा उद्धित , २०५६) ।

हिन्दु जातीय व्यवस्थामा अन्तरजातीय विवाह बर्जित मानिएको छ तर सहरीकरले मानिसमा फैलिएको जातीय विभेद कम हुँदै गएको छ , फलस्वरुप अन्तरजातीय विवाहका घट्नाहरु हाम्रो समाजमा बढदै गएका छन् । हुनत हाम्रा पौराणिक ग्रन्थहरुमा अन्तरजातीय विवाहका उदारहणहरु पनि छन् ।

## २.५ पुर्व साहित्यको अध्ययन

Blaikie र अन्य (१९४०) ले पश्चिमा नेपालको क्षेत्रलाई समेटेर गरेको अध्ययन Nepal In Crisis मा सार्की जातिलाई अछुत जातिको रुपमा उल्लेख गरेका छन् । उनीहरु परम्परागत विष्ट प्रथामा भरपर्ने गरेवापत वार्षिक रुपमा किसानहरु वा सेवाग्राहीवाट निश्चित आय (नगद वा अन्य) विशेषगरी अन्न मात्र प्राप्त गर्दछन् । यही प्राप्त अन्नले वर्षभरी आफनो जीवन गुजारा गर्दछन् । यद्यपि अन्नको मात्रा साह्रै कम हुने भएको कारणले परिवारको जीवन निर्वाह गर्न साह्रै गाह्रो पर्दछ । काम तथा आर्थिक हैसियत तल्लो स्तरको भएको कारणले सामाजिक रुपमा साह्रै पछाडि परेका छन् । दमै, कामी, सार्कीका प्राचिन पेशा भारतबाट बनिबनाउ सामान भित्रिन जानाले यी जातिहरु वाहिरिन पुगेका देखिन्छ । यी पेशागत जातिका पेशावाट आम्दानी घट्दै जानुका विभिन्न कारण छन् जस्तै :

- विष्टका घरबाट बुझाउने रकममा कमी आउनु
- विष्टका घर संख्यामा कमी आउनु
- पेशागत समूहको जनसंख्या बृद्धि हुनाले सानो क्षेत्रमा भएपनि खेतीपाती गर्न थाल्नु ।

D Seddon र अन्यले (१९७९) मा Peansant and workers in Nepal मा नेपालमा विभिन्न जात जाति बिचमा रहेको शोषणको वारेमा उल्लेख गरेका छन् । शोषण वर्गीय र जातीय हिसावले हुनेगरेको छ । विशेषत :गरीव किसानका रुपमा रहेका तल्ला अछुतहरुलाई उपल्ला जातिहरुले शोषण गरेका छन् । समाजमा आर्थिक र सामाजिक संरचना वा हैसियतलाई जातीय प्रणालीले पनि प्रभाव पार्दछ । जातीय उच्चता र निचता एवं शुद्धता र अशुद्धताका आधारमा सामाजिक तथा आर्थिक क्रियाकलाप गरिन्छ । नेपालभित्र रहेका महिला पुरुष अछुत जाति उच्च जाति किसान र साह रैथाने र बसाई सरेका बिचमा संघर्ष भइरहयो । अछुत जातिहरुलाई आर्थिक रुपमा पछाडि पारिएको र उनीहरु जात र वर्गमा तल्लो तहमा रहेकाले सधै वर्ग संघर्ष भइरहने कुरा लेखकहरुले उल्लेख गरेका छन् । तल्लाजातका किसान अर्थिक रुपमा निकै कमजोर अवस्थामा रहेका छन् ( शर्माले , १९७७) । मा नेपालका जाति सामाजिक गतिशीलता र संस्कृतिकरण नेपालको वैधानिक कानूनमा जातीय स्तरीकरण सम्वन्धमा नेपालको पुरानो वैधानिक ऐनमा विभिन्न जातिगत व्यवस्था गरिएको छ , जनलाई निम्न अनुसार देखाइएको छ ।

तागाधारी – दइपटक जन्मने जात

मतवाली – मदिरा पिउने जात

पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने

पानी नचल्ने र छोइछिटो हाल्न पर्ने

प्राचीन कालदेखि रहेको वर्ण व्यवस्थाका आधारमा नै समाजका विभिन्न कार्यहरु गरिन्थ्यो । यस्तै समाजशास्त्र /मानवशास्त्र विभाग अन्तर्गत रहेर दलित र गरिवीका वारेमा (शर्मा , २०६२) द्धारा गरिएको अध्ययनमा सार्की जातिको जातीय पेशामा आएको परिवर्तन र सो जातिको आर्थिक तथा सामाजिक अवस्थाको प्रकाश पारेको पाइन्छ । समयको अन्तरालमा जातीय पेशामा आएको परिवर्तन , शिक्षाको अवसर र चेतनाको प्रभाव आदिको वारेमा प्रकाश पारेका छन् ।

छुवाछुत प्रथा शुरुमा आर्य समुदायमामात्र रहेको थियो भने यो समस्या बढ्दै गएर पछाडि अनार्य वा जनजातिमा समेत सर्दै गयो (विश्वकर्मा , २०५८)

Caplan ले (१९७२) Priest & Cobblers मा नेपालको पश्चिम क्षेत्रमा बसोबास गर्ने अछुत जाति र ब्राम्हणहरुको वीचमा विगत दुई दशकदेखि देखा परेको परिवर्तनलाई उल्लेख गरेकी छन् । दलितहरु कसरी आर्थिक अवस्थाबाट कमजोर बन्दै गए भन्ने वारेमा प्रष्ट पारेकी छिन् । पैसाविहिन दलितहरु आफ्नो आवश्यकता पुरा गर्न ब्राम्हणहरुबाट जीवनयापनका निम्ति पैसा लिए अन्तत साहुँहरुले उनीहरुको जग्गा कब्जा गर्दै गए र भूमिहीन दलितहरु भारतीय भूमिमा गई स्तरहीन काम गर्न बाध्य भए । शुरुमा एउटै शरीरवाट उत्पन्न भएका मानिसहरु बिचमा जातीय छुवाछुतको प्रथाले अंगालेको छ । तर पनि अरुलाई नछोईकन विभिन्न कार्यको विनिमय भने यहांका बासिन्दाले अपनाएका छन् । सार्वजनिक ठाउँ ,मठ, मन्दिर, धारा पधेंरा, पौवा आदिमा तल्ला जातिलाई प्रवेश निषेध गरिएको छ । यहाँका तल्ला जातिको सामाजिक कियाकलाप हिन्दुधर्मबाट प्रभावित छन् तर पुजाआजामा केही असमानताका झलकहरु देख्न सकिन्छ । लगभग आधा जनसंख्या ओगटेका अछुतहरुको कृषिमा लगभग एक चौथाई मात्र उत्पादनमा स्वामित्व रहेको छ । यहाँका आधाभन्दा बढी अछुतलाई खान पुग्दैन । तल्ला जातिका मानिसहरुले ब्राह्मणहरुको विभिन्न कार्य (हली, मजरी) गर्ने गर्दछन् । कामको खोजीमा अछुतहरु वाहिर जान थालेपछि ब्राह्मणहरुले हलो जोत्न थालेको कुरा लेखिकाले उल्लेख गरेकी छन् ।

विद्यालयमा गरिने भेद्भाव र सरकारी कार्यालमा ब्राहमणको वर्चश्वले दलित सधै नै शोषित बन्न पुगे । जातीय तथा आर्थिक शोषणका कारणले आवश्यक पोषणको अभावले गर्दा अछुतहरुलाई विभिन्न रोगले आक्रमण गरेको पाइन्छ (क्याप्लन, १९७२) ।

(शर्मा , वि.सं.२०६५) मा स्याङ्गजा जिल्लाको बाहाकोट गा.वि..स. का दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था र बालिघरे प्रथाको बारेमा अध्ययन गरेका छन् । यसमा उनले दमाई जातिको सामाजिक , आर्थिक, साँस्कृतिक, शैक्षिक र राजनीतिक अवस्था वारे अध्ययन गरेका छन् । सो स्थानका दलितहरु साह्रै विपन्न अवस्थामा रहेका ,विद्यालयमा पढ्ने प्रवृत्ति कम रहेको, साक्षरता दर कम रहेको , जीवन निर्वाहको आधार कृषि भए तापनि खेतीपातीबाट गुजारा गर्न नसक्ने अवस्था भएकोले युवाहरु बैदेशिक रोजगारमा गएको र हाल आएर बालबालिकालाई विद्यालय पठाउने, राजनीतिक कार्यक्रममा चासो राख्ने बानी बढ्दै गइरहेको कुरा शोधकर्ताले उल्लेख गरेका छन् । त्यस्तै जीवन निर्वाहका लागि सिकर्मी ,डकर्मी, काम गर्ने माथिल्ला जातिको हलो जोत्ने,ज्यालामजदुरी गर्ने, कटुवाल पेशा गर्ने, बाजा बजाउने, डोको बुन्ने, पुरेत्याई गर्ने गरेको उल्लेख छ । उनीहरुको काम प्रतिको अभिरुचि बुझ्दा आफनो पेशाबाट असन्तुष्ट रहेको पाइयो । पशुपंक्षीपालन साह्रै न्यून मात्र गरेका छन् र पालेको पनि व्यवसायिक तवरवाट नभई आफनोलागि चाहिने मासु र अण्डाका लागि मात्र पाल्ने गरेका छन् । जसले चाडवाडको अनिवार्य आवश्यकता पूर्ति गर्नको लागि मात्र पालेका छन् । एस.एल.सीं उत्तीर्ण गर्ने दलित जम्मा चारजना मात्र रहेका छन् । दमाईहरुको अन्य जातिसंगको सम्बन्ध घनिष्ट रहेको पाइयो । त्यहां रहेका अन्य जातिहंरु जस्तै ठकुरी,मगर, गुरुङको घरमा गएर काम गरेर त्यसवापत प्राप्त ज्यालाले परिवारको पालन पोषण गरेका छन् । उनीहरुलाई शिक्षा र रोजगारीको धेरै जरुरत रहेको छ (शर्मा , २०६५) ।

चापागाई (सन् २००९) ले स्याङजा जिल्ला श्रीकृष्ण गण्डकी गा.वि.स. मा सार्की जातिको सामाजिक आर्थिक अवस्था र व्यवसायिक परिवर्तन विषयमा अध्ययन गरेकी छन् । यस अध्ययनमा सार्की जातिको सामाजिक आर्थिक अवस्थाको परीक्षण गर्ने र सार्की जातिका सामाजिक आर्थिक समस्या तथा उनीहरुको व्यवसायमा आएको परिवर्तनको बारेमा खोज गरिएको छ । यो जनजातीय अध्ययन भएकोले वर्णनात्मक र विश्लेषणात्मक तरिकाले अध्ययन गरिएको छ ।

सार्की जातिहरु सामाजिक तथा आर्थिक रुपमा पिडित छन् र यसको मुख्य कारण जातीय छुवाछुत र विभेद हो । यस्तो प्रकारको विभेद नै समग्र देश विकासको बाधक हो । दलितहरुका बीचमा नै हुने विभेद हिंसा , उदासीन बानी, निरासपन, पेसालाई न्यून रुपमा लिनु, रक्सी चुरोट सेवन गर्नु, अनावश्यक खर्च, सरसफाइको अभाव खानपानको कमीले उनीहरुलाई हरेक पक्षबाट कमजोर बनाएको छ । नयाँ सीप र प्रविधिको कारणले परम्परागत जातीय पेशा खस्कदै गइरहेको छ (चापागाई , २००९) ।

काफले (वि.सं.२० ६५) ले मा पोखराका कसाई जातिको विवाह पद्धतिमा शहरीकरणको प्रभाव विश्लेषण , विवाह पद्धतिको नालीबेलीको खोजी, विवाह पद्धतिमा शहरीकरणको प्रभाव, उनीहरुमा बढ्दै गएको अन्तर्जातीय विवाहवारे विश्लेषण गर्ने उद्देश्य राखेका छन् । यसको अध्ययन विधि अन्वेषणात्मक र विश्लेषणात्मक रहेको छ । यस जातिमा मागी विवाहको प्रचलन बढी छ । केटा पक्षले केटी पक्षलाई माग्न जाने चलन छ । हाल आएर प्रेम विवाहको पनि प्रचलन रहेको छ । उनीहरुको बसोबास शहरी क्षेत्र केन्द्रित छ । विवाहमा दाइजोको प्रथा बढ्दै गइरहेको छ । गरिबका छोराछोरीको विवाह गर्न समस्या पर्दै जान थालेको छ । कसाई जातिको कन्यालाई रजश्वला नहुँदै गुफा राख्ने चलन छ । यसलाई इही भनिन्छ । बिहेमा दिएको सुपारी फिर्ता दिएमा बिवाह रद्ध भएको मानिन्छ ।

यी जातीहरु माथिल्ला जातिहरुबाट हेलाँका पात्र बनेका सामाजिक प्रचलनमा समान हैसियत प्राप्त गर्नबाट बञ्चित रहेछन् भन्ने बिषयमा थाहा पाइयो । सबै ठाउंमा दलित समुदायका आधारभूत समस्या साझा रहेका छन्, आर्थिक अवस्था कमजोर रहेको छ, सीप भएर पनि सम्मान छैन, सीप भएर पनि सीप अनुसारको आय आर्जन हुन सकेको छैन । आम्दानी नहुनाले नै चेतनास्तर वृद्धि गर्न गाह्रो परेको छ भन्ने कुरा थाहा भयो ।

अमेरिकाको मिचिगन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रले सन २००६ को अक्टोवर महिनामा प्रकाशन गरेको ( Developmental Idealism and changing models of marriage अध्ययन रिपोर्ट नेपालको चितवन उपत्यकामा सन २००३ मा गरिएको प्रत्यक्ष क्षेत्र अध्ययनमा आधारित छ । यो अध्ययनमा नेपालमा संचालित विकासका मोडेलहरुले नेपालीहरुको विवाह पद्धतिमा पारेको असरवारे अध्ययन गरिएको छ । नेपालमा पहिला वालविवाह, मागीविवाह र वहुविवाह गर्ने प्रचलन थियो भने अन्तरजातीय विवाह, विवाह विच्छेदका र विधवा विवाह जस्ता कुराहरु गर्न पाइदैनथ्यो ।

यो अध्ययनवाट नेपालीहरुको ठूलो हिस्सा आधुनिक र विकसित समाजको जस्तै वैवाहिक क्रियाकलाप गर्न चाहन्छन् भन्ने उल्लेख गरिएको छ ।

नेपालीहरुको विवाह गर्न रुचाउने उमेर वृद्धि भएको, अन्तरजातीय बिवाह र विच्छेदका घटनामा वृद्धि भएको तथा वहुविवाह गर्ने चलनलाई कानुनद्धारा निरुत्साहित गर्दै लगिएको कुरा उल्लेख छ । यसरी विवाह पद्धतिमा परिवर्तन ल्याउन मुख्य भूमिका खेल्ने कारक तत्वहरुमा पुस्तागत स्थिति, शिक्षाको प्रभाव वढ्दै जानु, सञ्चार माध्यमहरुको प्रभाव र सहरीकरण गरेका छन् । नेपालीहरुको विवाह गर्ने चलनमा व्यापक परिवर्तन भए पनि अफै पनि पूर्ण आधुनिक परिवारको जस्तो सोचाइलाई व्यवहारमा ल्याउन नसकिएको कुरालाई औंल्याइएको छ ।

प्रसिद्ध समाजशास्त्री प्राध्यापक चैतन्य मिश्रद्धारा लिखित बदलिदो नेपाली समाज कृति अन्तर्गत विवाहको अर्थ राजनीति भन्ने खण्डमा नेपाली समाजमा विभिन्न वैवाहिक पद्धतिहरु हावी भएकामा केही पद्धतिहरु रुपान्तरण हुदै हालसम्म कायम रहेका छन भने केही नयां पद्धतिहरु जन्मेर विकास हुने कममा रहेको र भविष्यमा पनि यस्तो कम जारी रहने कुरा उल्लेख गरिएको छ ।

कुनै खास समाज र जनसमुदायमा स्थापित वैवाहिक पद्धति स्थित नभएर कुनै पद्धति वढी ग्राह्य वन्दै जाने कममा छन भने कुनैले आफनो वैधता गुमाउँदै गएका छन् । नेपालमा प्रचलित विवाह पद्धतिमध्ये मागी विवाह पद्धति हो जसलाई परिवार नजिकका नातागोताद्वारा रचित र संरक्षित भन्दै अर्को बिवाह पद्धति प्रेम बिवाह केटाकेटीको इच्छा अनुसार हुने बताइएको छ । नेपालमा प्रचलित अन्य बिवाह पद्धतिहरु जारी विवाह, बिधवा विधुर विवाह, बालविवाह, बहुविवाह, एकल विवाह, कमवद्ध एकल विवाह आदिलाई मागी विवाह वा प्रेम विवाह अन्तर्गत राखिएको छ । यसमा मागी विवाह पद्धतिलाई सामन्तवादी उत्पादन सम्वन्धभित्र कायम हुने बैवाहिक परम्पराको रुपमा चित्रण गरिएको छ । सामन्तवादी उत्पादन सम्वन्धमा हुने मागी विवाहमा स्वआर्जनमा नभई पुर्ख्यौली आर्थिक सम्पत्ति, पुर्ख्यौली राजनीतिक शक्ति र पुर्ख्योली सामाजिक प्रतिष्ठाको आधारमा आफनो आीर्थक राजनीतिक र सामाजिक हैसियत तय हुने परिपाटी भित्र वेहुलाले आफै वेहुली चयन गर्न नपाउनुलाई स्वभाविक मानिएको छ । वरावरी हैसियत, कुलीनता, राजनीतिक शक्ति, सामाजिक प्रतिष्ठाको आर्जन र यी सवैको दिगोपनाको लागि नै सवैजसो सामन्तहरुले पर्खालभित्र मात्र आफना सन्तानको विवाह तय गर्ने गर्दछन् । यो विवाह

अभिभावकहरुले तय गर्दथे र यस विवाहद्धारा प्राप्त सन्तानलाई मात्र पुर्ख्यौली आर्थिक राजनैतिक र सास्कृतिक अधिकार प्राप्त हुन्थ्यो । नेपालका राणा खानदान ल्याइते र व्याइतेको आधारमा सन्तानहरुमा वर्ग विभाजन हुँदा द्वन्द चलेको थियो ।

पुँजीवाद र विवाह पद्धति बिचको अन्तरसम्बन्धलाई जोडदै यस्तो संरचना र प्रकिया अन्तर्गत स्वतन्त्र व्यक्ति को सिर्जना हुने जसले घर परिवार, स्थानीय नातेदार मित्रजन, कुलकुटुम्व, स्थापित मूल्यमान्यता, रीतिरिवाजवाट स्वतन्त्र भयो । यस्तो परिवर्तनकारी आर्थिक, राजनैतिक र सास्कृतिक विशिष्टता अँगाल्न थालेको समाजमा अभिभावक प्रधान मागी विवाह पद्धति स्वतः अवैध वन्ने कममा पुग्यो । विवाह अगाडि नै शिक्षा र रोजगारीको खोजीमा घरपरिवारवाट टाढा रहनु पर्ने , विवाह गरेपछि पनि बावुआमाको घरमा नवस्ने तथा उनीहरुको नियन्त्रणा नरहने, नातागोता र पारिवारिक इष्टमित्र, छिमेकीवाट टाढा रहनु पर्ने, जीवनयापनको स्रोत गैरपारिवारिक आर्जनलाई मान्नुपर्ने सामाजिक संरचनामा मागी विवाहको बैधता क्षीण हुँदै गएको छ । यस्तो स्थितिमा प्रेम विवाहको नयां पद्धति सुरु भएको कुरा उल्लेख गरिएको छ । यसरी सामन्तवादी अर्थराजनीतिको वैवाहिक पाटो मागी विवाह वनेझै पुंजीवादले डोऱ्याउने र निर्देशित गर्ने पुँजीवादी अर्थराजनीतिको वैवाहिक पाटो प्रेम बिवाह वन्न गएको कुरालाई जोड दिइएको छ ।

नेपाली समाज पहिलाको तुलनामा अहिले खुल्ला वन्दै छ । यो कम विशेषत २००७ सालपछि सुरु भएको हो । नेपाली समाज खुल्ला हुने कममा नेपालीहरुको सम्पर्क अन्य देशका नागरिकहरुसँग हुन थाल्यो । यसले गर्दा नेपाली समाजमा स्थापित धार्मिक, सामाजिक, सास्कृतिक मूल्यमान्यता, रीतिरिवाज र संस्कारहरुमा पनि विदेशी प्रभाव देख्न र अनुभव गर्न थालिएको छ । सूचना प्रविधि र प्रजातान्त्रिक मूल्यमान्यताहरुको विकासले पनि यहाँको संस्कृतिमा प्रभाव पारेको छ ।

## २.६ सन्दर्भ साहित्यको आलोचनात्मक विश्लेषण

माथि उल्लेखित सन्दर्भ साहित्य तथा विभिन्न पुस्तक, पत्रपत्रिकावाट के बुझ्न सकिन्छ भने सुरुवात त पहिले नै भएको रहेछ तर ती राम्रा कुराका सुरुवातलाई पछिका पुस्ताले अपनाएको पाइएन । चलाए त जे पनि चल्दो रहेछ नि आखिर नचलाएर पो रहेछ

त्यो नचलेको  भन्ने भनाई यहाँ मिल्दो पाइयो । हो परम्परादेखि चलिआएको नियम तोड्न एकैचोटि जुनसुकै समाजमा पनि गाह्रै हुन्छ तर विस्तारै परिवर्तनका खुड्किला टेक्दै हिडेको खण्डमा अवश्य परिवर्तन हुन सक्छ । जातियताको सन्दर्भमा होस वा सास्कृति संवन्धमा होस परिवर्तन अवस्य सम्भावित छ ।

त्यसै सन्दर्भमा पोखरा वडा नं. १२ का दलितहरु पनि यी सवै समस्याका साथसाथै साह्रै गरिवीको अवस्थाबाट गुज्रिरहेको समुदाय हुनु ,चेतना साह्रै कमजोर रहनु , आफनो परम्परा र सीपलाई विस्तार गर्नु सट्टा बिर्सने प्रक्रियामा रहेको छ भने यस पूर्व गरिएका अध्ययनमा दलितहरुलाई गरिने बिशेष सामाजिक विभेद नै हरेक पक्षको (दलित समुदायको ) विकासको बाधक हो भनेर भन्न सकिन्छ

नेपालमा दलित समुदायको बारेमा त अध्ययन धेरथोर भई रहेका छन तर सामाजिक क्षेत्रमा अझै पछि परेका दलित समुदायको बास्तविकता पत्ता लगाउने हेतुले आजको अवस्था देशका कुना कुनामा सरकारले शिक्षाको पहुँचलाई जोड दिदै घरघर केटाकेटी खोजी विद्यालय पठाउने कार्यक्रम समेत भइरहेको अवस्थामा साच्चिकै हाम्रै घर आगनमा के छ त अवस्था भनी थाहा पाउन आवश्यक महसुस गरी पोखरा १२ का दलित समुदायको शिक्षाको अवस्था र शिक्षाले विवाह संस्कारको जोडी चयनमा पारेको प्रभावका वारेमा अध्ययन गरिएको हो ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

### ३.१ अनुसन्धान ढांचा

अध्ययन क्षेत्रमा रहको दलित समूहको प्रचलित विवाह सस्कारमा व्यापक परिवर्तनहरु र ती परिवर्तन गराउन मुख्य भूमिका खेल्ने कारक तत्वहरुको बारेमा यो अध्ययन केन्द्रित रहेको छ । अध्ययनको प्रकृति अनुसार मुख्यतया यो अन्वेषणात्मक र वर्णनात्मक किसिमको छ । अध्ययन क्षेत्रमा रहको उल्लेखित समूहहरुको वर्तमान अवस्था विवाह संस्थाका सास्कृतिक एकाइहरु, ती एकाइहरुको वर्तमान अवस्था, ती एकाइहरुको साङकेतिक अर्थ र उद्देश्यहरुको अध्ययन गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने विवाह संस्थामा परेका प्रभावहरु र प्रभाव पर्ने मुख्य कारक तत्वहरुको पहिचान गर्न र तिनीहरुले पारेको प्रभाव अध्ययन गर्न अन्वेषणात्मक विधि तथा त्यहांको तथ्यगत जानकारीको आधारमा गणितीय विधिद्वारा पनि विश्लेषण गरिएको छ । अधिकांश गणितीय तथ्याङकहरुलाई तुलनायोग्य वनाउनको लागि प्रतिशतको प्रयोग गरी सङख्यात्मक विश्लेषण गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोत र प्रकृति

यो अध्ययनमा दुई किसिमका प्राथमिक र द्धितीय तथ्याङ्कका स्रोतहरुलाई प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको सामाजिक वनावट, अवस्थिति, सामाजिक , आर्थिक , शैक्षिक अवस्थाको अध्ययनमा द्धितिय तथ्याङ्कहरुको प्रयोग गरिएको छ भने परिवारिक संख्या, परिवारिक वनोट , विवाहित, अविवाहित विवरण, पेसा, वैवाहिक अवस्था लगायत मुख्य जानकारीहरु प्राथमिक तथ्यांकमा आधारित छन् । यी प्राथमिक तथ्याङ्कहरु प्रश्नपत्र तयार पारी विस्तृत क्षेत्र अध्ययनवाट प्रत्यक्ष रुपमा लिइएका हुन । अध्ययन क्षेत्रमा देखिएका विवाह संस्कारमा परेका प्रभावहरुलाई प्रत्यक्ष अवलोकन पनि गरिएको छ । यसमा प्रयोग गरिएका द्धितीय तथ्याङ्कका स्रोतहरु पो.उ.म.न.पा. दलित महासंघ वडा नं १२ वाट गरेका वस्तुस्थिति  विवरण २०६९ , पत्रपत्रिका, किताव जर्नलहरु आदि रहेका छन् ।

### ३.३ तथ्याङ्कको जनसङख्या र नमुना छनौट विधि

यो अध्ययनको जनसंख्या पो.उ.म.न.पा. वडा नं १२ मा स्थायी वसोवास गर्ने दलित जातिका विश्वकर्मा, परियार र नेपाली समुदाय रहेको छ । यो नमुना छनौट गर्दा उद्देश्यमूलक रुपमा छानिएको हो । यहां वसोवास गर्ने जम्मा घरधुरी संख्या १९५ र जम्मा जनसंख्या १०५० रहेको छ । तथ्याङक सङकलन गर्दा उक्त वडामा घर वनाएर वस्ने परिवारलाई मात्र समावेश गरिएको छ । वावुआमासंग छुट्टिएर वसेका छोराहरुको परिवारलाई पनि जीवित वावु वा आमाका संयूक्त परिवारको रपमा लिइएको छ । आर्थिक रुपमा भिन्न भए पनि वैवाहिक किसिमले एउटै परिवार जस्तै भएकोले त्यसो गरिएको हो । १०० वटा घरधुरीमा जम्मा ६५४ जनाको तथ्यांक संकलन गरिएको छ । प्रत्येक घरधुरीलाई अध्ययनको एकाई मानी उक्त घरधुरीमा वसोवास गर्नेमध्ये उपलव्ध परिवारको जेष्ठ सदस्यसंग प्रत्यक्ष अन्तरवार्ता लिइएको थियो । घरका मुल सदस्यहरुलाई विशेष उत्तरदाताको रुपमा राखी विवाहका विधि विधानहरुको विस्तृत जानकारी अन्तरवार्ताद्वारा प्राप्त गरिएको थियो ।

### ३.४ तथ्याङ्क संकलन विधि

अध्ययन क्षेत्रमा रहेका दलितहरुको घरघरमा स्वय: अध्ययनकर्ता उपस्थित भई पूर्व तयार भएको अर्धसंरचित प्रश्नावलीको मदतले प्रत्येक घरका मूलधनीको रुपमा परिवारको जेष्ठ सदस्यलाई उत्तरदाताको रुपमा लिइएको छ । यदि जेष्ठ सदस्य सोधिएका प्रश्नहरुको उत्तर दिन असमर्थ भएमा वा कार्यव्यस्तताको कारणले भेट हुन नसकेमा उक्त परिवारका उपलव्ध जेष्ठ सदस्यलाई उत्तरदाताको रुपमा छुट्टाछुट्टै अन्तरवार्ता लिएर तथा प्रत्येक अवलोकन विधिवाट तथ्याङ् संकलन गरिएको छ । तथ्याङ्क संकलनमा जानुभन्दा पहिला अध्ययन क्षेत्रमा वसोवास गर्ने दलितहरुको घरधुरी संख्या र तिनीहरुको जेष्ठ सदस्यहरुको सूची तयार गरिएको थियो । तथ्याङ्कको लागि तयार गरिएको, प्रश्नावलीमा ६ खण्ड थिए, जसमध्ये खण्ड क मा आर्थिक तथा सामाजिक स्थिती, खण्ड ख १ मा वैवाहिक स्थिति, खण्ड ख २ मा जोडी चयन सम्वन्धमा , खण्ड ख ३ मा विवाह विधि, खण्ड ख ४ मा विवाह पछिको पृष्टभूमि, खण्ड ख ५ मा अन्तरजातीय विवाह सम्वन्धमा, खण्ड ख ६ मा सम्वन्ध विच्छेद संवन्धमा, खण्ड ग मा परिवार र नाता सम्वन्धमा, खण्ड घ मा शिक्षाको प्रभाव र खण्ड च मा अन्य गरी जम्मा ६ वटा खण्डमा ७२ वटा प्रश्न तयार गरी अध्ययन क्षेत्रका उत्तरदाता समक्ष सोधिएको थियो ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि

विभिन्न श्रोतबाट संकलित तथ्याङ्कहरुको अर्थपूर्ण विवेचनाका लागि तथ्याङ्कहरुको प्रशोधन र विश्लेषण गरिन्छ । अनुसन्धानका सन्दर्भमा विकसित गरिएका अनुसन्धान प्रश्नहरुको उत्तर र परिकल्पना परीक्षणको नतिजा वा निष्कर्ष तथ्यांकको विश्लेषणबाट मात्र प्राप्त हुन्छ । यसैले संकलित तथ्याङ्को थुप्रोलाई अर्थप्रधान रुपमा बोल्न सक्ने बनाउने कार्य नै तथ्याङ्क विश्लेषण हो । तथ्याङ्क विश्लेषण भन्नाले संकलित तथ्याङ्कलाई तिनीहरुको विशेषताहरुको आधारमा श्रेणीबद्ध (Category), क्रमबद्ध (ording), व्यवस्थित (Manipulating) र सारंशित (Summarizing) गर्दै अनुसन्धान प्रश्नहरुको उत्तर प्रष्टयाउने प्रकियालाई तथ्याङ्कको विश्लेषण भनिन्छ तथ्याङ्कको विश्लेषणबाट अनुसन्धानका क्रममा विभिन्न चल (Variable) बिचको सम्वन्धलाई विभिन्न तथ्याङ्कशास्त्रीय (Stastical) तथा गुणात्मक (Qualitative) विश्लेषणबाट अनुसन्धान परिकल्पनाको परीक्षण गर्दै कारण र प्रभाव संवन्धलाई स्पष्ट पार्नु पर्छ । जवसम्म तथ्याङ्कको विश्लेषण बैज्ञानिक किसिमबाट हुन सक्दैन तब सम्म ठूलो समय, श्रोत र साधनका बाबजुत पनि संकलित तथ्यांकको कुनै औचित्यता नरहने हुनाले वैज्ञानिक ढंगबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

आवश्यक सूचनाहरुको संकलन गरिसकेपछि तथ्यांकलाई विविध प्रकृति अनुरुप शीर्षक र उपशीर्षकमा विभाजन गरी तालिकीकरण गरिएको छ । तालिकीकरण गर्दा तथ्याङ्कलाई दरगत रुपमा वर्गीकरण तथा विश्लेषण गरिएको छ । यो एउटा सामाजिक विषयको अध्ययन भएकोले विश्लेषणात्मक विधिबाट अध्ययनलाई अगाडि लैजाने प्रयास भएको छ । तथ्यहरुको विश्लेषण अनुसन्धानकर्ताले सामान्यतया बाहिरबाट अध्ययन गर्दा के देखियो ? त्यसलाई समावेश गरिएको छ । यो एउटा सामाजिक बिषय भएकोले Etic र Emic दुवै दृष्टिकोण (Approach) बाट तथ्यहरुलाई केलाइएको छ । साथै तथ्यांकको विश्लेषण गर्दा संख्यात्मक (Quantitative) लाई तालिकीकरण गरी व्याख्या गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको पृष्ठभूमि

## ४.१ पोखरा उपत्यकाको परिचय

नेपालको पाँच विकास क्षेत्र मध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने पोखरा उपमहानगरपालिका गण्डकी अञ्चल कास्की जिल्लामा पर्दछ । जुन २०१६ मा स्थापना भई २०५२ माघ १८ गते पोखरा उपमहानगर पालिका घोषणा भयो । यसको सिमाना पूर्वमा लेखनाथ नगरपालिका, आर्वा र काहुं गा.वि.स. , पश्चिममा सराङ्कोट , अर्मला, लामाचौर र हेम्जा गा.बि.स. दक्षिणमा भरतपोखरी, निर्मलपोखरी र कृष्तिनाच्नेचौर गा.वि.स. पर्दछ । यसको अधिकतम तापक्रम अप्रिल महिनामा ३३ डिग्री से. सम्म र न्यूनतम तापक्रम जनवरीमा ५ देखि ६ डिग्री से. सम्म पाइन्छ भने हावापानी समशितोष्ण प्रकारको छ । पोखरा उपमहानगरपालिका अत्यन्तै रमणीय स्थानको रुपमा परिचित छ । यसलाई नेपालको एक महत्वपूर्ण पर्यटकीय स्थलको रुपमा लिने गरिन्छ । यो शहर कास्की जिल्लाको जिल्ला सदरमुकाम,गण्डकी अञ्चलको अञ्चल सदरमुकाम र पश्चिमाञ्चल विकास क्षेत्रको विकास क्षेत्र सदरमुकाम हो । यसको फैलावट २८.२४ उत्तर देखि ८३.९९ पूर्व पश्चिम रहेको छ । (जिल्ला पार्श्वचित्र, २०६८) मनास्लु श्रृंखला ८००० मिटर भन्दा अग्ला हिमालयहरु यहाँबाट देखिन्छन् । वर्तमान नेपाल एकिकरण हुनु भन्दा अगाडि पोखरा कास्की राज्य अन्तर्गत मिलाइएको थियो । पृथ्वी नारायण शाहका माहिला छोरा नायम बहादुर शाहको समयमा पोखरा उपत्यका वर्तमान नेपालमा मिलाइएको थियो । यहांको जनसख्या करिव दुई लाख पचहत्तर हजार छ । ५ दशमलव ४६ प्रतिशत जनसंख्या वृद्धि रहेको यहाँको वृद्धिदर अधिराज्यकै सर्वाधिक मध्ये पर्दछ । सन २००१ को तथ्याङ्कार यहाँ बाहुन २२ दशमलव ८३ प्रतिशत , गुरुङ २१ दशमलव ६२ प्रतिशत, मगर ८ दशमलव २० प्रतिशत, क्षेत्री १५ दशमलव ३५ प्रतिशत र दलित ८ दशमलव ७१ प्रतिशत रहेको छ । यहाँ नेवार, मुस्लिम, तामाङ, थकाली आदि जनजाति बस्दछन् । यहां परम्परागत पेशा व्यवसायको अलवा बाहिर काम गरेर आएका मानिस र लाहुरेको बसोवास बढी भएको पोखरा लाई महंगो शहर पनि भनिन्छ । यहाँको मुख्य अर्थोपार्जन पर्यटन व्यवसाय हो । यहांको मुख्य बाली खाद्यान्न : धान, गहुं, मकै, कोदो हो भने दलहनमा बोडी, केराउ,

भटमास, तेलहन, तोरी , तरकारीमा : आलु, प्याज, काउली गोलभेडा, सिमि,काको,फर्सि, मुला,साग, घिरौला , खुर्सानी भण्टा आदि पर्दछन भने फलफूलमा केरा, अम्वा, नासपति, सुन्तला, निवुवा, कागती, लप्सी आदि पर्दछन् । यस उपमहानगरपालिका भित्र मनोरञ्जन तथा पर्यटकीय स्थलहरुमा फेवाताल, डेभिडफल, कमलपोखरी, महेन्द्रगुफा, चमेरो गुफा, गुप्तेश्वर महादेव गुफा, विन्ध्यवासिनी मन्दिर आदि छन । यहांका बासिन्दाको मुख्य चाडपर्वहरु : दशै, तिहार, गाइजात्रा, माघे सक्रान्ति, लाखेनाच, श्रीकष्ण अष्टमी, तमुल्होछार, इद, ऋषिपंचमी, रक्षाबन्धन आदि हुन (पोखरा नगरपालिका , वार्षिक नगर विकास योजना ,आ.व. ०६९।०७०)

पोखरा पश्चिमाञ्चलको प्रमुख स्वास्थ्य तथा शिक्षा केन्द्र पनि हो । नेपालकै प्रख्यात पृथ्वी नारायण क्याम्पस, जनप्रिय क्याम्पस , पोखरा विश्वविद्यालय तथा अन्य थुप्रै क्याम्पस तथा विद्यालय रहेका छन भने स्वास्थ्यको क्षेत्रमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, मणिपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, गण्डकी मेडिकल कलेज तथा शिक्षण अस्पताल साथै थुप्रै स्वास्थ्य संस्था रहेका छन् । (स्रोत : पोखरा उपमहानगरपालिका , नेपाली विकिपीडियाबाट)

### ४.१.२ सामाजिक जनसांख्यिक विवरण

कुनै पनि ठाउँमा प्रचलित सामाजिक धार्मिक मूल्यमान्यता, रीतिरिवाज र संस्कृतिलाई त्यहाँको भौगोलिक, जातीय, लैङ्गिक , शैक्षिक, धार्मिक स्थितिले असर गरेको हुन्छ । मानिसद्धारा निर्मित भौतिक र अभौतिक संपूर्ण वस्तुहरुलाई संस्कृति भनिन्छ । समाजमा प्रचलित बिवाह संस्कार पनि सस्कृतिको अभिन्न अङग हो त्यसैले कुनै ठाउँमा प्रचलित विवाह संस्कारको बारेमा अध्ययन गर्दा त्यहाँको सामाजिक , जनसाङिख्यक स्थितिको बारेमा परिचित हुन आवश्यक पर्ने हुँदा अध्ययन क्षेत्र र अध्ययन क्षेत्र रहको पोखरा उपमहानगरपालिकाको सामाजिक, जनसाङ्खिक वनावटलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१**

**पोखरा उप महानगर पालिकाको जात अनुसारको जनसंख्या**

| सि.नं | जात | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | ३५८८४ | २२.९३ |
| २ | क्षेत्री | २७०५१ | १७.३० |
| ३ | जनजाति | ७४८२५ | ४७.८७ |
| ४ | दलित | १५२९८ | ९.७९ |
| ५ | मुस्लिम | १९०९ | १.२२ |
| ६ | बंगाली | ४२ | ०.०३ |
| ७ | पंजावी | ५ | ०.००३ |
| ८ | जात नखुलेका अन्य जाति | १२७२ | ०.८१ |
| ९ | अन्य | २६ | ०.०२ |
|  | जम्मा | १५६३१२ | १०० |

स्रोत : (जनगणना २०५८) : पोखरा उपमहानगर पालिका ,वार्षिक नगर विकास योजना आ.व. ०६९।०७०

पोखरा उपमहानगरपालिकामा जात जातिको अवस्थालाई हेर्दा ब्राहमण ३५८८४ (२२.९३**%**), क्षेत्री २७०५१ (१७.३०**%**), जनजाति ७४८२५ (४७.८७**%**) , दलित १५२९८ (९.७९**%**) , मुस्लिम १९०९ (१.२२ **%**), बंगाली ४२ जना (०.०.०३**%** ), पंजाबी ५ जना (०.००३**%** ), जात नखुलेका अन्य जाति १२७२ (०.८१**%**) अन्य २६ (०.०२**%**) जम्मा १५६३१२ जनसंख्या रहेका छन् ।

## ४.२ पोखरा वडा नं. १२ को अवस्थिति

पोखरा उपत्यकाको वडा नं १२ मा १८ वटा टोल छन् । यसको क्षेत्रफल १५५.६० हेक्टरमा फैलिएको छ । यहांका घर परिवार संख्या १७६९ छन भने जम्मा जनसंख्या ७३६९ मध्ये महिला ३८६८ र पुरुष ३५०१  रहेका छन् जम्मा घरधुरी संख्या ५३९ छन् (जनगणना २०५८) ।

यस नगर भित्र रहेका १८ वटा टोलमा १८ वटै टोल विकास समिति छन् जसले आ आफ्नो टोलको विकास गर्ने कार्यमा अग्रसर छन् । ती टोलहरु हुन : १) जय टोल २) सिंगापुर टोल ३) फूलवारी शान्ति टोल ४) चापापानी टोल ५) सितलादेवी टोल ६) लालीगँरास टोल ७) ढिकालेथर टोल ८) माछापुच्छ्रे टोल ९) हस्पिटलचोक टोल १०) सरस्वती टोल ११) भृकुटी टोल १२) बासुरामवृक्ष टोल १३) पिपलडाली प्रगति टोल १४) माटेपानी गुम्वा फेदी टोल १५) कालीका मार्ग टोल १६) कुंडहरचोक टोल १७) लालीगुराँस मिनिमार्ग टोल १८) लालीगुंरास शक्तिमार्ग टोल छन् भने पोखरा १२ को सिमाना पनि यिनै  टोलहरु हुन् । यंहा सेवा हस्पिटल , सि.टी.ई. भि.टि., आदर्श वोडीङ स्कूल, हिल पोइण्ट बोडिङ स्कूल, पोखरा यूनाइटेड , सरस्वती स्कूल सितला देवी सामुदायिक स्कूल, आदि रहेका छन् । सितलादेवी मन्दिर, माटेपानी गुम्वा,भद्रकाली मन्दिर, यहाँका चर्चीत मन्दिर र गुम्वा हुन । यहां ब्राहमण, क्षेत्री, बैश्य, शुद्र चारै वर्णका मानिसहरु बसोवास गर्दछन् । कास्की जिल्लाका गा.वि.स. याङ्जाकोट, सिकलेश, तप्राङ, घान्द्रुक आदि ठाउँबाट गुरुङहरु र दलितहरु बसाई सरेर धेरै यहाँ बसोबास गरेको पाइन्छ भने गुरुङहरु प्राय इण्डियन आर्मी र ब्रिटिस आर्म्रीमा भर्ती भएका छन् भने अन्यले कृषि, व्यापार, जागीर र पर्यटन पेशा अपनाएका छन्

## ४.२.१ सामाजिक जनसांख्यिक  विवरण

कुनै पनि ठाउंमा प्रचलित सामाजिक धार्मिक मूल्यमान्तयता, रीतिरिवाज र संस्कृतिलाई त्यहाँको भौगोलिक, जातीय, लैङ्गिक , शैक्षिक, धार्मिक स्थितिले असर गरेको हुन्छ । मानिसद्धारा निर्मित भौतिक र अभौतिक संपूर्ण वस्तुहरुलाई संस्कृति भनिन्छ । समाजमा प्रचलित बिवाह संस्कार पनि सस्कृतिको अभिन्न अङग हो त्यसैले कुनै ठाउँमा प्रचलित विवाह संस्कारको बारेमा अध्ययन गर्दा त्यहाँको सामाजिक , जनसाकि स्थितिको बारेमा परिचित हुन आवश्यक पर्ने हुँदा अध्ययन क्षेत्र र अध्ययन क्षेत्र रहको पोखरा उप महानगर पालिकाको  सामाजिक, जनसाङ्खिक वनावटलाई यहां  संक्षेपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**पोखरा उपमहानगरपालिका वडा नं. १२ को जात अनुसारको जनसंख्या**

| सि.नं | जात | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | १६९० | २२.९३ |
| २ | क्षेत्री | १२७५ | १७.३० |
| ३ | जनजाति | ३५२८ | ४७.८७ |
| ४ | दलित | ७१९ | ९.७९ |
| ५ | मुस्लिम | ९० | १.२२ |
| ६ | बंगाली | ४ | ०.०३ |
| ७ | पंजावी | १ | ०.००३ |
| ८ | जात नखुलेका अन्य जाति | ६९ | ०.८१ |
| ९ | अन्य | ३ | ०.०२ |
| | जम्मा | ७३६९ | १०० |

स्रोत : (जनगणना २०५८) : पोखरा उपमहानगर पालिका ,वार्षिक नगर विकास योजना आ.व. ०६९।०७०

पोखराउपमहानगर पालिका वडा नं १२ का जातजातिको अवस्थालाई हेर्दा ब्राम्हण १६९० जना अर्थात (२२.९३**%** ), क्षेत्री १२७५ अर्थात १७.३० **%** , जनजाति ३५२८ (४७.८७ **%**), दलित ७१९ जना (९.७९ **%**), मुस्लिम ९० जना (१.२२**%** ), बंगाली ४ जना (०.०३ **%**), पंजावी १ जना (०.००३**%** ), जात नखुलेका अन्य जाति ६९ जना (०.८१**%**) , अन्य ३ जना (०.०३**%**), जम्मा ७३६९ अर्थात (१००**%**) रहेको छ ।

## ४.३ धार्मिक स्थिति

यो वडा  बहुधार्मिक छ । यहाँका मानिसहरुले विभिन्न धर्म माने पनि धार्मिक अनेकतामा एकता रहेको पाइन्छ । एउटा धर्म मान्ने समुदायले अर्को धर्मको पनि कदर गरेका छन् । यहाँको धार्मिक वनावट यस प्रकार छ ।

**तालिका नं. ४.३**

**वडा नं १२ को दलितहरुको धार्मिक विवरण**

| धर्म | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५८४ | ८९.२९ |
| वौद्ध | ० | ० |
| मुस्लिम | ० | ० |
| क्रिश्चियन | ७० | १०.७० |
| जम्मा | ६५४ | १०० |

स्रोत : वडा नं. १२ वस्तुस्थिति विवरण २०६९

माथिको तालिकावाट यस वडामा वसोवास गर्ने दलितहरु मध्ये सवैभन्दा धेरै ५८४ (८९.२९ %) ले हिन्दु धर्म र सवैभन्दा कम मानिस (१०.७९%) ले क्रिश्चियन धर्म मान्दछन् । भने वौद्ध र मुस्लिम धर्म मान्ने दलितहरु यस वडामा पाइएन । यहाँका हिन्दू धर्म मान्ने दलितहरुले  तिहार, जनैपूर्णिमा शिवरात्रि, फागुपूर्णिमा , होली तीज जस्ता पर्वहरु मनाउँछन् भने क्रिश्चियन धर्म मान्नेहरुले चर्जमा गएर नियमित प्रार्थना गर्दछन् र क्रिसमस डे मनाउँछन् ।

## ४.४ शैक्षिक स्थिति

कुनै पनि स्थानको शैक्षिक स्थितिले उक्त ठाउंको हरेक स्थितिलाई निर्धारण गर्दछ । देश विकासको लागि चाहिने मावनशक्ति शैक्षिक क्रियाकलापमा भर पर्दछ । यस वडाका केही दलितहरु वाहेक धेरै दलितका केटाकेटी सामुदायिक विद्यालयमा भर्ना भई पढेको पाइयो । भने उच्च शिक्षा पुरा गर्ने दलितहरुका बालबालिका कम मात्रामा देखियो ।

**तालिका ४.४**

**वडा नं १२ का दलितको शैक्षिक स्थिति**

| तह | जम्मा | प्रतिशत |
|---|---|---|
| निरक्षर | १४७ | २२.४७ |
| साक्षर | १०६ | १६.२ |
| प्राथमिक | २३५ | ३५.९३ |
| नि.मा.वि. | ५९ | ९.० |
| एस.एल.सी. | ४७ | ७.१८ |
| प्रमाण पत्र तह | ३६ | ५.५ |
| स्नातक तह | २४ | ३.६६ |
| स्नातकोत्तर | ० | ० |
| जम्मा | ६५४ | १०० |

स्रोत : क्षेत्रगत अध्ययन, २०६९

माथिको तालिका अनुसार  यस वडाको जनसङ्ख्या ६५४ जनामा निरक्षर १४७ जना (२२.४७ %), साक्षर १०६ जना (१६.२ %) , प्राथमिक तह उत्तिर्ण २३५ जना (३५.५३ %), नि.मा.वि. उत्तिर्ण ५९ जना (९.० %) एस.एल.सी. उत्तिर्ण ४७ जना (७.१८%) , स्नातक तह २४ जना (३.६६ % ले गरेको पाइयो । समग्र देशमा दलित समुदाय शिक्षामा पछि परे भ्रै यस वडाका दलित समुदाय पनि अभ्रै (२२.४७%)  निरक्षर छन जसले आफनो नाम लेखी सहि गर्न सम्म पनि जान्दैनन् ।

## ४.५ जातीय संरचना

यो अध्ययनको लागि छनौट गरिएको पोखरा वडा नं. १२ मा वसोवास गर्ने दलितहरुको कुल घरधुरी १९५ मध्ये १०० घरलाई छनौट गरिएको छ । यहां वास्तविक घरधुरी धेरै भए पनि एउटै बावु वा आमाको तर्फवाट आउने भएकोले कम देखिएको छ । अध्ययनको लागि छनौट गरिएको उत्तरदाताहरुको घरधुरीको जातीय संरचना यस प्रकार छ ।

**तालिका ४.५**

**अध्ययनमा छनौट गरिएका घरधुरीको जातिगत विवरण**

| जाति | परिवार सङख्या | प्रतिशत |
|---|---|---|
| कामी , सुनार / विश्वकर्मा | २६ | २६ |
| दमाई/ परियार | ३३ | ३३ |
| सार्की / नेपाली | ४१ | ४१ |
| जम्मा | १०० | १०० |

स्रोत : क्षेत्रअध्ययन २०६९

अध्ययनमा छनौट गरिएका घरधुरीहरु मध्ये सवैभन्दा वढी नेपालीको घरधुरी संख्या ४१ घर (४१ %) , त्यसपछि परियारको घरधुरी संख्या ३३ (३३ %) र विश्वकर्माको घरधुरी संख्या २६ (२६ %) मात्र रहेको छ ।

## ४.६ लैङ्गिक अवस्था

अध्ययनमा छनौट गरिएका १०० घरधुरीमा वसोवास गर्ने विवाहित र अविवाहित सदस्यहरुको लैङ्गिक विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.६**

**अध्ययनमा छनौट जनसङ्ख्याको लैङ्गिक विवरण**

| **लिङ्ग** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | ३५१ | ५३.६६ |
| पुरुष | ३०३ | ४६.३३ |
| जम्मा | ६५४ | १०० |

स्रोत : क्षेत्रअध्ययन , २०६९

अध्ययनको लागि छनौट गरिएका घरधुरीमा संलग्न सदस्यहरुमध्ये आधाभन्दा वढी ( ५३.६६%) अर्थात ३५१ जना महिलाहरु छन भने (४६.३३ %) अर्थात ३०३ जना पुरुषहरुको सङ्ख्या छ । अध्ययनको घरधुरीमा विवाह भएर आफनो घरमा रहेका छोरीहरुको पनि

विवरण यसमा परेको छ । विवाहित छोरीलाई पनि अध्ययनको प्रकृति अनुसार समावेश गरिएकोले वास्तविक बसोवास गरेको जनसङ्ख्या भन्दा केही बढी देखिएको छ ।

### ४.७ उमेरगत अवस्था

यस अध्ययनमा छनौट गरिएका घरधुरीमा रहेको जनसङ्ख्याको उमेरमा विविधता रहेको छ । अध्ययनको क्रममा भर्खरै जन्मेको बच्चा देखि ८५ वर्षको वृद्ध सम्म समावेश छन् । तिनीहरुलाई निम्नानुसार उमेर समूहमा विभाजन गरिएको छ ।

**तालिका ४.७**

**अध्ययनमा छनौट जनसङ्ख्याको उमेरगत विवरण**

| उमेर समुह | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| ५ वर्ष मुनि | १८ | २.७५ |
| ६–१० वर्ष | ८२ | १२.५३ |
| ११–२४ वर्ष | १५६ | २३.८५ |
| २५–४५ | २६७ | ४०.८२ |
| ४६–६० | ५९ | ९.०२ |
| ६१–७५ | ५८ | ८.८६ |
| ७५ वर्ष भन्दा माथि | १४ | २.१४ |
| जम्मा | ६५४ | १०० |

स्रोत : क्षेत्रअध्ययन , २०६९

अध्ययनमा छनौटमा संलग्न गरिएका घरधुरीमा संलग्न सदस्यहरुमा ५ वर्ष मुनिका सदस्य संख्या १८ जना (२.७५ %), ६–१० वर्ष सम्मका ८२ जना (१२.५३ %), ११–२४ वर्ष सम्मका १५६ जना (२३.८५ %) २५–४५ वर्षका २६७ (५६.११ %), ४६–६० वर्षका ५९ जना (९.०२%) ६१–७५ सम्मका ५८ जना (८.८६ %) र ७५ वर्ष भन्दा माथि उमेर समूह भएका सदस्य संख्या १४ अर्थात (२.१४ %) भएको पाइयो ।

## ४.८ पेसागत अवस्था

अध्ययनमा छनौट गरिएको जनसङ्ख्याको पेसागत अवस्थाले त्यहांका मानिसहरुको आर्थिक स्थितिको झलक दिन्छ। त्यहाँका मानिसहरुको जीविकोपार्जनको अवस्था कस्तो छ ? भन्ने जनाउँछ । मानिसको आर्थिक अवस्थाले त्यहाँका व्यक्तिहरुको चेतनाको स्तरपनि निर्धारण गर्दछ। अध्ययनको कूल जनसङ्ख्याको पेसागत अवस्था निम्नानुसार छ।

**तालिका ४.८**

**अध्ययनमा छनौट जनसङ्ख्याको पेसागत विवरण**

| पेसा | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विदेशमा रोजगार | ४६ जना | ७.०३ |
| स्वदेशमा रोजगारमा ड्राइभिङ | ५८ जना | ८.८६ |
| व्यापार व्यवसाय | ७२ जना | ११ |
| जागिरमा | ४९ | ७.४९ |
| कृषि | ४५ | ६.८८ |
| मजदुरी | १३२ | २०.१८ |
| विद्यार्थी | १४३ | २१.८६ |
| गृहणी | ७२ | ११ |
| वृद्ध | ३७ | ५.६५ |
| जम्मा | ६५४ | १०० |

स्रोत : क्षेत्रअध्ययन , २०६९

अध्ययनमा छनौट गरिएको जनसंख्याको पेशागत विवरण अध्ययन गर्दा विदेशमा रोजगार ४६ जना (७.०३%), स्वदेशमा रोजगार (ड्राईभर) ५८ जना (८.८६ %) , व्यापार व्यवसाय ७२ जना (११ %), कृषिमा ४५ जना (६.८८ %), मजदुरी १३२ (२०.१८ %), विद्यार्थी १४३ जना (२१.८६ %) गृहणी ७२ जना ११ %, वृद्ध ३७ जना (५.६५%) रहेको पाइयो ।

## ४.९ आर्थिक अवस्था

यस वडाका दलितहरु जुन पहिलादेखि नै यहांका स्थानीय छन् तिनीहरुको जग्गा जमिन भएको पाइयो भने जो अन्यत्रबाट वसाइ सरेर आएका छन तीनिहरु सानो टुक्रा जग्गा किनेर बसेका अथवा धेरै जसो सुकुम्वासीमा बावुको पाला देखि नै बसेको र सडकका छेउमा छाप्रो घर बनाएर बसेका छन भने कता सरकारले यहाँवाट पनि हामीलाई उठाउँछ भन्ने त्रासमा रहेको पाइयो । यहाँका दलितहरु जीविकोपार्जनका वैकल्पिक उपायको लागि अरवी देशहरुमा गएको र धेरैले ड्राइभर खलासी, मजदुरी, सिलाई आदि कार्य गरि अर्थो उपार्जन गरेको पाइयो ।

**तालिका ४.९**

**अध्ययनमा छनौट जनसङ्ख्याको आम्दानीको अवस्था**

| आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| मासिक ५०० भन्दा कम | १० | १० |
| मासिक १०,००० भन्दा कम | ४० | ४० |
| मासिक २०,०००। भन्दा कम | ३२ | ३२ |
| मासिक ५०,०००। भन्दा कम | १० | १० |
| मासिक १०००००। भन्दा कम | ८ | ८ |
| जम्मा | १०० | १०० |

स्रोत : क्षेत्र अध्ययन , २०६९

अध्ययन क्षेत्रका परिवारको आम्दानीको अवस्थालाई हेर्दा मासिक रु. ५०००। भन्दा कम कमाउने परिवारको संख्या १० (१० %) , मासिक १०,०००। भन्दा कम ४० परिवार ( ४० %), मासिक २०,०००। भन्दा कम ३२ (३२ %) मासिक ५०,०००। भन्दा कम १० परिवार (१० %) र मासिक १०००००। भन्दा कम ८ परिवार ( ८ %) रहेको अध्ययनमा पाइयो ।

## ४.१० पारिवारिक संरचना

अध्ययन क्षेत्रमा रहेका दलितहरुको पारिवारिक संरचनाको स्थिति निम्नानुसार छ ।

**तालिका ४.१०**

**अध्ययनमा छनौट जनसङ्ख्याको पारिवारिक विवरण**

| परिवारको प्रकार | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ५० | ५० |
| संयूक्त परिवार | ४२ | ४२ |
| वृहत परिवार | ७ | ७ |
| जम्मा | १०० | १०० |

स्रोत : क्षेत्रअध्ययन : २०६९

अध्ययनमा छनौट गरिएका १०० घरधुरीहरुमा तीन किसिमका परिवारहरु पाइन्छन् । सवैभन्दा धेरै (५० %) परिवारहरु एकल छन् । वावुआमा र उनीहरुका छोराछोरीमात्र सम्मिलित परिवार एकल परिवार हो । संयूक्त परिवारको सङख्या दोस्रो स्थान (४२ %) मा रहेको छ । बाबुआमा , छोराछोरी र नातिनातिना गरी तीनवटा पुस्तासंगै वस्ने यो संयूक्त परिवारको सङख्या विस्तारै घट्दै छ । त्यस्तै अति न्यून सङ्ख्या (७ %) मा बृहत परिवार पाइयो । हजुरबुबा/हजुरआमा, आमावुवा, नातिनातिना र पनातिपनातिना गरी ४ पुस्तासंगै वस्ने परिवार बृहत परिवार हो । यस अध्ययनमा संलग्न कतिपय संयूक्त परिवार र बृहत परिवारमा एकल परिवारहरु पनि परेको हुंदा वास्तविक रुपमा एकल परिवारको सङ्ख्या केही वढी हुन सक्छ ।

## ४.११ सदस्य संख्या विवरण

अध्ययन क्षेत्रमा रहेका दलितहरुको पारिवारिक संरचनाको स्थिति निम्नानुसार छ ।

## तालिका ४.११

## अध्ययनमा संलग्न परिवारको सदस्य सङ्ख्या विवरण

| सदस्य सङख्या | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २–५ जना | ३७ | ३७ |
| ६–१० जना | ५० | ५० |
| ११–१५ जना | ९ | ९ |
| १६–२० जना | ३ | ३ |
| २१ जना भन्दा माथि | १ | १ |
| जम्मा | १०० | १०० |

स्रोत : क्षेत्रगत अध्ययन : २०६९

अध्ययन क्षेत्रमा सदस्य संख्या हेर्दा २–५ जना सदस्य संख्या रहेको ३७ परिवार (३७ %), ६–१० जना सदस्य संख्या रहेको ५० परिवार (५०% ), ११–१५ जना सदस्य संख्या रहको ९ परिवार (९% ), १६–२० परिवार संख्या ३ (३ % ) र २१ जना भन्दा माथि सदस्य संख्या रहेको परिवार संख्या १ ( १ % ) रहेको पाइयो ।

# अध्याय पाँच

## दलित समूहको बिबाह संस्कारमा आएका परिवर्तन र कारकतत्व सम्वन्धी अवधारणाहरुको तथ्यांक र विश्लेषण

दलित समूहको बिबाह संस्थामा थुप्रै परिवर्तनहरु आएको देखिन्छ । विवाहका कुनकुन पक्षहरुमा कस्ता किसिमका परिवर्तनहरु आएका छन् भनी अध्ययनमा सङकलन गरिएका तथ्यहरुको विश्लेषण यहां गरिएको छ । यस एकाइमा विवाहका विभिन्न पक्षहरुमा देखिएका परिवर्तनहरुको वारेमा उत्तरदाताहरुद्धारा व्यक्त धारणा लगायत विवाहमा आएका परिवर्तन सम्वन्धी तथ्यहरुलाई विश्लेषण गर्न सजिलो र व्यवहारिक हुने भएकोले परिवर्तनका कारकहरु सम्वन्धी सूचनाहरुलाई छुट्टै एकाई नवनाई एकैसाथ प्रस्तुत गरी सविस्तार व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.१ अध्ययन क्षेत्रमा प्रचलित बिबाहका तरिकाहरु

नेपाली समाज वहुजातीय, वहुभाषिक, वहुसास्कृतिक तत्वहरुको सम्मिश्रणवाट निर्मित भएकोले जाति , धर्म अनुसार विभिन्न संस्कृतिहरु प्रचलनमा छन् । यी विभिन्न संस्कृति मध्येको एउटा तत्व विवाह पनि हो । बिबाहका प्राचीन तरिकाहरुमा धेरै परिवर्तन आएको छ ।

**तालिका ५.१**

**अध्ययन क्षेत्रमा पाइने बिबाहका प्रचलित रुपहरु**

| क.सं. | विवाह गरेको उमेर | जम्मा संख्या | मागी विवाह | | प्रेम विवाह | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १५ वर्ष भन्दा तल | ५२ | ३८ | ९.४ | १४ | ३.४८ |
| २ | १६ देखि २६ वर्ष | ३०६ | २६९ | ६६.९१ | ३७ | ९.२ |
| ३ | २६ देखि ४६ वर्ष | ४४ | ४१ | १०.१ | ३ | ०.७४ |
| ४ | ४६ भन्दा माथि | ० | ० | ० | ० | ० |
| ५ | जम्मा | ४०२ | ३४८ | ८६.४१ | ५४ | १३.४२ |

स्रोत : क्षेत्र अध्ययन , २०६९

अध्ययन क्षेत्रमा रहेकाहरु मध्ये १५ वर्ष भन्दाकम उमेरमा विवाह गर्ने मध्ये ३८ जना (९.४% ) मागी विवाह गरे भने १४ जना (३.४८% ) ले प्रेम विवाह गरेको पाइयो । त्यस्तै १६–२६ वर्ष भित्र विवाह गर्ने सदस्य मध्ये २६९ जना (६६.९% ) ले मागी विवाह गरेको र ३७ जना (९.२४ %) ले प्रेम विवाह गरेको , त्यस्तै २६–४६ वर्ष भित्र विवाह गर्ने मध्ये ४१ जना (१०.१४%) जनाले मागी विवाह गरेको  ३ जना (०.७४ %) ले प्रेम बिबाह गरेको पाइयो ।

### ५.१.२ मागी वा प्रेम विवाह प्रचलनमा आउनाका कारणहरु

मागी विवाह प्रचलनमा छ भन्नेहरुले वावुवाजेको पालामा चल्दै आएको परम्परालाई अनुसरण गर्नु पर्ने, मागी विवाह गरेमा इष्टमित्रवाट माया र ममता वढी पाइने, बाबु आमाले आफना सन्तानको भलो हुने गरी सोचविचार गरेर विवाह गरिदिने हुनाले सम्वन्ध दीर्घकालीन हुने विचार व्यक्त गरे भने प्रेम विवाह बढी प्रचलनमा छ भन्नेहरुले आजको युगमा आफनो जोडी आफै छान्न पाउने स्वतन्त्रता हुने, आफनो इच्छा अनुसार जोडी छान्नाले इच्छा, रुचि चाहना मिल्ने जोडी छानिन्छ, यसले गर्दा बिवाह सम्वन्ध सुमधुर र दीर्घकालीन हुन्छ भन्ने विचार व्यक्त गरे ।

यसरी पुरानो पुस्ताले मागी विवाहको पक्षमा र नयाँ पुस्ताले प्रेम विवाहको पक्षमा आफनो अभिमत प्रकट गर्नाले बिबाहको सम्वन्धमा अहिले पुस्तागतरुपमा वैचारिक द्वन्द रहेको स्पष्ट देखिन्छ ।

### ५.१.३ विवाह गर्ने उमेरमा भएको परिवर्तन

हिन्दू धर्म संस्कृतिवाट निर्देशित दलित समूहमा छोरीको विवाह सानो छदै गरिदिने चलन थियो । रजस्वला हुनुभन्दा अगाडि छोरीलाई पवित्र मानिने हुँदा छोरीको विवाह रजस्वला नहुदै गरिदिएर गोडाको जल खाए पुण्य मिल्छ भन्ने मान्यताले गर्दा अधिकांश महिलाहरुको विवाह सानो उमेरमा नै गरिदिने चलन थियो । आज भन्दा २५–३० वर्ष अघि ६–८ वर्ष सम्मका केटीहरुको बालविवाह गरेका घटनाहरु समाान्य जस्तै लाग्दथे तर अहिले यो चलनमा धेरै परिवर्तन आएको छ । अहिले बालबिवाह गर्नलाई धेरै

क्रियाकलापहरुले गर्दा वन्देज लगाएको छ । यो परिवर्तन ल्याउन धेरै तत्वहरुले भूमिका निर्वाह गरेका छन् ।

### ५.१.४ विवाह गर्ने उमेरमा परिवर्तन आएका कारणहरु

विवाह गर्ने उमेरमा परिवर्तन आएको छ भन्नेहरुलाई किन आएको होला ? भनी कारण सोध्दा कतिपय उत्तरदाताले विवाह भनेको के हो ? भनी थाहा नहुँदै विवाह गर्नु अपराध हुन्छ भने कसैले २० वर्ष नपुगी विवाह गर्न हुँदैन भन्ने मान्यताको विकास भएको वताए । अरु कारणहरुमा आजकल चेतनाको विकास भएको, परिपक्क वा आत्मनिर्भर भएर मात्र विवाह गर्दा अरुमाथि भर पर्ने नपर्ने, सानो उमेरमा विवाह भएका आमा र वच्चा दुवैको स्वास्थ्यमा नराम्रो असर पर्ने, सानो उमेरमा विवाह भए सन्तान धेरै जन्मिएर पालनपोषण गर्न गाह्रो हुने बताए । त्यस्तै पहिला कृषि कार्यको लागि काम गर्ने मानिस बढी चाहिने हुँदा चाडै विवाह गर्ने चलन थियो तर अहिले त्यस्तो नभएको बताए । अहिले कानुनद्वारा पनि सानो उमेरमा विवाह गर्न नपाइने हुनाले पनि विवाह गर्ने उमेरमा परिवर्तन भएको कुरा अधिकांश सहभागीले व्यक्त गरे ।

यसरी समग्र रुपमा हेर्दा दलित समूहमा पहिला जस्तो सानो उमेरमा छोरीको विवाह गरिदिए पुण्य मिल्छ भन्ने धारणामा परिवर्तन भई सानो उमेरमा विवाह गरि दिनु अपराध हुन्छ भन्ने धारणाको विकास भएको पाइन्छ तर शिक्षाको कमीले गर्दा १५ /१६ वर्ष पुगेपछि केटी आफै केटा खोजेर जाने र केटाले पनि १८ /१९ कै उमेरमा केटी भगाएर ल्याउनेहरु धेरै पाइयो ।

### ५.१.५ विवाह गर्ने जोडीको उमेरको अन्तरमा आएका परिवर्तनहरु

दलित समूहमा विवाह गर्दा पहिला अभिभावकहरुले आफनो छोराछोरीको विवाह गर्ने आवश्यकता महसुस गरेपछि आफै जोडी छानिदिन्थे । छोराछोरीको लागि कस्तो जोडी चाहिन्छ भन्ने कुरा उनीहरुलाई थाहा दिइदैनथ्यो । विवाह गर्दा छोरा वा छोरीको आवश्यकता भन्दा पनि घर व्यवहारलाई हेरिन्थ्यो । सामान्यतया छोरीलाई नछुने हुन (रजस्वला) भन्दा पहिला विवाह गरिदिएमा बाबु आमालाई पुण्य मिल्छ भन्ने मान्यताको आधारमा सानैमा विवाह गरिने चलन थियो । अध्ययन क्षेत्रमा जाँदा कतिपय वृद्ध

विधवाहरुले आफनो विवाह  ६ वर्ष, ७ वर्ष र १० वर्षमा भएको बताउनु भएको थियो । सानो उमेरमा नै बिवाह भनेको के हो र किन गर्नुपर्दछ ? भन्ने थाहा नहुदै गरिदिने चलन थियो भने केटाको उमेर भने वढी (पाको) हुन्थ्यो । यस्तो बालविवाहको चलन समयक्रममा कमी हुँदै गयो भने केटा र केटीको अन्तर वढी भएमा वुढेसकालमा लोग्नेको स्याहारसुसार गर्न श्रीमती सक्षम हुन्छिन भन्ने गरिन्थ्यो । त्यतिखेरको समाज कृषिमा आश्रित हुने हुँदा काम गर्ने मानिसको जरुरत भएकोले चाडै विवाह गर्ने चलन पनि चलेको पाइन्छ ।

### ५.१.६ विवाह गर्ने जोडीको उमेरको अन्तर घटनुका कारणहरु

लगभग सम्पूर्ण उत्तरदाताहरुले आजकल विवाह गर्ने जोडीको उमेरको अन्तर घटेको प्रतिक्रिया दिएपछि यसको कारण के होला ? भनी प्रश्न गर्दा विभिन्न प्रतिक्रियाहरु प्राप्त भए । विवाहित जोडीको उमेरमा धेरै अन्तर हुँदा उनीहरुको इच्छा, रुचि र चाहना नमिल्ने हुँदा उनीहरुवीच खटपट हुने र परिवार विच्छेद हुने वताए । उमेर धेरै फरक पारेर विवाह गर्दा श्रीमान बुढो हुने र श्रीमती भर्खरकी हुँदा उनीहरुको यौन चाहना नमिल्ने बताए । उमेरको अन्तर धेरै हुंदा लामो समय सम्म एकल जिन्दगी (बिधवा भएर) बिताउनु पर्ने तर उमेरको अन्तर कम भए लामो समयसम्म संगै जिन्दगी विताउन पाइने कुरा व्यक्त गरे । आजकल चेतनाको विकास भयो । शिक्षाले मानिस शिक्षित हुदै जांदा परिपक्क भएर मात्र विवाह गर्नुपर्छ भन्ने मान्यताको विकास हुदै गयो । त्यस्तै आजकल छोरा र छोरी दुवैलाई पढाउने चलन भयो र पढदापढदै उनीहरुको उमेर वढी भइसकेको हुन्छ त्यसैले गर्दा उमेरको अन्तर स्वतः कम हुने उत्तरदाताहरुले वताए ।

यसरी सुरुमा दलित समाजमा अत्यन्त सानो उमेरमा (बालबिवाह) विवाह गरिदिने र जोडाजोडीको उमेरको अन्तरको फरक धेरै हुने गरेकोमा परिवर्तन आएर बालविवाह गर्न नपाइने भयो र उमेरको अन्तर पनि कम हुन थाल्यो । हामीले पुरानो पुस्ताका धेरै वृद्ध विधवाहरु देख्नाको एउटा कारण यो पनि हो । अहिले कानुनी हिसावले पनि बालविवाह गर्न नपाइने, विवाह गर्ने न्यूनतम उमेर कानूनद्धारा तोकिएको छ । मुलुकी ऐनको बिहेवारीको महलमा व्यवस्था भए अनुसार अभिभावकको स्वीकृतिमा केटी र केटाको उमेर १८ र २१ वर्ष हुनुपर्ने, लोग्ने मानिस र स्वास्नी मानिसको उमेरको अन्तर २० वर्षभन्दा बढी हुन नहुने कानुनी प्रावधान छ । त्यस्तै समाजको रुपान्तरण हुँदै जँदा जीविकोपार्जनको

तरिकामा परिवर्तन आउदैछ । पहिलाको ग्रामीण कृषि समाज विस्तारै रुपान्तरण हुँदै गइरहेको छ । कृषिभन्दा अन्य पेशाहरु पनि आयआर्जनका उपायहरु हुदै जाँदा विवाह गर्ने उमेर र उमेरको अन्तर पनि क्रमशः वढ्ने र घटने भएका छन् । पुरातनवादी धार्मिक सोचाइमा समयान्तरमा परिवर्तन आएको छ । मान्यताहरु फेरिएका छन् । पहिले रजस्वला नहुदै सानैमा छोरीको विवाह गरिदिएर गोडाको जल खान पाए पुण्य मिल्छ भन्ने मान्यतामा परिवर्तन भएको छ ।

## ५.२ विवाह विधि बिधानको अवस्था

हिन्दू धर्मसस्कृति अनुसार विवाहलाई सोह्र सस्कारमध्येको एउटा धार्मिक संस्कार मानिएको छ । विवाहलाई वैदिक कालदेखि नै विभिन्न विधि विधानद्धारा सम्पन्न गरिदै आएको पाइन्छ । दलित समूहमा पनि व्राहण क्षेत्री समुदायमा जस्तै विधिविधान नपुऱ्याई गरिएको विवाहलाई मान्यता दिइदैन र त्यस्तो विवाह गरी जन्मेका सन्तानहरुको सामाजिक हैसियत तल्लो श्रेणीको हुन्छ भन्ने मान्यता रहेको थियो तर सामयान्तया यस्तो विश्वास र मूल्यमा पनि परिवर्तनहरु देखा परेका छन् ।

**तालिका ५.२**

**विवाहको विधि विधानको अवस्था**

| बिवाह गरेको उमेर समूह | विधि विधान पुऱ्याएर | | विधि विधान नपुऱ्याई | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५ वर्ष भन्दा तल | ३९ | ९.७ | १३ | ३.२३ |
| १६–२६ वर्ष | २३० | ५७.२१ | ७६ | १८.९० |
| २६– ४६ | ३३ | ८.२ | ११ | २.७३ |
| ४६–५६ | – | – | – | – |
| जम्मा | ३०२ | ७५.११ | १०० | २४.८६ |

स्रोत : क्षेत्र अध्ययन , २०६९

### ५.२.१ विवाहका विधिविधानमा परिवर्तन हुनाका कारणहरु

विवाहका विधिविधानमा किन परिवर्तन भएको होला भनी प्रश्न उत्तरदाता सामु राख्दा व्यक्तिहरुले फरक फरक कारण वताए । कसैले पुराना मूल्यमान्यताहरुमा कमी आउदै गरेको , पुराना तरिकालाई छाड्दै नयाँ तरिकाहरु अपनाउन थालिएको, आजकल मानिसहरु बढी व्यस्त भएकोले पुराना विधिहरु छोट्याउनु परेको बताए । पहिला रातको विवाह हुँदा लामो समय लगाएर सम्पूर्ण विधि गर्न सकिने तर अहिले अत्यन्त छोटो समयमा विवाह सिध्याउनु पर्दा विधिविधानहरु स्वतः छोटो हुने बताए । यसरी विवाहका विधिहरुलाई वैदिक कालदेखि नै अत्यन्त महत्व दिदै जग्गेमा स्थापित अग्निका साथ गरिएको बाचावन्धनलाई कहिल्यै नटुट्ने सम्वन्ध स्थापित गर्ने विधिहरुमा समय अन्तरालमा धेरै परिवर्तन आएको पाइएको छ ।

दलित समूदायको विवाह परम्परा पनि हिन्दु धर्ममा उल्लेख गरिए अनुसार हुन्छ । हिन्दू धर्मशास्त्रमा विवाह केवल केटा र केटीको सम्वन्ध कायम राख्ने माध्यम मात्र नभई परिवार र इष्टमित्रहरुलाई एकआपसमा जोडेर राख्ने विशेष सम्वन्धको रुपमा लिइन्छ ।

मागी विवाहमा वढी सम्वन्ध विच्छेद हुनाको कारण आफनो जोडी आफै छनौट गर्न नपाउनु, अर्काको करकापमा परेर विवाह गर्नु पर्ने मागी विवाहमा दाइजोको चलन हुने हुँदा भनेजस्तो दाइजो नपाएपछि सम्वन्ध विच्छेद हुने बताए । त्यस्तै प्रेम विवाहमा वढी सम्वन्ध विच्छेद भएको वताउनेहरुले यसको कारणमा अपरिपक्क अवस्थामा प्रेमगर्ने र पछि मनमुटाव हुने, प्रेम गर्दा केही कुरा ढाटिने पछि थाहा पाएवपछि मनमुटाव हुने, प्रेम गर्दा गरिएका बाचावन्धन पूरा हुन नसक्दा सम्वन्ध विच्छेद हुने कारण वताए । निष्कर्षमा भन्दा सवै किसिमका विवाहमा सम्वन्ध विच्छेदका घटनाहरु घटिरहेका छन् ।

## ५.३ अन्तरजातीय विवाह

हिजोदेखि चलिआएको स्वजातीय विवाह गर्ने परम्परालाई चुनौति दिदै नयाँ पुस्ताले पनि अन्तरजातीय विवाहलाई अवलम्वन गर्दै आएको छ । यो समूहमा अन्तरजातीय विवाहलाई हेर्ने पुरानो दृष्टिकोणमा सकारात्मक सोचाईको विकास हुदै गएको पाइन्छ ।

**तालिका ५.३**

**अन्तरजातीय विवाहको अवस्था**

| उमेर समूह | अन्तरजातीय | | सजातीय | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५ वर्ष भन्दा तल | ४ | ०.९९ | ४८ | ११.९४ |
| १६ देखि २६ सम्म | १२ | २.९८ | २९४ | ७३.१३ |
| २७ देखि ३६ सम्म | ७ | १.७४ | ३७ | ९.२ |
| ३७ देखि ४६ | २४ | ५.९७ | ३७९ | ९४.२७ |
| जम्मा | २४ | ५.९७ | ३७९ | ९४.२७ |

स्रोत : क्षेत्र अध्ययन , २०६९

माथि उल्लेखित तालिकामा १५ वर्ष भन्दा तलको उमेरमा विवाह गर्ने अन्तरजातीयमा ४ जनाले (०.९९ %) , १६ देखि २६ वर्ष सममका ले १२ जना (२.९८ %) २७ देखि ४६ वर्षको उमेरमा विवाह गर्ने मध्ये ७ जना (१.७४ %) ले अन्तरजातीय विवाह गरेका छन् । त्यस्तै १५ वर्ष भन्दा तल विवाह गरेका मध्ये ४८ (११.९४%)जनाले सजातीय विवाह गरेका ,१६ वर्ष देखि २६ वर्ष भित्र बिवाह गर्ने २९४ (७३.%) १३ जनाले सजातीय विवाह गरेका छन् ।

## ५.३.१ अन्तरजातीय विवाह बढ्नुका कारणहरु

अन्तरजातीय विवाहको चलन वढेको हो भन्ने मत प्रकट गर्नेहरुलाई यसको कारण वताउन आग्रह गर्दा नयाँ पुस्ताले जातभातको चलनलाई अस्वीकार गर्दै गएको, आपसी प्रेम गर्दा जातिलाई भन्दा पनि अरु पक्षलाई बढी जोड दिने, शिक्षा र चेतनाको वृद्धिसंगै सञ्चारका साधनहरु रेडियो, टि.भी. फिल्मजस्ता माध्यमहरले प्रभाव पारेको र छुवाछुतको चलनमा कमी हुँदै गएको छ । अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नको लागि आथिक

वर्ष २०६८।०६९ को वजेटमा अन्तरजातीय विवाह गर्ने जोडीलाई रु. १ लाखको प्रोत्साहन रकमको व्यवस्था गर्नुले पनि अन्तरजातीय विवाह लाई जोड दिएको भन्ने धारणा देखिन्छ ।

आजकल विवाहको जोडी छनौट गर्दा आथिक आर्तनिर्भरतालाई पनी हेर्न थालिएको छ । जो आफनो खुट्टामा उभिएर आफै आयआर्जन गर्न सक्षम हुन्छन , त्यस्ता केटा वा केटीलाई आफनो जोडी छनौटमा बढी महत्व दिइन्छ । पुरानो पुस्ता र नयाँ पुस्ताको विचमा जातीय उच्चताको कुरालाई लिएर द्वन्द भइरहेको छ । नयाँ पुस्ताको सोचाइमा मानिसको जातभातको आधारमा हुने स्तरीकरण ठीक होइन । नयाँ पुस्ता जातको आधारमा होइन योग्यता र क्षमताको आधारमा आफनो जोडी छनौट गर्नुपर्दछ भन्ने मान्यता राख्दछ भने पुरानो पुस्ता आफनो कुलघरान र जातलाई बढी प्राथमिकता दिन चाहन्छ । यी दुई पुस्ताका वीचमा सोचाइको यो द्धन्द चलिरहेको छ । छोराले अर्को जातको बुहारी ल्याउदा घरायसी झगडाको कारण घरभन्दा बाहिर रहनु परेका उदाहरणहरु प्रसस्तै देखिन्छन् ।

## ५.४ अध्ययन क्षेत्रमा प्रचलित दाइजाको वर्तमान अवस्था

यस अध्ययनमा संलग्न उत्तरदाताहरुवाट उनीहरु र आफ्ना सन्तानहरुको विवाहमा उनीहरुले कस्तो प्रकारको दाइजो ल्याउने वा दिने गरे भनी मागिएको विवरण यसप्रकार रहेको छ ।

**तालिका ५.४**

**अध्ययन क्षेत्रमा प्रचलित दाइजोको अवस्था**

| उमेर | दाइजो ल्याएको | | | | केही नल्याएको | |
|---|---|---|---|---|---|---|
| समूह | नगद | प्रतिशत | जिन्सी | प्रतिशत | संख्या | प्रतिशत |
| १५ वर्ष भन्दा तल | २ | ०.४९ | ४१ | १०.१९ | ९ | २.२३ |
| १६ –२६ | १२ | २.९८ | २८३ | ७०.३९ | ११ | २.७३ |
| २७ देखि ४६ | १ | ०.२४ | ३६ | ८.९५ | ७ | १.७४ |
| ४६ वर्ष भन्दा माथि | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १५ | ३.७१ | ३६० | ८९.५३ | २७ | ६.७ |

स्रोत : क्षेत्र अध्ययन : २०६९

अध्ययन क्षेत्रमा दाइजोको अवस्थाका बारेमा बुझ्दा १५ बर्ष भन्दा तल उमेरकालाई बुझ्दा नगद २ जनाले (०.४९ %) र जिन्सी ४१ (१०.१९%)ले दाइजो ल्याएको पाइयो भने सोही उमेरमा विवाह गर्ने ९ जना अर्थात (२.२३ %) ले केही पनि नल्याएको पाइयो । त्यस्तै १६–२६ वर्षको उमेरमा बिबाह गर्ने १२ जना (२.९८% ले नगद दाइजो ल्याएको पाइयो भने २८३ (७०.९% ) ले जिन्सी उपहार ल्याएको पाइयो । सोही उमेरका केही पनि नल्याउने ११ जना अर्थात (२.७३%) थियो । त्यस्तै २७ –४६ वर्ष उमेर समूहमा १ जना अर्थात (०.२४ %)नगद ल्याउने छन भने ३६ जना अर्थात (८.९५ %) ले जिन्सी दाइजो ल्याएको पाइयो । यही उमेर समुहका ७ जना अर्थात (१.७४% ) जनाले केही पनि दाइजो नल्याएको पाइयो ।

## ५.४.१ दाइजोको प्रचलनमा वृद्धि हुनाका कारणहरु

दाइजो ल्याउने तथा दिने चलन बढ्दै गएको हो भन्ने पक्षमा रहेकाहरुलाई यसको कारण के होला भनी प्रश्न गर्दा विभिन्न कारणहरु रहेको वताए । उनीहरुका अनुसार दाइजोको चलनमा वृद्धि हुनाको कारण आजकल छोरा र छोरीलाई समान दृष्टिले हेरिदे हुंदा छोराले बाबुको सम्पत्ति पाउने हुंदा छोरीलाई पनि दिनुपर्दछ भन्ने मान्यताको विकास हुँदै गएको वताए । व्यक्तिले आफनो इच्छा नहुँदा नहुदै पनि वाध्य भएर दिनु परेको वा छोरीको विवाह राम्रो केटा वा परिवारमा गरिदिएमा सुख हुन्छ भन्ने सोचाइले आफनो आर्थिक अवस्थाले नसक्ने भएपनि ऋणै काढेर भएपनि दाइजो दिने चलन चलेको अवस्था जानकारी गराए । कतिपयले अहिलेको अवस्थाले नदिए पनि बाबुबाजेको कुलघरानको इज्जत, मान प्रतिष्ठा जोगाउनको लागि पनि दाइजो दिन परेको कुरा गरे । कतिपयले देखासिकी र आडम्वलरको लागि दाइजो दिने चलन चलेको बताए भने केहीले मानिसको आयआर्जन गर्ने क्षमताको वृद्धि हुँदा आथिक हैसियत वढेका कारण दाइजोको चलनमा वृद्धि हुँदै गएको वताए ।

यसरी दाइजोको प्रचलनमा व्राहमण, क्षेत्री समूहमा निरन्तर रुपमा बढदै जांदा गरिव मानिसका छोरीहरुको विवाह हुन नसक्न अवस्था आएको छ भने विवाहमा पर्याप्त दाइजो दिन नसक्दा विवाहित महिलाले घरमा घृणा र तिरस्कार सहनुपर्ने तथा हिंसाको सिकार हुनुपर्ने घटनाहरु वृद्धि हुदै गएका छन् । दाइजोको रुप तथा अवस्था समयसमयमा

बदलिन्छ । कुनै अवस्था दाइजो खुल्ला र प्रतिस्पर्धात्मक अवस्थामा हुन्छ भने कैयौं अवस्थामा यो गुप्त र वैंयक्तिक भइदिन्छ । जुनसुकै रुपमा भए पनि नेपाली समाजमा दाइजो विकृतिपूर्ण अवस्थामा फैलिरहेको छ र आर्थिक शोषणको माध्यम वनिरहको छ ।

## ५.५ बिबाह विच्छेदका अवस्था

विवाह विच्छेदमा घटनाहरुमा वृद्धि भएको भन्ने विचार व्यक्त गरेका उत्तरदाताहरुसंग यसको कारणवारे वताउन आग्रह गर्दा विभिन्न प्रतिक्रिया व्यक्त गरे । उनीहरुका अनुसार विवाहमा भनेजस्तो दाइजो नपाउनु, सम्वन्ध विच्छेद गरेपछि पैसा पाइन्छ भन्ने लोभ लाग्नु, बाबुआमाको करकापमा परेर विवाह गर्नु वा आफैले आफनो जोडी छान्न नपाउनु, वैदेशिक रोजगारीी क्रममा लोग्नेस्वास्नी धेरै समय धरवाट टाढा रहनु र उनीहरुसंग अन्य व्यक्तिको सम्वन्ध रहनु, महिलाको स्वतन्त्रताा वृद्धि भई श्रीमान तथा घरपरिवारका अन्य सदस्यहरुो दवावमा वस्न नचाहनु, महिलाहरु माथि हुने घरेलु हिंसाका कारण बताए । त्यस्तै अन्य कारणहरुमा महिलाले आयआर्जन गरी आत्मनिर्भर भएपछि अरुको भरमा नपरी स्वतन्त्र हुनु तथा श्रीमान श्रीमतीको उमेरमा धेरै परिवर्तन भई उनीहरुका रुचि, इच्छा, चाहनामा मेल नखांदा पनि विवाह विच्छेद हुने वताए । अध्ययन क्षेत्रमा केही समय पहिला दाइजोको कारणले विवाह गरेको एक महिना पछिनै विवाह विच्छेद भएको घटना पनि पाइयो । केटीको पारिवारिक स्रोतवाट यस्तो जानकारी प्राप्त भएको थियो ।

समग्रमा बिवाह विच्छेदका घटनाहरु वृद्धि हुने धेरै कारणहर भए पनि सम्वन्ध विच्छेदको घटना आर्थिक पाटोसंग जोडिएको पाइन्छ । कम आर्थिक स्वतन्त्रता र बढी आर्थिक स्वतन्त्रता दुवैले गर्दा सम्वन्ध विच्छेदका घटना भएका छन् । सम्वन्ध विच्छेदमा पश्चिमी सभ्यताको प्रभाव पनि केही मात्रामा परेको पाइन्छ ।

**तालिका ५.५**

**सम्वन्ध विच्छेदको अवस्था**

| विवाह भएको उमेर समूह | संगै | | पारपाचुके | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५ वर्ष भन्दा मुनि | ५२ | १२.९३ | ० | ० |
| १६–२६ | ३०५ | ७५.८७ | १ | ०.२४ |
| २६–४६ | ४० | ९.९५ | २ | ०.४९ |
| ४६–५६ | ० | ० | ० | ० |
| जम्मा | ३९७ | ९८.७५ | ३ | ०.७३ |

क्षेत्रगत अध्ययन : २०६९ अध्ययन क्षेत्रमा सम्बन्ध विच्छेदको अवस्थालाई हेर्दा १५ वर्ष भन्दा मुनि विवाह भएका मध्ये ५२ जना (१२.९३ प्रतिशत) संगै पारपाचुके छैन, १६ देखि २६ वर्षको उमेरमा विवाह गर्ने मध्ये ३०५ जना (७५.८७ प्रतिशत) संगै छन् भने १ (०.२४ प्रतिशत) पारपाचुके, २६ देखि ४६ वर्षमा विवाह गर्ने मध्ये लाई हेर्दा ४० (९.९५ प्रतिशत) संगे छन भने २ जना (०.४९ प्रतिशत) पारपाचुके , ४६ देखि ५६ वर्ष उमेर समुहमा विवाह गर्ने कोही पनि पाइएन । जम्मा ३९७ जना (९८.७५ प्रतिशत) संगै र ३ जना (०.७३ प्रतिशत) पारपाचुके भएको पाइयो ।

## ५.६ विवाहको भोजभतेरको तरिकामा आएका परिवर्तनहरु

विवाह एउटा सुखद क्षण हो । यसलाई स्मरणयोग्य वनाउन र औपचारिकता दिनको लागि भोजभेतेरको व्यवस्था गरिएको हो । दलित समूदायमा पनि आफू सक्य भोजको आयोजना गरिन्छ । रांगा, सुग्गुर काटेर आफना इष्टमित्र, छरछिमेकलाई भोज खुवाउने चलन थियो भने अहिले सक्नेले क्याटरिङ वोलाएर क्षेत्री व्राहण छिमेकी, साथीभाई र अन्य आफना इष्टमित्रलाई पनि वोलाएर भोज खुवाउने चलन चलेको छ । शिक्षा, चेतना र वाहिरी प्रभावले गर्दा पहिला नजिकका खास इष्टमित्रहरु तथा नातेदारहरुसंग मात्र सम्पर्क हुने गरेकोमा अहिले दायरा फराकिलो भएको छ । सञ्चार र यातायातका साधनहरुो पर्याप्त विकासले गर्दा धेरै मानिसहरुसँग सम्पर्क वढ्न थालेको छ । यसले गर्दा विवाहको भोजमा नजिकका इष्टमित्र वाहेकका पे्सागत, राजनैतिक र समाजा अन्य

व्यक्तिहरु वढी आमन्त्रित हुन्छन् । वस्ती वढ्दै गएकोले वजार क्षेत्रमा खाली ठाउँको अभाव हुन थाल्यो र भोज होटल वा पार्टी प्यालेसमा हुन थाल्यो । शिक्षाको विकास र सामाजि चेतनामा वृद्धि भई भोजभेतरमा छुवाछुतको चलनमा पनि कमी आएको पाइयो । र दलितको भोजा गैरदलित पनि समावेश हुन थालेको वताए ।

## ५.७. पुनः विवाहको अवस्था

एकपटक वैवाहिक वन्धनमा वांधिएपछि त्यसलाई विच्छेद गरी पुन : अर्को व्यक्तिसंग गरिने विवाहलाई पुनः विवाह भनिन्छ । दलित समूहको विवाहमा पनि अग्निसाक्षी राखी स्थापित गरिएको सम्वन्ध भएकोले यो जन्मजन्मान्तर कायम हुनु पर्दछ भन्ने मान्यता छ तर पनि घर परिवार, संस्कार अनुसार जो जस्तो संस्कारमा हुर्किएको छ त्यस्तो सस्कारले प्रभाव पार्ने हुँदा दलित समूदायमा ३ जनाले मात्र पुन विवाह गरेको पाइयो ।

### ५.७.१ पुनः विवाह गर्ने चलनमा वृद्धि हुनाका कारणहरु

पुनः विवाह गर्ने चलन वढदै गएको हो भन्नेहरुलाई यसको कारण वताउन आग्रह गर्दा पुन : विवाहलाई हेर्ने सोचमा सकारात्म परिवर्तन हुँदै जानु, मानिस शिक्षित हुदै गए अनुसार विवाहमा व्यक्तिगत स्वतन्त्रताको प्रयोग हुनु, बाबु आमाले दिएकासंग आफनो इच्छा चाहना नपर्नु, महिलाहरुको रोजगारीमा वृद्धि भई आर्थिक परनिर्भरता कम हुँदै जानु र कानुनी प्रावधानहरु महिलाको पक्षमा हुनु प्रमुख कारणहरु भएको वताए भने पुन : विवाह गर्ने चलन घटेको भन्नेहरुले आजकल मानिस शिक्षित हुँदै गएकोले यस्तो नहुने बताए ।

एकपटक स्थापित भएको वैवाहिक सम्वन्ध तोडिनु हुँदैन भन्ने हिन्दू धर्मको मान्यता भएता पनि दलित समूहमा महिलालाई कम स्वतन्त्रता प्राप्त छ । समय परिवर्तन हुदै जाँदा पुन : विवाह गर्ने हुँदैन भन्ने सोचाइमा परिवर्तन हुदै गएर पुन : विवाह पनि भएका छन् । पुन विवाह चल्नुका धेरै कारणहरु मध्ये घरमा लाउन खानको अभाव, घरको श्रीमान रक्सी खाएर सधै बरालीएर हिड्ने, श्रीमती घर गृहणी हुन लायक नभएको अल्लारे, हो भने अर्को प्रमुख कारण वैदेशिक रोजगारीको सिलसिलामा श्रीमानले दुःख गरी कमाएको सम्पत्तिलाई दुरुपयोग गरेर अर्कोसंग पुन विवाह गर्ने प्रवृत्ति पनि वढी रहेको छ ।

## ५.८ जोडी छनौट प्रकियामा आएका परिवर्तनहरु

नेपालका दलित समुहको विवाह गर्ने परम्परागत तरिका मागी विवाह हो । यस किसिमको विवाहमा आफना अभिभावकले आफना छोराछोरीको लागि उपयुक्त जोडी छनौट गरिदिन्छन । यसरी आफना छोराछोरीको लागि आफनै जातभित्र उपयुक्त जोडी छनौट गर्नका लागि छनौटका केही आधारहरु बनाएका हुन्छन् । यस्ता छनौट गर्ने आधारहरुमा समग्रमा परिवर्तन आएको पाइन्छ । पहिलाको समाज कृषिमा आधारित हुँदा खेतीपाती गर्न जान्ने, घरायसी कामधन्दा गर्ने सीप भएकी, शारीरिक बनावट हट्टाकट्ट भएकी, छिटोछरितो चाल भएकी, कुलघरानिया केटीलाई छनौट गरिन्थ्यो भने घरमा सम्पत्ति भएको, कृषि काम गर्ने सीप भएको, शारीरिक रुपमा स्वस्थ र फुर्तिलो केटो हेरिन्थ्यो भने अहिले अभिभावकले छोराछोरीको लागि उपयुक्त जोडीको छनौट गर्ने आधारहरुमा परिवर्तन आएका छन् ।

### ५.८.१ छोरा तथा छोरीको लागि जोडी (बुहारी / ज्वाइँ ) छनौट गर्ने प्रमुख आधार सम्बन्धी धारणाहरु

अध्ययनमा छनौट गरिएका सम्पूर्ण उत्तरदाताहरुलाई तपाईको छोराको लागि जोडी छनौट गर्दा कुन कुन पक्षलाई वढी महत्व दिनु भयो / दिनुहुन्छ भनी सोधेको उत्तरमा निम्न अनुसारको प्रतिकिया प्राप्त भयो ।

**तालिका ५.६**

**छोराछोरीको लागि जोडी छनौटका प्रमुख आधारहरु**

| आधारहरु | छोराको जोडी (वुहारीका लागि) | | छोरीको जोडी (ज्वाइको लागि) | |
|---|---|---|---|---|
| | सङख्या | प्रतिशत | सख्या | प्रतिशत |
| पढाई | १४ | ७ | ३० | १५ |
| शिलस्वभाव | ८५ | ४२ | २५ | १२ |
| कुलघरान | ४१ | २० | २० | १० |
| रुपवनोट | २३ | ११ | १२ | ६ |
| जागीर / पेशा | ८ | ४ | ७१ | ३५ |
| सम्पत्ति | ३० | १६ | ४३ | २२ |
| जम्मा | २०१ | १०० | २०१ | १०० |

स्रोत : क्षेत्रअध्ययन , २०६९

अध्ययन क्षेत्रमा छोरा छोरीको जोडी छनौट गर्दा प्राथमिकता कोलाई हेर्दा पढाइलाई केटीको लागि ७% र केटाको लागि १५ % केटीको लागि ४२% र केटाको लागि १२ % , कुलघरान केटीको २०% र केटाको लागि १० % , रुपवनोट केटीको ११ % र केटाको ६%, जागीर /पेशा केटीको ४% र केटाको ३५% , सम्पत्ति केटीको १६ % र केटाको २२ % गरेर जम्मा १०० % को छोरा वा छोरीलाई जोडी चयन गरी बुहारी वा ज्वाई खोज्दा उल्लेखित प्राथमिकताका क्रमहरु भेटीए ।

### ५.८.२ छोराको लागि जोडी छनौट प्रक्रियामा आधारहरुको प्राथमिकताका कारणहरु

छोराको लागि जोडी छनौट गर्दा माथि दिए अनुसार कनि ती पक्षहरुलाई वढी महत्व दिनुभयो भन्ने प्रश्नमा पढाई भए हरेक कुरा बुझ्ने क्षता हुने, समझदार हुने, वुहारी शिक्षित भए परिवार नै शिक्षित हुने, शिक्षित भए जागिर खाई आत्मनिर्भर हुने छोराछोरीको पालनपोषण हुने बताए । शीलस्वभावले परिवारमा सवैलाई मर्यादा गर्ने, सासुससुराको उचित रेखदेख हुने धारणा व्यक्त गरे । कुलघरानले परिवारको पृष्ठभूमि मिल्दो, आर्थिक अवस्थावारे बताउछ । यसले व्यक्तिले देखाउने व्यहोराको पनि प्रतिनिधित्व गर्दछ । **कुलकी नानी, मूलको पानी** भन्ने उखान धेरै उत्तरदाताहरुले दोहो–याए । यसको मतलव राम्रो कुलघरानकी छोरी मुलको पानी जस्तै शुद्ध र स्वच्छ हुन्छ भन्ने अर्थ लाग्दछ । आकर्षक रुपबनोट भएको मानिस सवैलाई मनपर्दछ । सुन्दरता मनपराउने मानवीय स्वभाव हो , जसले पछि सन्तानमा समेत वंशाणुगत प्रभाव पार्ने कुरा उत्तरदाताहरुले वताए । राम्रो व्यहारा ले परिवारको सभ्यता भएको तथा जागिर भएमा आत्मनिर्भर हुने, परिवारको उचित पालन पोषण हुने धारणा उत्तरदाताले प्रकट गरे । सम्पत्ति भए इज्जत रहन्छ भन्ने मनशाय व्यक्त गरेको पाइयो जुन अप्रत्यक्ष रुपमा दाइजो र दानदक्षिणासंग सम्वन्धीत छ ।

### ५.८.३ छोरीको लागि उपयुक्त जोडी (ज्वाई) छनौट गर्ने प्रमुख आधारहरु सम्वन्धी धारणा

छोराको लागि जोडी छनौट गर्ने निश्चित आधारहरु भएजस्तै छोरीको लागि उपयुक्त जोडी (ज्वाई) को छनौट गर्दा पनि निश्चित आधारहरु स्थापित गरेका हुन्छन । आधारहरु मोटामोटी एउटै भएपनि छोराको जोडीको छनौट गर्नेभन्दा छोरीको जोडी छनौट

गर्ने प्राथमिकरणहरु फरक हुन्छन । अध्ययनमा संलग्न उत्तरदाताहरुले छोरीको लागि जोडी छनौट गर्दा निम्न पक्षहरुलाई महत्व दिएको पाइयो ।

### ५.८.४ छोरीको लागि जोडी छनौट प्रक्रियामा विशेष आधारहरुको प्राथमिकताका कारणहरु

छोरीको लागि उपयूक्त (वर) को छनौट गर्दा किन माथिका आकारहरुलाई प्राथमिककरणमा राख्नु भयो भनी सोधिएको प्रश्नमा पेशा भयो भने छोरी जन्मने सन्तानहरुले सुख पाउने तथा जिउने आधार हुने वताए । त्यस्तै पढाई भएमा पेसा पाउन सजिलो हुने , पढेको मानसले हरेक कुरा वुभ्कने घरव्यवहारमा सजिलो हुने, इष्टमित्र तथा श्रीमतीको राम्रो कदर गर्न सक्ने वताए । शीलस्वभाव असल भए नराम्रो बानी र कुलतमा फस्ने सम्भावना हुँदैन जसले परिवारमा सुखशान्ति कायम रहन्छ । कुलघरान र संपत्ति भए जीवन सुखी हुने, परिवार सभ्य हुने, केटाकेटीहरु (बच्चाहरु) सुसस्कृत हुने, असल वानी सिक्ने बताए ।

यसरी आफना अभिभावकहरुले आफना छोराछोरीको लागि जोडी छनौट गर्दा निश्चित आधारहरु तयार गरी छानेका हुन्छन् । छोरीको लागि जोडी छनौट गर्दा पहिलो प्राथमिकतामा पेसालाई राख्नुको अर्थ छोरीलाई सुखसमृद्धि प्राप्त होस भन्ने चाहना हो । पेसाले आर्थिक पक्षसंग सम्वन्ध राखेको हुन्छ । तर छोराको लागि जोडी छनौट गर्दा पढाइलाई वढी ध्यान दिनुको अर्थ महिला शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने मान्यता हो । दलित समुदायमा अझै पनि महिला आफनै खुट्टामा उभिनुपर्दछ भन्ने मान्यताको विकास भइनसकेको अवस्था छ । किनकी छोरीलाई पेसा भएको ज्वाइसंग बिबाह गरिदिएर परनिर्भर वनाउने तथा छोरको लागि आयआर्जन गर्ने भन्दा पनि आज्ञाकारी शीलस्वभाव भएकी वुहारीको आवश्यकता सासुससुराले महसुस गर्दछन् । बुहारी छनौट गर्दा जागिर छैठौं प्राथमिकताको अर्थ वुहारीले घरबहिर गएर आयआर्जन गर्नु त्यति आवश्यकता छैन भने ज्वाइँको छनौट गर्दा जागिरलाई पहिलो प्राथमिकता दिइनेले आइमाइलाई परनिर्भर गराउने सोचाई हो । त्यसैले यो मान्यतामा कमी आउँदै समाजमा आफनो रुचि चाहना अनारको प्रेम विवाहको चलन दलित समूहमा फस्टाउदो कममा रहेको छ । अहिलेको आधुनिक पुस्ताका युवायुवतीले आफनो लागि जोडी छान्दा अयआर्जनलाई जोडी छनौटको

प्रमुख आधार बनाउछन । परम्परागत पुख्यौली पेसाभन्दा अन्य पेसा अगाल्ने हुनाले आफना अभिभावकको जोडी छनौटमा हस्तक्षेप नहोस भन्ने चाहन्छन ।

## ५.९ बिधवा/विधुर विवाहको अवस्था

**तालिका ५.७**

**बिधवा/विधुर विवाहको अवस्था**

| उमेर समूह | बिधवा | | विधुर | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५ वर्ष भन्दा मुनि | ० | ० | ० | ० |
| १६–२६ | ० | ० | ० | ० |
| २६–४६ | २ | ०.४९ | ० | ० |
| ४६–५६ | ० | ० | ० | ० |
| जम्मा | २ | ०.४९ | ० | ० |

स्रोत : अध्ययन कार्य , २०६९

विधवा विवाहको अवस्थालाई हेर्दा २६–४६ वर्ष उमेर समुहका विधवा संख्या २ (०.४९%) भएको विधुरमा कोही पनि नभएको पाइयो ।

### ५.९.१ बिधवा/बिधुर विवाहमा आएका परिवर्तनहरु

श्रीमानको मृत्यु भई उसकै सतीत्वमा बसिरहेकी महिलालाई बिधवा भनिन्छ । हाम्रो समाजमा अझै पनि महिलालाई पुरुषको भरमा पराश्रित भएर बाच्नु पर्ने बाध्यता रहेको छ । यसरी आफनो आश्रय रहेको पतिको मृत्यु हुंदा बिधवा हुन पुगेकी महिला बेसाहारा भएर अति दर्दनाक जीवन जीउनु परेको अवस्था देख्न सकिन्छ । दलित समुदायमा यो झन जटील अवस्थामा रहेको पाइन्छ । त्यसै त दलित त्यसमा पनि महिला फेरी बिधवा । पहिला सानै उमेरको जीवन सुखमय गराउनु त कता हो कता उल्टै श्रीमान टोक्ने बोक्सीको आरोप लगाएर पैताडित वनाएको अवस्था छ । अझ घटना दुर्घटनामा

परी श्रीमानको अकालमा मृत्यु भएको अवस्थामा यो पीडा वढी दर्दनाक हुन्छ । कतिपय महिलाहरु निसन्तान बालबिधवा पनि रहेका छन । सुरुमा बिधवाले विवाह गर्ने सोचाई असम्भव तथा कल्पना वाहिरको कुरा मानिन्थ्यो भने हाल यसको वारेमा धेरै बहस र चर्चा भइरहेका छन् ।

## ५.९.२ बिधवा विवाह हुनाका कारणहरु

आफनो गाउंघर वा छरछिमेकमा बिधवा विवाह हुन थालेको छ भन्ने बताउने उत्तरदाताहरुलाई यसको कारण बताउन आगह गर्दा विभिन्न विचारहरु व्यक्त गरे । उनीहरुका अनुसार शिक्षाको पहुंचले गर्दा पुराना मूल्यमान्यतामा परिवर्तन भई बिधवालाई हेर्ने दृष्टकोणमा परिवर्तन आएको बताए । महिलावादी आन्दोलनले गर्दा नारी स्वतन्त्रतामा वृद्धि भएको, विधवाको रातो बस्त्र लगाउने चलन चलेको तथा लोग्ने मानिस विदुर हुँदा विवाह गर्न हुन्छ भने महिलाले पनि विवाह गर्न हुन्छ भन्ने सोचाई चल्न थालेको बताए । कतिपयले लामो समयसम्म एकल जीवन बिताउन गाह्रो हुने हुँदा बिधवा महिलालाई सहाराको जरुरत हुने र विवाह गरेमा वाँकी जीवन काट्न सजिलो हुन्छ भन्ने बिचार व्यक्त गरे । नेपाली समाजमा बिधवा विवाहलाई कानुनद्धारा प्रोत्साहन गरेको विचार पनि व्यक्त गरे ।

यसरी हिन्दू धर्मशाश्त्रवाट निर्देशित मूल्य मान्यता र परम्परा अनुसार चलेको दलित समुदायमा समय अन्तरालमा बिधवा लाई हेर्ने सकारात्मक सोचाइको विकास हुदै गरेको पाइन्छ । बिधवा महिला सहाराबिहिन भएर बाँच्न गाहो हुने महसुस गर्न थालिएको छ । नेपालमा दसवर्षे द्धन्दकालमा धेरै महिलाहरु कलिलै उमेरमा बिधवा भएकोले यसको बारेमा धेरैको ध्यान केन्द्रित भई सकारात्मक सोचाइमा वृद्धि हुन थालेको पाइन्छ । आफनै बिधवा बुहारीलाई उपयूक्त बर खोजी आफैले कन्यादान गरिदिने परिपाटी पनि चल्न थालेका छन् यस्तो सोचाई बिधवा विवाहको वारेमा आएको महत्वपूर्ण परिवर्तनको पाटो हो ।

## ५.१० विवाह गर्ने दुरीमा आएको परिवर्तन सम्वन्धी धारणा

दलित समुदायमा पनि मागी विवाह गर्दा आफनो जात कुलघरान मिल्ने परिवारको खोजी गर्नु पर्नेहुँदा नजिक वा टाढा जहां पनि हुन सक्छ । विशेषत बिहेवारी

गराउन नजिकका इष्टमित्र वा नातेदारले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । पहिला पहिला यातायात र सञ्चारका साधनहरुको अभावमा धेरै टाढा विवाह गर्नु असुविधाजनक मानिन्थ्यो । विवाह गरेपछि सधै घरमाइत वा मावली बारम्वार गरिरहनु पर्ने हुँदा धेरै टाढासम्म हिडेर जान गाह्रो हुने गर्दथ्यो । त्यस्तै धेरै टाढा भए मर्दापर्दाको बेला थाहा पाउन गाह्रो हुने हुंदा प्राय नजिक नै बिबाह गर्ने चलन चलेको पाइन्छ तर अहिले यस पक्षमा पनि परिवर्तन आएको छ । आगामी विवाह गर्दा विचार पु–याउनु पर्ने पक्षमध्ये दुरीलाई पनि ध्यान दिने गरिन्छ ।

अध्ययन क्षेत्रमा उत्तरदाताहरुलाई तपाईको छरछिमेकमा गाउँ नजिक वा टाढा विवाह गर्ने चलन छ भनी सोधिएको प्रश्नमा उनीहरुले व्यक्त गरेका धारणाहरु यस प्रकार छन् । त्यस्तै आजकल छरछिमेक वा गाउंघरमा टाढाभन्दा नजिक विवाह गर्ने चलन छ भन्नेहरुलाई यसको कारण के होला भनी प्रश्न गर्दा उनीहरुले नजिक विवाह गर्दा केटाकेटीहरुको आनिवानी, चरित्र, उनीहरुको चाहना, इच्छा बुझ्न सकिन्छ र परिवारिक जीवन सुखद हुन्छ भन्दन् । उनीहरुका अनुसार नजिक भए चाडवाडका वेला वा अन्य समयमा भेटघाट गर्न, घरमाइत गर्न सजिलो र सुरक्षित हुन्छ । नजिक भए टाढा जांदाको जस्तो खर्चिलो हुदैन, दुर्घटनाको जोखिम पनि रहदैन । नजिक भए सन्चो विसन्चो छिटो छिटो थाहा हुने ,आवश्यक भए सरसहयोग गर्न सजिलो हुने कुरा पनि वताए ।

## ५.११ विवाह गर्ने स्थानमा भएका परिवर्तनहरु

पहिला पहिला दलित समुदायको विवाह गर्दा तयारीको लागि पर्याप्त समयको व्यवस्था गरी घरमै जग्गे निर्माण गरी व्राहण क्षेत्रीले झैं विवाह गरिन्थ्यो । विवाहको लागि चाहिने सम्पूर्ण सामानहरुको व्यवस्था इष्टमित्र , दाजुभाइहरु सवै मिलेर गर्ने चलन रहेको थियो । विवाहको लागि सामानहरु एकआपसमा सरसहयोग ऐंचो पैचो गरी गाउँघरमा नै व्यवस्था गरिन्थ्यो । विवाहमा जम्मा हुने इष्टमित्र, नातेदार र जन्तीहरुलाई वस्नको लागि सवै मिलेर सवैको घरमा बस्नको व्यवस्था गर्ने गरिन्थ्यो । कृषिमा आधारित समाजमा आफनै आफनै वा सरसापटवाट चलाइन्थ्यो भने मानिसको जीवनयापनका तरिकाहरुमा आएको परिवर्तनले विवाह गर्ने स्थानमा पनि परिवर्तन आएको छ ।

विभिन्न कारणले आजकल घरको भन्दा मन्दिरको विवाह रोज्ने क्रम वढीरहेको छ । सहरीकरणसंगै घरमा विवाह गर्दा सवै साथीभाइलाई अटाउने ठाउँको पनि कमी हुने कारण रहेकोले घरमा गरिने विवाह विस्तारै असम्भव वन्दै गयो र घरमै गरिने परम्परागत विवाहलाई पनि मन्दिर र पार्टी प्यालेसमा गर्न थालिएको छ । जहां एकमुष्ट खर्च गरेपछि अनेक प्रकारका झन्झटवाट मुक्त हुन सकिन्छ । त्यस्तै बाच्नका लागि सङघर्ष गर्दै आएका आजका व्यस्त मानिसहरुले पनि घरमा हुने लामो विवाहको विकल्पको रुपमा मन्दिरको विवाहलाई रोज्न थालेका छन् । आजकल सहरवजारका मन्दिर, होटल र पार्टीप्यालेसहरु विवाहको समयमा खचाखच हुने गरेका छन् ।

## ५.१२ विवाह गर्ने समय (दिन/रात) मा आएका परिवर्तनहरु

नेपालका दलित समुदायका परम्परागत रुपमा चलिआएको मागी विवाहको क्रममा दुवै पक्षका बिचमा (केटापक्ष र केटीपक्ष) काम कुरो छिनेपछि जसलाई परम्परागत भाषामा जनैसुपारी गर्ने भनिन्छ । केटीका बाबुले केटा  पक्षका मानिसहरु समक्ष तोकिएको दिनमा तोकिएको समयको लगनमा मेरी कुमारी छोरीलाई लिन तपाईहरुका कुमार छोरालाई यतिको सङ्ख्यामा जन्ती लिएर आउनुहोला भनी निमन्त्रणा गरेपछि विवाहको दिनमा तोकिएको सङ्ख्यामा जन्तीको लावालस्कर सहित दिनमा जन्ती जाने चलन थियो त्यस समयमा आजको जस्तो यातायातका साधनहरुको कमी हुदा टाढा जानु पर्ने जन्ती दिनभरि हिडेर राति अवेर पुग्दथे । रातको विवाह विधि पुऱ्याउदा भोलिपल्ट अवेला भइसकेको हुन्थ्यो र जन्तेवाखो खाएर दुलही सहित जन्ती फर्कन्थे तर आजकल रातको विवाह अत्यन्त कम हुन थालेका छन् । अहिले विवाह भनेपछि स्वतः दिनको विवाह भनी वुझने गरिन्छ । उत्तरदाताहरुलाई रातको विवाहको सट्टा किन दिनमा विवाह गर्ने चलन चलेको होला भनी प्रश्न राख्दा उनीहरुले विभिन्न विचारहरु व्यक्त गरे । अधिकांश घरमा जेष्ठ सदस्यहरुको विवाह रातमा भएको थियो । उनीहरुका अनुसार रातको बिबाहा मानिसहरुले रक्सी सेवन गरी झै झगडा र कुटामारी हुन्छ । त्यस्तै रातको विवाह लामो भई धेरै समय लाग्ने र धेरै पाहुनालाई पाल्नु पर्ने हुँदा वढी खर्चिलो समेत हुन्छ । रातमा इष्टमित्र, जन्तीहरुलाई वासको व्यवस्था गर्न गाह्रो हुन्छ । रातिको विवाहमा दोहोरो भेतर खुवाउनु पर्ने हँदा माइती पक्षलाई वढी आर्थिक भार पर्दछ । रातको विवाह गर्न टाढा जानु पर्दा

सुरक्षाको पनि समस्या पर्दछ । त्यस्तै आजकल टाढाटाढा सम्म जानको लागि यातायाता साधनहरु पाइने हुनाले धेरै टाढा पनि दिनमा नै जान सम्भव हुन थालेको छ ।

पहिला धेरै प्रचलनमा रहेकोमा रातीमा बिवाह गर्ने चलन अहिले अत्यन्त कम प्रचलित छ । धेरै टाढा जानु पर्दा दिनमा सम्भव नहुने अवस्थामा बाहेक सामान्य अवस्थामा रातको बिबाह गरिदैन । यसमा मुख्य भूमिका खेल्ने तत्वहरुमा यातायातका साधनहरुको विकास, मानिसहरुको व्यस्तता वढी भएर लामो समय विवाहको लागि दिन नसक्नु हो । पहिला विवाहलाई मनोरञ्जनको साधनको रुपमा पनि लिइन्थ्यो भने अहिले मनोरञ्जनका अन्य साधनहरुको विकासले गर्दा पनि यसलाई कम चासोको रुपमा हेर्न थालिएको छ ।

हिन्दू जातीय व्यवस्थामा अन्तरजातीय विवाह बर्जित मानिएको छ तर शहरीकरणले मानिसमा फैलीएको जातीय विभेद कम हुदै गएको छ , फलस्वरुप अन्तरजातीय बिबाहका घट्नाहरु हाम्रो समाजमा बढदै गएका छन् । हुनत हाम्रा पौराणिक ग्रन्थहरुमा अन्तरजातीय विवाहका उदारहणहरु पनि छन् ।

# अध्याय छ

## अध्ययनको सारांश मुख्य प्राप्ती र निष्कर्ष

### ६.१ अध्ययनको सारांश

यो अध्ययन शिक्षाको पहुंचले विवाहको जोडी चयनमा पार्ने प्रभाव शिर्षकमा पोखरा उपमहानगर पालिका वडा नं. १२ मा बसोवास गर्ने देलित समुदाय बिशेष गरी (परियार, विश्वकर्मा र नेपाली) जातिमा अध्ययन गरिएको थियो । यो अध्ययन क्षेत्रमा जम्मा १९५ घरधुरी मा नमुना छनौट को आधारमा १०० घरधुरीमा गई अध्ययन गरिएको थियो । म अध्ययनकर्ता स्वंयं छनौट भएका घरधुरीमा गई घरको जेष्ठ सदस्यबाट संरचित प्रश्नावलीमा भएका तथ्य र धारणाहरु बुझी प्राथमिक तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । द्धितीय तथ्याङ्कको रुपमा वडा नं. १२, पोखरा उपमहानगरपालिका, नेपाल दलित महासंघ, मा भएका तथ्यांकका साथै राष्ट्यि जनगणना २०५८, राष्ट्यि जनगणना २०६८, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तिरिम संविधान २०६३ का साथै विषय वस्तुसंग संवन्धित विभिन्न पुस्तक , पत्रपत्रिका सन्दर्भ साहित्य आदिलाई लिइएको थियो ।

यस अध्ययन क्षेत्रमा १८ वटा टोल विकास समति रहेका छन्  जसको क्षेत्रफल १५५.६० हेक्टरमा फैलिएको छ । यहाँको परिवार संख्या १७६९ छ भने जम्मा जनसंख्या ७३६९ रहको छ (रा. जनगणना २०५८) । यहां विभिन्न जातजातिका मानिसहरु बसेको हुँदा विभिन्न संस्कार र संस्कृतिहरु झल्किएको देखिन्छ । यहाँ ब्राहमण, क्षेत्री,जनजाति, दलित, मुस्लिम, बंगाली आदि जातिहरु पाइन्छन भने हिन्दू, बौद्ध, मुस्लिम, क्रिश्चियन धर्म मान्ने मानिसहरु रहेका छन् । यहाँको मुख्य आम्दानीको स्रोत व्यापार, व्यवसाय, नोकरी, कृषि,मजदुरी, बैदेशिक रोजगार रहेका छन् ।

यहाका दलित समुदायको अध्ययनको कममा समस्याको रुपमा अझै पनि दलितहरु गैर दलित सरह शिक्षाको स्तरमा अगाडी बढ्न नसकेको अवस्था छ । सामाजिक आर्थिक हैसियत कमजोर छ । कानुनी रुपमा छुवाछुतको अन्त भएता पनि व्यवहारिक रुपमा केही कमी भएता पनि निर्मुलै भने हुन सकेको छैन । दलित र गैर दलितको बिवाह संवन्ध परिवारीक सल्लाह हुने गरेको छैन् । यदाकदा कुनैले आटं गरेर दलित र गैर दलित बिच अन्तरजातीय विवाह गरेको खण्डमा परिवारिक विच्छेद र गाउँ निकालाको अवस्था समेत

आएका छन् । पुर्खा देखि नै प्राय दलितको आर्थिक अवस्था एकदमै कमजोर भएका कारण अझै पनि प्राय आर्थिक कमजोरीकै सिकार बनिरहेको अवस्था छ । सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले दलितहरुलाई सवल बनाउन विभिन्न कार्यक्रम ल्याएता पनि सम्पूर्ण दलितहरु समेटिन सकेका छैनन् ।

नमुना छनौट विधिको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक किसिमको थियो । १९५ घरधुरी र १०५० जनालाई समग्रतको रुपमा लिई १०० घरधुरीका ६५४ जनाको अध्ययन गरिएको थियो । अर्न्तवार्ता, अवलोकन र प्रश्नावली विधिबाट तथ्याङ्क संकलन गरिएको छ । संकलित तथ्याङ्कलाई तिनीहरुको विशेषताको आधारमा विश्लेषण गरी बोल्नसक्ने अर्थपूर्ण बनाइएको छ । यो अध्ययन सामाजिक विश्लेषण भएकोले Etic र Emic दुवै दृष्टिकोणहरुबाट तथ्याङ्कहरुलाई केलाइएको छ । साथै सोही तथ्याङ्कको विश्लेषण गर्दा तालिकीकरण बनाई व्याख्या गरिएको छ ।

अध्ययनको क्रममा अध्ययन क्षेत्रमा पाइएका विवाह संस्थामा परिवर्तनका मुख्य पक्षहरु यस प्रकारछन् ।

- यहाँका दलितहरुमा परम्परागत रुपमा चलिआएको मागी विवाह र आधुनिक प्रेम विवाह प्रचलित छन् । पुरानो पुस्तामा मागी विवाह गर्ने चलन वढी भए पनि यस पुस्तामा प्रेम विवाह वढी प्रचलनमा छ ।
- विवाह गर्दा पहिला रातको विवाहमा सम्पूर्ण विधिविधान पुऱ्याएर घरमा नै गर्ने गरिएकोमा हाल आएर दिनको विवाहमा मुख्य विधिहरु संक्षिप्त रुपमा गरेर मन्दिरमा विवाह गर्ने चलन वढी प्रचलनमा आएको छ ।
- पुरानो पुस्तामा बाल्यकालमा नै विवाह गर्ने र जोडाजोडीको उमेरको अन्तर धेरै हुने गरेकोमा अहिले परिवर्तन भएर उमेर परिपक्क भएपछि आत्मनिर्भर भएर विवाह गर्ने र जोडाजोडीको उमेरको अन्तर कम गरी लगभग वरावरी उमेरका केटाकेटीहरुको बिचमा विवाह गर्ने चलन चल्न थालेको छ । वालविवाह लगभग हटेको पाइन्छ ।

- आफनै जातभित्र फरक गोत्रमा विवाह गर्ने चलन दलित समुमा चल्दै आएको र अन्तरजातीय विवाहको चलन पनि चल्न थालेको छ । युवापुस्तामा अन्तरजातीय विवाहका घटनाहरु वृद्धि हुदै गएका छन् ।
- पुनः विवाह र विधवा विवाह गर्न हुँदैन भन्ने मान्यता रहेको दलित समूहमा पुनः विवाह र विधवा विवाहलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आई व्यक्तिको इच्छामा गर्न सकिन्छ भन्ने धारणा पाइएको छ । पुन : विवाह र विधवा विवाहका घटनाहरुमा वृद्धि भएको छ ।
- विवाहको समयमा वारीका कुनामा दुनाटपरीमा खाने जन्तेवाखोको चलन हटेर अहिले बिबाहको प्रीतिभोज क्याटरिङ वा व्यवसायिक कुकले तयार गरी होटल वा पार्टीप्यालेसहरुमा गर्न थालिएको छ । विवाहमा हुने पैचो सरसापट र सहयोगको तरिकामा परिवर्तन भई व्यावसायीकरण हुदै गएको छ ।
- मागी विवाह गर्दा आफ्ना अभिभावकले आफना छोराछोरीको लागि जोडी छनौट गर्ने आधारहरुमा परिवर्तन आएको छ । पहिला खेतीपाती र घरव्यवहारमा आवश्यक पर्ने गुणहरुलाई ध्यान दिने गरिएकोमा अहिले पढाइ, पेशा, सम्पत्ति र सीप भई आफै जीविकोपार्जन गर्न सक्ने भएकालाई वढी प्राथमिकता दिन थालिएको छ ।
- पहिला नजिक चिनेजानेको ठाउंमा आफना आफन्तहरुको सहयोगमा मागी विवाह हुने गरेकोमा अहिले बिबाहलाई नजिक, टाढा, देश विदेशजस्ता सीमाहरुले निर्धारण गर्ने परम्परामा परिवर्तन आएको छ ।

माथि उल्लेखित पक्षहरुमा परिवर्तन ल्याउन मुख्य भूमिका खेल्ने तत्व (कारण) हरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ

- परम्परागत रुपमा चलिआएको मागी विवाहको सट्टा युवापुस्तामा प्रेम विवाहको प्रचलन बढनुको कारण शिक्षा र चेतनाको वृद्धि भई आफनो जीवनसाथी छान्दा आफनो इच्छा चाहना अनुसार आफैले स्वतन्त्रतापूर्वक छान्ने व्यक्तिगत स्वतन्त्रतामा वृद्धि हुनु हो ।
- पहिलाको आर्थिक क्रियाकलापको मुख्य स्रोत कृषि थियो तर अहिले जीविकोपार्जन उपायहरुमा परिवर्तन आई मानिसको व्यस्तता वढेको छ । सामाजिक सम्वन्धहरुमा

परिवर्तन आउँदा पहिला जस्तो सरसहयोग गर्ने भावनामा परिवर्तन आई घरमा रातको समयमा लामो विधि अनुसार विवाह नगरी दिनमा मन्दिरमा छोटो र छिटो विवाह गर्ने चलन चल्न थालेको छ ।

- सानो उमेरमा विवाह गर्दा शिक्षावाट वञ्चित हुने आमा र वच्चाको स्वास्थ्यमा नराम्रो असर पर्ने र आत्मनिर्भर भएर मात्र विवाह गर्नुपर्छ भन्ने मान्यताले गर्दा विवाह गर्ने उमेर वढदै गएको पाइन्छ । यसलाई जीविकोपार्जनको उपायले पनि असर गरेको छ । पहिला कृषि, पेशा गर्नको लागि मानिसको आवश्यकता पर्ने हुंदा छिटो विवाह गर्ने चलन थियो भने अहिले आत्मनिर्भर हुनको लागि शिक्षा । सीप सिक्दा स्वतः विवाह गर्ने उमेर वढदै जान्छ ।
- विवाह गर्ने जोडीको उमेरमा असमानता हुँदा उनीहरुका इच्छा, चाहना, रुचिमा फरक पर्ने, लामो समय एकल जीवन जिउनु पर्ने , रुची इच्छा, चाहना नमिल्दा पारिवारिक जीवन विच्छेद हुने भएकोले जोडा जोडीको उमेरको अन्तर कम हुने गरेको छ । यसमा कानुनी वन्देज पनि एउटा कारण हो ।
- लैङिगक स्थितिमा आएको परिवर्तन , महिला स्वतन्त्रतमाा वृद्धि, महिलाले घरभन्दा वाहिर निस्केर आयआर्जन गरी आत्मनिर्भर हुन थालेकोले पहिला जस्तो पारिवारिक दवाव र हिंसा सहेर वस्ने प्रवृत्तिमा कमी आएको छ । यसले गर्दा विवाह विच्छेदका घटना र बिधवा विवाहका घटनामा बृद्धि भएको छ । शिक्षा र चेतनाले गर्दा बिधवालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । विवाह विच्छेदलाई पश्चिमी प्रभावले पनि केही असर गरेको छ ।
- दाइजोको रुपमा जिन्सी सामानको सट्टामा नगद चलन विस्तारै वढ्दै गएको छ । जिन्सी सामान दिंदा तिनीहरु सवैको उचित प्रयोग नहुने तर नगद भएमा आफनो आवश्यकता अनुसार जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने हुँदा यसको प्रयोग बढनु स्वभाविक देखिन्छ ।
- परम्परागत रुपमा रहेको पुर्ख्यौली पेसाले नयां पुस्ताको जीवन निर्वाह कठिन वन्दै गएकोले बाबु  आमाले आफना छोराछोरीको विवाह गर्दा घरभित्रको धन्दा गरिखाने भन्दा वाहिर आयआर्जन गर्न सक्ने बुहारीको छनौट गर्न थालेका छन् । सामन्तवादी अर्धराजनीति अन्तगर्तको मागी विवाह पद्धति आफै कमाइ गरी खाने

पुँजीवादी अर्थराजनीतिको प्रेम विवाह पद्धतिमा रुपान्तरणको क्रममा रहेकोले यस्तो परिवर्तन देखा पर्दैछ ।

- यातायात , सञ्चार तथा विभिन्न अनलाइन मिडियाहरुको प्रभावले पहिला नजिक बिबाह गर्ने चलनमा परिवर्तन भएकोले विवाहलाई दुरीको आधारमा निर्धारण गर्ने चलन हट्दै गएको छ ।
- आजका युवापुस्तामा शिक्षा, चेतना, सञ्चारका माध्यमहरुको प्रभावले जातभात र छुवाछुतको भावनामा कमी आउँदैछ । यसले अन्तरजातीय बिबाह गर्ने प्रवृत्ति वढ्दै गएको छ । सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गरेकोले पनि यसमा वृद्धि भएको हो ।
- सामाजिक सम्वन्धमा आएको परिवर्तन, युवाशक्ति रोजगारीको क्रममा सहरतिर आर्कर्षित हुनु वजारमा पर्याप्त मात्रामा विवाह तथा भोज गर्ने जग्गा अभावले गर्दा आजकलका विवाह मन्दिर, होटल र पार्टी प्यालेसमा हुन थालेका छन् ।

## ६.२ मुख्य प्राप्ती

१) अध्ययन क्षेत्रमा जम्मा घरधुरी संख्याल १९५ रहेकोमा १०० घरधुरीका ६५४ जनाको अध्ययन गरिएको ।

२) ६५४ जनाको अध्ययन गरिएकोमा ३५१ जना महिला र ३०३ जना पुरुष रहेका ।

३) ६५४ मा निरक्षर १४७ जना र सवै भन्दा धेरै पढेका २४ जना रहेका ।

४) अध्ययन क्षेत्रमा विवाहित जोडी २०१ अर्थात (४०२ जना) रहेको र अविवाहित २५९ जना रहेको पाइयो ।

५) १०० घरपरिवार अध्ययन गरिएकोमा एकल परिवार १६, संयूक्त परिवार ७४ र बृहत परिवार १० रहेको पाइयो ।

६) पेशा संवन्धमा अध्ययन गर्दा १०० परिवारमा ३४ परिवारको मजदुरी, २७ परिवारको स्वेदशमा रोजगार ,३४ परिवार व्यापार (तरकारी, फलफूलका) र १८ परिवार बैदेशिक रोजगार (कतार,दुवई) मा रहेको पाइयो ।

७) सदस्य संख्या हेर्दा २ देखि ५ जना सदस्य संख्या रहेको परिवार संख्या ५२, ६ देखि १० जना सदस्य संख्या रहेको परिवार संख्या ३९ र १० देखि १५ जना सदस्य संख्या रहेको परिवार संख्या ९ रहेको ।

८) १५ वर्ष भन्दा तलको उमेरमा विवाह गर्नेको संख्या ५२ जना, १६ देखि २६ वर्षको उमेरमा विवाह गर्नेको संख्या ३०६ जना र २७ देखि ३६ वर्षको उमेरमा विवाह गर्नेको संख्या ४४ जना रहेको ।

९) अन्तरजातीय विवाह २४ जनाले गरेका छन भने सजातीय विवाह ३७८ जनाले गरेका छन् ।

१०)यस अध्ययन क्षेत्रका धेरजसो दलितहरु सुकुम्वासीको जग्गामा कच्ची घर बनाएर बसेका , केही बैदेशिक रोजगारीमा गएका हरुको सानो जग्गाको टुका किनी पक्की घर बनाएको पाइयो ।

११) अध्ययन क्षेत्रका समुदायले मागी विवाह ३४८ जनाले गरेका र प्रेम (भागी) विवाह ५४ जनाले गरेको पाइयो ।

१२) अध्ययन क्षेत्रका दलित समुदायहरु प्रायको मनसाय बुझ्दा आफुले नपढेता पनि छोराछोरीले  पढेमा दुःख गरेर भए पनि पढाई दिने बताए ।

१३) प्रायको पुर्खौली घर छोडेर कामको खोजीमा पोखरा पसेको र यही बस्दा बस्दै वासको जोगो गरेका रहेछन् ।

१४)विवाहको वारेमा गहन रुपमा यी समुदायले अझै सोचेको पाइएन ।  छोराछोरी पनि किशोर अवस्था पुग्दा नपुग्दै आफै टिपेर हिड्ने र आमा वावुले  पनि त्यसलाई हल्का रुपमा लिई आफै  रोजे गए  भन्ने गरेका धेरै पाइयो ।

१५) जो वावुआमा शिक्षित छन तिनिहरुले छोराछोरीलाई पनि पढाएका छन् । छोराछोरी पनि बाबुआमाको नियन्त्रणमा छन् । विवाहको मुख्य पाटो जोडी चयनको बारेमा सोचेका छन् नियमित पेशा अपनाएका छन् घर सफासुग्घर छ वानी व्यहोरा सुधारेका छन् ।

१६) जो पढेका छैनन तिनको व्यवहार पनि त्यस्तै रक्सी खाने, परिवार नियोजनको ज्ञान नहुंदा छोरा छोरी धेरै जन्माएका, दिगो पेशा नअपनाएका कारण गरिवी, झगडा, अनियन्त्रण ,फोहर आदिका कारया साचिकै दलितको रुपमा पिल्सिएका पाइयो ।

१७) प्राय शिक्षित परिवारको जोडी चयन उचित भएका कारण वैवाहिक संवन्ध राम्रो रहेको पाइयो भने प्राय अशिक्षित परिवारमा वैवाहिक संवन्ध दिगो र व्यवस्थित रहेको देखिएन ।

१८) दलित परिवार भित्र पनि जो पढेलेखेको छ टाठोबाठो छ उसले राज्यले दिएको सुविधलाई लिन सकेको छ भने जो पढेको छैन लाटो सोझो छ उसले राज्यले दिएको सुविधा पाउन सकेको छैन ।

## ६.३ अध्ययनको निष्कर्ष

अधिकांश दलितहरु भूमिहीन सरह भएकोले सधै गाउँघरको मजदुरीले मात्र जीवन यापन गर्न ज्यादै कठिन परेकोले कमाइ गर्ने उमेर पुगेका युवाहरु पढाइ छोडेर वैदेशिक रोजगारमा लाग्न वाँध्य भएको उनीहरु वताउँछन् । वैदेशिक रोजगारमा संलग्न घर परिवारको वार्षिक आय ठिकै देखिए तापनि घरको उत्पादन नगण्य भएकोले मुस्कीलले जीवन गुजारा गरेको देखिन्छ भने वैदेशिक रोजगारमा नलागेका घर परिवारको जीवन अति कष्टकर देखिन्छ ।

पहिलाको तुलनामा दलित समुदायमा पनि शिक्षाको जागरुकता बढेको छ । अहिले हरेकका घरमा स्कुल जाने बेलाका केटाकेटीले झोलामा किताव बोकेर सरकारी स्कुलमा गएको देखिन्छ भने आर्थिक हैसियत राम्रो भएकाहरुले निजी विद्यालयमा पढाएको पनि देखिन्छ । नयां पुस्तामा परिवार नियोजनको ज्ञानले गर्दा निश्चित सन्तान जन्माएको पाइन्छ । वालवच्चा र परिवारमा विशेष ख्याल राखेको पाइयो । दलित स्वयंमा आत्महीनताको भावना हटेको, जातलाई भन्दा कामलाई बढी महत्व दिने गरेको, मागी विवाहका साथै प्रेम विवाह पनि वृद्धि भएको, विधवालाई हेर्ने दृष्टिकोणमा सकारात्मक सोच देखिएको, छोरा र छोरीलाई दुवै सन्तान हुन भन्ने सोच बढेको, आफनो वा सन्ततिको विवाहमा पुराना मापदण्डमा परिवर्तन आई शिक्षा र आयआर्जनको लागि पेशा गरि आत्मनिर्भर हुन सक्ने मापदण्डलाई छनौटको प्रमुख आधार मान्न थालिएको छ । विवाहलाई नजिक, टाढा र जातीयताको सांघुरो घेराबाट हेर्ने चलनमा क्रमश परिवर्तन आउँदैछ । आफनो इच्छा, चाहना, रुचि मिल्ने जीवनसाथी जहाँ पाइन्छ त्यही विवाह गर्ने परिपाटीको थालनी भएको छ ।

दलित समुहमा परम्परागत रुपले चलि आएका विवाहका रुपहरुमा धेरै परिवर्तनहरु आएका छन् । पुरानो कृषि प्रणालीमा आधारित समाज विस्तारै परिवर्तन भई गैर कृषि समाजमा रुपान्तरण हुने क्रममा रहेकोले समाजमा स्थापित पुराना मूल्य र मान्यताहरु परिवर्तन भइरहेका शिक्षा, सूचना र संचारको विकासले पनि पुराना मूल्य र मान्यताहरुमा परिवर्तन ल्याइरहेका छन् । समाजमा रहेका हरेक संरचना र मान्यताहरुमा अन्तरविरोधहरु कायम छन् । पुरानो पुस्ता र नयां पुस्ताको वीचमा पुस्तागत र वैचारिक द्धन्दहरु चलेका छन् । त्यसको असर दलित समूहको विवाह संस्थामा पनि परेको छ । विवाहमा स्थापित पुराना मूल्य र मान्यताहरु समयसंगै परिवर्तन हुने क्रममा छन् । आजको युवापुस्ताले लामो समयसम्म आफनो काँधमा जिम्मेवारी वहन गर्न नचाहदा विवाह गर्ने उमेरमा वृद्धि भएको छ । कृषिमा आधारित जीविकोपार्जनका उपायहरुमा परिवर्तन आउँदा जोडी खोज्ने तरिकामा पनि परिवर्तन भएको छ । पुराना समााजिक सम्वन्धहरुमा परिवर्तन भएर पहिला जस्तो टोलमा भोजभेतर लगायत मर्दापर्दा गरिने सरसहयोगको भावनामा कमी आएको छ । सामुहिक स्वार्थ भन्दा व्यक्तिवाद र व्यवसायिककरण हावी हुदै गएको छ । महिला स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रता र आयआर्जनमा महिलाको पहुंच वढ्दा बिवाहमा हुने लैङ्गिक अवस्थामा पनि परिवर्तन भइरहेको पाइयो ।

## ६.४ सुझाव

१) सरकारी स्तरबाट दलीत समुदायमा शिक्षाको पहुंच अझै बढाउनु पर्ने । प्राविधिक शिक्षाको लागि दलितहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने साथै दलितहरुको परम्परागत जातीय पेशालाई वैज्ञानिक ढंगबाट गर्न प्रोत्साहित गर्दे सहुलियत दरमा ऋण दिनु पर्ने ।

२) दलित स्वयं जागरुक भई राज्यले के के कार्यक्रमहरु ल्याएको छ कुन कार्यक्रममा आफू समावेश हुन सकिन्छ भनी बुझेर राज्यले दिएको अवसरलाई लिन सक्नु पर्दछ । साथै दलित स्वयं सही आचरणमा बसेर जातले हैन कर्मले मानिस ब्राह्मण हुँदो रहेछ भन्ने उदाहरण बन्नु पर्दछ ।

३) विवाहको मुख्य पाटो जोडीचयनमा बिशेष ध्यान पुरयाएर वैबाहिक जीवनलाई सफल पार्न कोशिस गर्नु पर्दछ ।

# सन्दर्भ सामाग्री

काफ्ले, दीपकराज (वि.सं. २०६५) पोखराका कसाई जातिको विवाह पद्धतिमा शहरीकरणको प्रभाव, समाजशास्त्र । मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

खत्री, प्रेम कुमार (२०४४) "नेपाली समाज र संस्कृति" , काठमाण्डौं पाठ्यक्रम विकास केन्द्र ।

खुलेर बोलौं .... बिभेदलाई रोकौं, २०६७ : मस्यौदा कानुन सम्बन्धी खुल्ला संवाद श्रृङ्खला

गुरुङ, हर्क (२०६५) "बहिष्करण देखि समावेशीकरण सम्म" , सामाजिक समावेशीकरण अनुसन्धान कोष, काठमाण्डौं, एस.एन.भी. नेपाल ।

चापागाई, बमकला, (सन् २००९) स्याङ्गजा जिल्ला श्रीकृष्णगण्डकी गा.वि.स. का सार्की जातिको सामाजिक, आर्थिक अवस्था र व्यवसायिक परिवर्तन , समाजशास्त्र / मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिश्र, चैतन्य (वि.सं) २०६५, बदलिदो नेपाली समाज , काठमाण्डौं, फाइन प्रिन्ट आई.एन.सीं ।

जिल्ला पार्श्वचित्र (वि.सं. २०६८) , जिल्ला जन स्वास्थ्य कार्यालय, कास्की ।

पि. काप्लान ( सन १९७२) प्रिष्ट एण्ड कब्बलर, लण्डन इण्टर टेक्स्ट बुक ।

प्रश्रित , मोदनाथ (वि.सं. २०५८) हिन्दु धर्मशात्रमा मानव उत्पीडनका सन्दर्भहरु, सम्पादकीयबाट ।

पराजुली , महेशनाथ (वि.सं.२०६३) राज्यको पुन : संरचनामा दलित सहभागीता, कीर्तिपुर , त्रिभुवन विश्व विद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

पोखरा नगरपालिका , आ.व. ०६९।०७०, बार्षिक नगर विकास योजना ।

पोखरा उपमहानगर पालिका : नेपाली विकिपिडिया ।

बिष्ट ,डोरबहादुर (वि.सं.२०५२) "सबै जातको फूलवारी" साझा प्रकाशन, काठमाण्डौं ।

प्रश्रित, मोदनाथ (वि.सं.२०५८) छुवाछुत प्रथा मानव जातिको कलंकको टीका ।

महतो (वि.सं.२०५८) राष्ट्र विकासमा दलित वर्ग ।

मुलुकी ऐन , २०२० (दशौं संशोधन) श्री ५ को सरकार ( वि.सं.२०५१), काठमाण्डौं पैरवी प्रकाशन

नेपाल अधिराज्यको संविधान, २०४७ ।

एनगेल्स, फेडरिख ( १९८६) परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति, मास्को : प्रगति प्रकाशन ।

शर्मा भोजराज, (वि.सं २०६५), स्याङ्गजा जिल्ला वाहाकोट गा.वि.स. का दमाई जातिको सामाजिक आर्थिक अवस्था एक अध्ययन, समाजशास्त्र /मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

सुवेदी, मधुसुदन (२०५६) हिन्दु विवाहको इतिहास : सानेपा, श्रीमती सानुमाया सुवेदी, ललीतपुर, यशिया पव्लिकेशन ।

सेरिङ (वि.सं.२०५६) ज्योति दलित भाग २, काठमाण्डौं त्रिपुरेश्वर ।

शर्मा, जनकलाल , (वि.सं. २०५८) "हामो समाज एक अध्ययन" , साझा प्रकाशन, काठमाण्डौं ।

हाडा, भुपेन्द्र (वि.सं.२०४८) , विकासको निम्ती शिक्षा, काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

अन्तर्राष्ट्रिय श्रम संगठन (१९८२), संयुक्त राष्ट्र संघ ।

अमेरिकाको मिचिगत विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्र : २००३ , Development Idelism and changing models of marrriage.

Blaikie, P. & Cameron ,J. (1980), Nepal in Crisis, Oxford University.

Blaikie,P. Camron & J. Seddon D. (1970), Peasant and workers in Nepal, Delhi: Vikash Publication house Pvt. Ltd.

CBS (2002) Statical year book of Nepal, Kathmandu, Central Bureah of stastical Kathmandu।

CBS (2011) Statical year book of Nepal, Kathmandu, Central Bureah of stastical Kathmandu.

Caplan A.P. (1972) , Priest and Cobbler, London Intertext Book.

## वैयक्तिक अध्ययन – १



नाम – बिष्णु वि.क.
वर्ष – २६
घर – पो.उ.म.न.पा. १२ शितलदेवी
माइती – तारकाङ, कास्की

गाउंमा जन्मीयो त्यहिको सरकारी स्कुलमा पढन त गइन्थ्यो , ९ कक्षा सम्म जसो तसो गरी पढे ९ कक्षामा फेल भएपछि पढन छाडे । बुवा आमाले विवाह गरी दिनुभयो । बुढाले कत्ति पनि बढनु भएको छैन । यहां सुकुम्वासीको जग्गामा २ कोठे घर छ एउटा छोरा र छोरी जन्मीएका छन । म तिनीहरुको स्याहार सुसारका साथै घरधन्धा गर्दछु । बुढाले मजदुरी काम गर्नुहुन्छ महिनाको १५०००। जति कमाउनु हुन्छ त्यसले जेनतेन घर चलेको छ ।

सासु ससुरा पहिल्यै देखि सिकलेस गाउं छोडेर पोखरा आई आरानको काम गरी बस्नु भएको रे । सिकलेसमा पनि खेती पाती केही छैन सवै किनेर खाने हो । पढन पाएको भए त राम्रै हुन्थ्यो तर पढन पाइएन त्यसैले आफुले नपढे पनि छोराछोरीलाई दुःख गरेर भए पनि पढाउने विचार गरेका छौं ।

मेरो विवाह १९ वर्षको उमेरमा भएको हो । बुढा २१ वर्षको हुनहुन्थ्यो । बा–आमाले दिएको ठाउं ठिकै होला भन्ठानीयो बिहेको बारेमा अरु कुरा सोच्दै सोचिएन अहिले ठिकैछ । आफू त गाउंको दुःखै पाएको मान्छे बजारमा घर भएको केटा माग्न आएको छ भने पछि उसको पढाइलाई त्यति वास्ता पनि गरिएन । काम गरेर पैसा कमाए त भई हाल्यो नि भन्ने सोच आयो । हुन पनि हो की पढेर माथि नै पुग्न सके हुन्थ्यो नत्र थोरै तिनै पढेर के काम ? काम नगरी खान पाइन्न क्यारे ।

छुवाछुत संवन्धमा अझै गाउंघरमा हामीले छोएको माथिल्ला जातकाले खादैनन् र हामीलाई घर भित्र पनि पस्न दिदैनन तर बजारमा भने त्यति पाइदैन तर छुवाछुत नै नभएको भने होइन ।

# वैयक्तिक अध्ययन – २




नाम – सुकमाया परियार
वर्ष – २१
घर – पोखरा १२ ढिकालेथर
माइती – सिकलेस

मेरो माइती कास्की जिल्लाको सिकलेस गा.वि.स. मा पर्दछ । बा आमाका छोराछोरी धेरै भएका कारण पेट भर्न पनि गाह्रो स्कूल पठाउने त कुरै छोडौं । ४ कक्षा सम्म गाउंकै स्कूलमा पढेकी थिए त्यसपछि पढाई छोडे । घरमा ७– ८ वटा बाखा थिए बाखा हेर्ने घरको धन्धा गर्ने मैले नै गर्नु पर्दथ्यो । त्यसैले पढन पाइन । मेरै फूपुको छोरालाई बा– आमाले विवाह गरी दिनु भयो । विवाह गर्दा म १९ वर्षकी र बुढा २१ वर्षका थियौं बुढाले पनि ३ कक्षा पढेर छोडनु भएको अरे । अहिले साउदीमा हुनुहुन्छ । कमाई ठिकै छ ।

म मेरो २ वर्षको छोरा, सासु १ र अमाजु १ गरी ४ जनाको परिवार घरमा रहेका छौं बुढाले कमाएर पठाई दिनु हुन्छ हामी त्यसैले यहां घर चलाएका छौं । माइतमा खेतीपाती छ तर घरमा खेतीपाती केही छैन संयूक्त घर थियो त्यसमा ससुराका दाईका परिवार बस्दछन हामी बाहिर बाहिर नै छौं । यहां बसेको सुकुम्वासकिो जग्गामा ससुराले नै बनाएको घर हो । गाउंघर तीर त छुवाछुतको भावना अझै छ तर बजारमा कम छ । तर छन त छ अझै पनि उपल्ला जात भनाउदाहरुले हामीहरुलाई होच्याएर नै बोल्ने गर्दछन ।

## बैयक्तिक अध्ययन – ३



नाम – कुमारी के.सी (नेपाली)
वर्ष १६
घर – पोखरा १२ हस्पीटलचोक
माइती – लमजुङ खुदी

म कक्षा ७ मा पढदै थिए मलाई पढन पनि त्यति मन लाग्ने थिएन । मेरो बुढा पनि सोही कक्षामा पढदथे । हामी एक अर्कालाई मन पराउथ्यौं । पढदा पढदै भाग्यौं र विहे गरयौं । मेरो माइती क्षेत्री के.सीं परिवार हो भने मैले दलित समुदायको केटासंग विहे गरेका कारण मलाई माइतीले भित्रयाएका पनि छैनन् । आउने जाने पनि गरिएको छैन र फोनबाट कुराकानी पनि हुदैन । पढेर मात्रै खान आउदैन काम गर्ने पर्दछ त्यसैले हामीले पढेनौं भन्ने पश्चाताप लागेको छैन । मेरो बुढा रङ लगाउने काम गर्नुहुन्छ महिनामा १२–१३ हजार कमाउनु हुन्छ त्यसले घर चलाएका छौं । घरमा सासु ससुरा र हामी संगे छौं । जेठाजुको परिवार अलग्गै छुट्टिएर बस्नु भएको छ ।

बिबाहको वारेमा राम्रो नराम्रो हामीले केही पनि सोचेनौं । एक अर्कालाई मन पर्यो त्यसपछि भाग्यौं । गाउं घर तीर अझै पनि छुवाछुतको चलन चलीरहको छ तर बजारमा भने यो हटेको छ । खेतीपाती अन्न उब्जनी केही छैन । सुकुम्वासीको जग्गामा दुई कोठाको झुप्रो बनाएर बसेका छौं । आज कमायो आजै खाने भोली कमायो भोली खाने हो एक दुइ दिन बन्द भयो भने पनि खोल्ती रितिन्छ ।

## अनुसुची १

## प्रश्नावली

तथ्याक  सङ्कलनका कममा घर परिवार सर्वेक्षण गर्दा प्रयोग गरिएको अन्तर्वाता सूची

घर संख्या :

**१) व्यक्तिगत विवरण विवरण**

क) नाम : ख) उमेर

ग) पेशा : घ) शिक्षा

ङ) धर्म ङ) टोल

**२) पारिवारिक विवरण**

| क.सं | उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| क | १ वर्ष मुनिका | | | |
| ख | १ – ५ वर्षसम्म | | | |
| ग | ६ –१४ सम्म | | | |
| घ | १५– ६९ वर्ष सम्म | | | |
| ङ | ७० वर्ष माथि | | | |

**खण्ड क**

**आर्थिक तथा सामाजिक स्थिति :**

१) तपाइको प्रमुख पेशा के हो ?

क) कृषि ख) व्यापार ग) वैदेशिक रोजगार

घ) जागीर ङ) ज्याला मजदुरी

२) तपाइको जग्गा जमीन कति छ ?

क) १ – ५ रोपनी ख) ५ – १० रोपनी

ग) १० – १५ रोपनी घ) १५ भन्दा माथि

३) तपाइको जमीनमा के के उत्पादन हुन्छ ?

क) अन्न ख) फलफूल ग) तरकारी घ) माथिका सवै

४) तपाईको घरव्यवहार चलाउने सहायक पेशा के हो ?

५) पशुपालन छ छैन ? यदि छ भने कति आम्दानी हुन्छ ?

क) ५०० सम्म   ख) १००० सम्म ग) ५००० सम्म   घ) १०,००० भन्दा माथि

६) तपाइको आय व्यय र बचत कति छ ?

..........................................................

७) तपाइको घरको बनावट कस्तो प्रकारको छ ?

क) कच्ची   ख) पक्की   ग) अन्य

८) तपाईको घरमा भएका सामानहरुको विवरण वताउनुहोस्

क) मोवाइल   ख) टेलीफोन सेट   ग) टि.भि.   घ) रेडीयो

ङ) मोटरसाइकल   च) फ्रिज   छ) गाडी

**खण्ड ख**

१) परिवारको वैवाहिक स्थिति :

| क.सं. | उमेर समूह | लिङ्ग | वैवाहिक स्थिति | कैफियत | मागी विवाह | प्रेम विवाह | शैक्षिक स्थिति | पेशा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

२) तपाईहरुमा मामा चेली फूपु चेला विवाह हुन्छ की हुदैन ?

३) साली विवाह / भाउजु विवाह हुन्छ की हुदैन ?

४) विवाह पहिले कुन उमेरमा गरिन्थ्यो ?

५) वैवाहिक जोडीको अन्तर कति भएको पाउनु भएको छ ?

६) तपाईहरुको विवाहको कुरा चलेपछि एक अर्कामा बुझ्ने मौका पाउछन की पाउदैनन् ? यदि पाउछन भने कसरी ?

७) विवाहको कुरा सवै भन्दा पहिला कुन पक्षले उठाउंछ ?

क) केटा पक्ष   ख) केटी पक्ष

८) विवाह गर्नु अघि आफनो र आफना सन्ततीको लागि जोडीको वारेमा कसरी बुझ्नु भयो ?

९) प्रत्यासीलाई आफनो वा आफना सन्ततीको रुची, लक्ष्य, स्वास्थ्य, सवलपक्ष, दुर्वलपक्ष, आदिकावारेमा वताउनु भयो की भएन ? प्रत्यासीका वारेमा ती कुराहरु स्वस्थ पहिचान पाउनु भएको थियो की थिएन ?

१०) विवाह गर्दा तपाई वा तपाइका सन्ततीको पूर्ण मञ्जुरी थियो की थिएन ? यदि थिएन भने सो विवाह कसरी हुन पुग्यो ?

११) तपाई वा तपाईका सन्ततीको विवाह गर्दा तपाई वा तपाइका छोराछोरीले हासिल गरेको शिक्षाले केही प्रभाव पारेको हुन्छ या हुदैन ?

क) हुन्छ    ख) हुदैन

यदि हुन्छ भने कस्ता प्रभाव पारेको हुन्छ ?

१) आफै छान्ने

२) अहिले गर्दीन भन्ने

३) पेशा सुरु गरेपछि मात्र गर्छु भन्ने

४) जातभात भन्दा पनि असल केटा वा केटी रोज्ने

५) पढेका केटा वा केटीलाई प्राथमिकता दिन्छन्

६) आफनो वारेमा आफैले खुलस्त कुरा राख्न सक्छन

१२) विवाह नभएका तर विवाह गर्ने उमेर पुगेकाको लागि प्रश्न

क) तपाइले कति पढनु भएको छ ?

ख) भनेको के हो ?

ग) विवाह गर्ने सम्वन्धमा तपाइको के विचार छ ?

घ) तपाइको विचारमा विवाह गर्ने उपयूक्त उमेर कति हो ?

ङ) कस्तो जोडीको चयन गर्नुहुन्छ ?

च) बाबु आमाले भनेको गर्नुहुन्छ वा आफनो जीवन साथी आफैले निर्णय गर्नुहुन्छ ?

छ) यदि तपाईको निर्णयलाई तपाइको अभिभावकले मान्नु भएन भने के गर्नुहुन्छ ?

१३) विवाहमा चिना मिलाउनु पर्ने हुन्छ की हुदैन ?

१४) पुरोहित आवश्यक पर्छ की पर्दैन ? कसलाई बनाउनु हुन्छ ?

१५) जग्गे के कसरी बनाइन्छ ?

१६) विवाहमा पहिले र अहिले खर्चमा के कति अन्तर आएको छ ?

१७) सुपारी दिने चलन थियो की थिएन ?

१८) दुल्हन फर्काउने काम हुन्छ की हुदैन ?

१९) विवाहमा वाजा र गीतहरु के कस्ता हन्छन ?

२०) यातायातको सेवा नहुंदा जन्ती जाने आउने के कसरी गरिन्छ ?

२१) विवाहमा दाइजोलाई कतिको प्राथमिकता दिनुहन्छ ?

२२) विवाहको भोज हन्छ की हुदैन ? भोजमा के के खानेकरा राखीन्छ ?

२३) ब्राहमण / क्षेत्री विवाह शैली र दलित विवाह शैलीमा अन्तर छ की छैन ?

२४) डोली लिएर जाने प्रचलन छ की छैन ?

२५) विवामह रात वा दिन कुन समयमा गरिन्छ ?

२६) विवाह घरमा, मन्दिरमा वा होटल पार्टीप्यालेस कहां गरिन्छ ?

**खण्ड ग अन्तरजातीय विवाह सम्वन्धमा**

१) अन्तरजातीय विवाहलाई अभिभावकले सहजै रुपमा लिन्छन् वा लिदैनन् ?

२) छोराले आफू भन्दा तल्लो जातकी श्रमिती ल्याएमा छोरा बुहारी र सन्तानको जातीय हैसियत कस्तो रहन्छ ?

३) छोरीको विवाह आफू भन्दा तल्लो जातको केटासंग भएमा छोरी, ज्वाई र सन्तानको जातीय हैसियत कस्तो हन्छ ?

४) मागेर अन्तरजातीय विवाह हन्छ की हदैन ?

५) हाल नेपाल सरकारले गैर दलितले दलितसंग अन्तरजातीय विवाह गरेमा प्रोत्साहन स्वरुप एक लाख रुपैया दिने निर्णय गरेको तपाइलाई थाहा छ की छैन ? यदि थाहा छ ने तपाइलाई यो निर्णय कस्तो लाग्यो ? क) ठीक ख) बेठीक , तपाइको परिवार नाता, कुटम्ब वा छरछिमेकमा यस्तो विवाह गरी प्रोत्साहन स्वरुपको रकम लिएको थाहा पाउन भएको छ ? यदि छ भने यस्तो विवाहलाई अन्य समुदायका व्यक्तिले कस्तो प्रतिक्रिया व्यक्त गरेका छन् बताउनहोस् ।

**(खण्ड घ) संवन्ध विच्छेद / परिवार र नाता संवन्ध / जातीय विकासकम संवन्धमा :**

१) तपाईहरुको समुदायमा संवन्ध विच्छेदका घटना कतिको भएका छन् ?

२) सम्वन्ध विच्छेदले परिवार, समाज र वालवच्चामा के प्रभाव पार्छ जस्तो लाग्छ ?

३) तपाईको परिवारमा घरायसी निर्णय कसले गर्दछ ?

४) परवारसंग छुट्टिएर बस्न चाहनु हुन्छ वा एकै ठाउंमा ?

५) नातेदारको महत्व पहिला र अहिले कस्तो छ ?

६) बहिष्कार/ ठटयौली  नाम काढेर बोलाउने नाता हन्छ की हदैन ?

७) तपाइको पर्खौली घर कहां हो ?

८) तपाईहरु यस ठाउंमा बसाई सरेको कति वर्ष भयो ?

९) तपाईहरु यस ठाउंमा बसाई सर्नका कारण के के हुन ?

क) पहिलेको ठाउंमा खान लाउन नपुगेर

ख) यस ठाउंमा रोजगारको अवसर हुन्छ ?

ग) यस ठाउंमा बच्चाबच्ची पढाउन सजिलो हुन्छ ?

**खण्ड ङ) शिक्षाको प्रभाव :**

१) तपाइलाई शिक्षाको चेतनाले समाजमा कस्तो प्रभाव पारे जस्तो लाग्छ ?

२) शैक्षिक स्तरले पेशामा कस्तो प्रभाव पारेको छ ?

३) शिक्षाको चेतनाले पारिवारीक संरचनामा परिवर्तन आएको छ की छैन ?

४) छोरा र छोरीमा कसलाई महत्व दिनु हन्छ वा वरावर ?

## खण्ड च : अन्य

१) दलितहरुलाई जातजातिको आधारमा कुनै काममा कसैवाट वाध्यता लगाइएको छ ? यदि छ भने कस्तो वाध्यता लगाइएको थियो ?


२) दलितहरुको शैक्षिक अवस्था उकास्न कस्ता प्रयास को वाट हुन पर्ने देखिन्छ ?

३) दलितहरुलाई नेपाल सरकारवाट विभेदीकरण गरेको जस्तो लाग्छ ? लाग्छ भने कस्तो कार्यमा विभेदीकरण भएको छ ?

४) स्थानीय तहमा स्थानीय निकायले विभेदीकरण गरेको जस्तो लाग्छ वा लाग्दैछ ?

५) दलित समुदायमा शैक्षिक रुपमा पछि पर्नको मुख्य कारण कुन पक्षलाई लिन हुन्छ ?

अनुसूची-२


MAP OF WARC NO: 12
Ward No: 12 Office
LEGEND:
Ward_bnd.
Roadedge.
Road_centerline.
Religious_cultural.
Place_name.
Parking_greenery.
Buildings.
N
W
E
S
Provided by: Pokhara Sub-Metropolitan City office.

# अनुसूची-३











